नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

पत्र संख्याः- सं.मा.शा. २०७४/०७५
चलानी संख्याः- ७१६

फोन नं. ४२११८९५
सिंहदरवार, काठमाण्डौ

मितिः- २०७४/१०/०७

श्री महाशाखा (सवै), संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
श्री स्थानीय निकाय वित्तिय आयोगको सचिवालय, ललितपुर ।
श्री स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, ललितपुर ।
श्री केन्द्रीय पञ्जिकरण विभाग, ववरमहल, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समिति (सवै) ।
श्री गाउँपालिका (सवै) ।
श्री नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका (सवै) ।

विषयः- स्थानीय शासन स्रोत पुस्तिका उलव्ध गराइएको बारे ।

प्रस्तुत विषय, यस महाशाखाबाट तयार गरिएको गाउँपालिका तथा नगरपालिकाको लागि उपयोगी हुने **स्थानीय शासन स्रोत पुस्तिका** यसै पत्रसाथ राखी पठाइएको छ । साथै सोको सफ्टकपी समेत मन्त्रालयको वेभ साईटमार्फत उपलव्ध गराइएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

**वोधार्थ:**

श्री सूचना तथा विद्युतीय शासन शाखा :- यसैसाथ संलग्न सफ्ट कपी वेभ साईटमा अपलोड गरिदिनु हुन ।

दाहाल

(दुर्गा दाहाल)
शाखा अधिकृत

# स्थानीय शासन स्रोत पुस्तिका

नेपाल सरकार

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

संघीय मामिला महाशाखा

सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| प्रकाशक | : | नेपाल सरकार<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>संघीय मामिला महाशाखा<br>सिंहदरबार, काठमाडौं<br>टेलिफोन नं : ०१-४२००२८९ |


| | | |
|---|---|---|
| © सर्वाधिकार | : | प्रकाशकमा |


| | | |
|---|---|---|
| प्रकाशन सहयोग | : | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एल.जी.सि.डि.पी) |
| प्रकाशन मिति | : | मंसिर, २०७४ |
| प्रकाशन प्रति | : | ३,००० प्रति |
| वेभसाइट | : | www.mofald.gov.np |

नेपाल सरकार
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं

kmfg ४२००३०९
४२००२८१

kq ;¥of M–

rnfgL g= M–

# शुभकामना

नेपालको संविधान जारी भएपछि मुलुकको सम्पूर्ण ध्यान संविधान तथा संघीय शासनप्रणाली कार्यान्वियनमा केन्द्रित भएको छ । छोटो अवधिमा नै संविधानको मर्म र भावना बमोजिम स्थानीय तहको शासन व्यवस्थाको सुदृढीकरणका लागि उल्लेखनीय कामहरू भएका छन् । स्थानीय तहको पुनर्संरचनाको कार्य पुरा भई निर्वाचन समेत सम्पन्न भएको छ र निर्वाचित करिव ३७ हजार जनप्रतिनिधिहरूले स्थानीय सरकारको नेतृत्व सम्हाली सकेका छन् । संविधान बमोजिम स्थानीय तह सञ्चालन र व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आइसकेको छ । त्यसैगरी कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम कर्मचारी समायोजन प्रक्रिया आरम्भ भैसकेको छ ।

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजश्वको अधिकार, राजश्व बाँडफाँड, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय सुशासनसम्बन्धी आवश्यक व्यवस्थापनका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ जारी भई कार्यान्वयनमा आइसकेको छ । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ढाँचामा राज्यको पुनर्संरचना गर्नुका साथै जनप्रतिनिधिमूलक स्थानीय तहलाई स्थानीय सरकारको मान्यता प्रदान गरेको छ । संविधानले स्थानीय स्वायत्त शासनका अन्तरवस्तुलाई आत्मसात गर्नुका साथै नेपालको राज्य शक्तिको प्रयोग संविधान तथा कानून बमोजिम स्थानीय तहले गर्ने व्यवस्था गरेको छ । आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा कानून निर्माण, योजना तथा बजेट तर्जुमा र कार्यान्वयन, वित्तीय व्यवस्थापन, न्यायिक अधिकार क्षेत्रको प्रयोग तथा आधारभूत भौतिक पूर्वाधारको निर्माणका क्षेत्रमा स्थानीय तहले जिम्मेवारी र कुशलतापुर्वक कार्यसम्पादन गर्न पाउने अवसरको निर्माण भएको छ ।

स्थानीय तहको कार्यसम्पादनमा प्रभावकारिता र सहजता आउन सकोस् भन्ने उद्देश्यले मन्त्रालयबाट यो स्थानीय शासन श्रोत पुस्तिका प्रकाशन गरिएको छ । यो प्रकाशन स्थानीय तहमा अभिमुखिकरण तथा तालिम सञ्चालन गर्दा सरोकारवालाहरूले प्रयोग गर्न र जनप्रतिनिधि एवं कर्मचारीहरूलाई स्थानीय शासनको कानुनी, व्यवस्थापकीय तथा व्यवहारिक पक्षको कुशलतापूर्वक अभ्यास गर्नमा सहयोगी हुने विश्वास लिइएको छ । श्रोत पुस्तिका एक गतिशील दस्तावेज भएको हुँदा समय सन्दर्भ तथा सरोकारवालाहरूबाट प्राप्त पृष्ठपोषणका आधारमा यसलाई थप परिमार्जन र प्रभावकारी बनाउँदै लगिनेछ । श्रोत पुस्तिका निर्माणको क्रममा परामर्श प्रदान गर्नुहुने नेपाल सरकारका पूर्व सचिव गंगादत्त अवस्थी तथा पूर्व सहसचिव वसन्तराज गौतमप्रति आभार व्यक्त गर्दछु । यस पुस्तिकाको सम्पादन तथा प्रकाशनको जिम्मेवारी निर्वाह गर्नुहुने मन्त्रालयका अधिकारी तथा कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मङ्सिर, २०७४

दिनेश कुमार थपलिया
सचिव

# बिषय सूची

प्राक्कथन

**परिच्छेद एक : प्रारम्भिक** १
१.१ पृष्ठभूमि १
१.२ स्रोत पुस्तिकाको उद्देश्य र उपयोगिता २

**परिच्छेद दुई : सङ्घीयता र स्थानीय शासनको अवधारणा** ३
२.१ नेपालमा स्थानीय शासन ३
२.२ सङ्घीयताको अवधारणा ४
२.३ सङ्घीयताका आधारभूत विशेषताहरू ४
२.४ नेपालमा सङ्घीयताको आवश्यकता ५
२.५ सङ्घीयतामा स्थानीय स्वायत्त शासन ५
२.६ नेपालको संविधानमा स्थानीय स्वायत्त शासन ६

**परिच्छेद तीन : नेपालमा स्थानीय सरकार** ९
३.१ स्थानीय स्वायत्त शासन ९
३.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी मुलभूत व्यवस्था १०
३.३ नेपालको संविधानमा स्थानीय तहको संरचना ११
३.३.१ स्थानीय तहको सङ्ख्या ११
३.३.२ स्थानीय तह गठन ११
३.४ स्थानीय तहमा जनप्रतिनिधित्व १४
३.५ गाउँपालिका र नगरपालिकाको सीमाना हेरफेरका आधार १६
३.६ गाउँपालिका तथा नगरपालिकाको नाम र केन्द्र १६
३.७ वडा सङ्ख्या, सीमाना र केन्द्र १७
३.८ गाउँपालिका वा नगरपालिका गाभ्ने व्यवस्था १७
३.९ नगरपालिकाको वर्गीकरण १९

**परिच्छेद चार: स्थानीय तहको काम, कर्तव्य र अधिकार** **१९**
४.१ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार १९
४.२ वडा समितिको काम, कर्तव्य र अधिकार २१
४.३ गाउँसभा र नगरसभाको काम, कर्तव्य र अधिकार २४
४.४ कार्यकारी अधिकारको प्रयोग २४
४.५ अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार २५
४.६ उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार २५
४.७ वडा अध्यक्षको काम, कर्तव्य र अधिकार २५
४.८ कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकार २६
४.९ प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार २६
४.१० अधिकार प्रत्यायोजन २६
४.११ जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार २७
४.१२ जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार २७
४.१३ न्यूनतम दररेट निर्धारण २८
४.१४ भवन नक्सा पास २८
४.१५ मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तको परिपालन २९

**परिच्छेद पाँच : कार्यपालिका र सभाको बैठक तथा व्यवस्थापन** **३०**
५.१ सभाको बैठक ३०
५.२ सभाको कानून बनाउने कार्यप्रणाली ३०
५.३ कार्यपालिकाको बैठक तथा निर्णय प्रक्रिया ३१
५.४ पद तथा गोपनीयताको सपथ ३२

**परिच्छेद छ : अन्तरसरकार सम्बन्ध र समन्वय** **३३**
६.१ सहकार्य, समन्वय र सहअस्तित्वमा आधारित सम्बन्ध ३३
६.२ सङ्घ र प्रदेशको निर्देशनको पालना ३३
६.३ सङ्घ र प्रदेश कानूनसँग बाझिने गरी स्थानीय कानून बनाउन नपाउने ३४
६.४ प्रदेश तहमा समन्वय ३४
६.५ जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्ध ३५
६.६ राजनीति र प्रशासनबीचको अन्तरसम्बन्ध र सीमा ३५

**परिच्छेद सात : स्थानीय तहमा कर्मचारी व्यवस्थापन** **३६**
७.१ कर्मचारी समायोजन ३६
७.२ स्थानीय सेवाको व्यवस्थापन ३८

**परिच्छेद आठ : स्थानीय तहको योजना प्रक्रिया** **४०**
८.१ पृष्ठभूमि ४०
८.२ सहभागितामूलक योजना तर्जुमा ४०
८.३ योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने ४०
८.४ प्राथमिकता दिनुपर्ने ४१
८.५ वार्षिक योजना तर्जुमा प्रक्रिया ४१
८.५.१ पार्श्वचित्र तथा श्रोत नक्सा तयारी ४१
८.५.२ आय व्ययको प्रक्षेपण ४३
८.५.३ स्रोतको अनुमान तथा बजेट सीमा निर्धारण ४३
८.५.४ योजना तर्जुमा पूर्व तयारी गोष्ठी ४४
८.५.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन ४५
८.५.६ वस्ती एवं टोलस्तरबाट आयोजना तथा कार्यक्रम छनौट ४५
८.५.७ वडास्तरमा आयोजना तथा कार्यक्रम प्राथमिकीकरण ४६
८.५.८ विषय क्षेत्रगत योजना निर्माण तथा एकीकरण ४६
८.५.९ कार्यपालिकामा छलफल तथा स्वीकृती ४७
८.५.१० सभाबाट पारित ४८
८.५.११ योजना तथा कार्यक्रमको सार्वजनिकीकरण ४८
८.५.१२ योजना कार्यान्वयन ४८
८.५.१३ अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन ५१

**परिच्छेद नौ : स्थानीय तहको वित्तीय अधिकार** **५५**
९.१ वित्तीय स्रोत ५५
९.२ कर, सेवा शुल्क तथा दस्तुरहरू ५५
९.३ राजस्व बाँडफाँड तथा दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण र सङ्कलन ५६
९.४ अनुदान ५८
९.५ ऋणसम्बन्धी व्यवस्था ५९
९.६ बाह्य सहयोग परिचालन ६०

**परिच्छेद दश : स्थानीय तहको आर्थिक कार्यप्रणाली** **६१**
१०.१ स्थानीय सञ्चित कोष व्यवस्थापन ६२
१०.२ स्थानीय सञ्चित कोषबाट व्यय ६२
१०.३ सङ्घीय विभाज्य कोष ६३
१०.४ बजेट कार्यान्वयन ६३
१०.५ आर्थिक वर्ष ६४

१०.६ रकमान्तर ६४
१०.७ वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण ६५
१०.८ खरिद व्यवस्थापन ६६
१०.९ लेखापालन र आर्थिक प्रतिवेदन ६६
१०.१० सम्पत्ति व्यवस्थापन ६७
१०.११ लेखापरीक्षण तथा बेरुजु फछर्यौट ६९
१०.१२ वित्तीय जोखिम न्यूनीकरण ७०

**परिच्छेद एघार : स्थानीय तहको न्यायिक अधिकार तथा न्याय सम्पादन प्रक्रिया ७३**
११.१ पृष्ठभूमि ७३
११.२ स्थानीय तहमा न्यायिक अधिकारको औचित्य ७५
११.३ न्यायिक समितिको व्यवस्था र विवाद निरुपण गर्ने प्रक्रिया ७५
११.४ न्यायिक समितिले हेर्न मिल्ने विवादका विषयहरू ७६
    ११.४.१ न्यायिक समितिले विवादको निरूपण गर्न सक्ने विषयहरू ७६
    ११.४.२ मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने विषय ७७
११.५ न्याय निरुपण गर्ने प्रकिया ७८
११.६ न्याय निरूपणसम्बन्धी अन्य विषय ८०

**परिच्छेद बाह्र : स्थानीय शासनका मूल्य र मान्यता ८१**
१२.१ नैतिक मूल्य मान्यतामा आधारित स्थानीय सरकार ८२
१२.२ भ्रष्टाचारमा शून्य सहनशीलताको अवलम्बन ८२
    १२.२.१ भ्रष्टाचारका मुलभूत प्रकारहरू ८२
    १२.२.२ भ्रष्टाचार न्यूनीकरणका उपाय ८३
१२.३ अधिकारमा आधारित शासन पद्धतिको अवलम्बन ८७
१२.४ राजनीति र प्रशासनको अन्तरसम्बन्ध, प्रशासनिक प्रतिबद्धता र तटस्थता ८७
१२.५ आत्मपरीक्षण, नागरिक सम्बन्ध र पृष्ठपोषण ८९
१२.६ सार्वजनिक निगरानीका लागि संस्थागत व्यवस्था ९०

**परिच्छेद तेह्र : दिगो तथा समावेशी स्थानीय विकास ९१**
१३.१ दिगो स्थानीय विकास ९१
१३.२ समावेशी स्थानीय शासन ९२
    १३.२.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण ९२
    १३.२.२ बालमैत्री स्थानीय शासन ९३
१३.३ समावेशीकरणसम्बन्धी व्यवस्था ९४

१३.४ अल्पसंख्यकको विविधता सम्बोधन ९४
१३.५ वातावरण मैत्री विकास व्यवस्थापन ९५
१३.६ विपद व्यवस्थापन ९६

**परिच्छेद-चौध : जनप्रतिनिधिले निर्वाह गर्नुपर्ने भुमिका ९७**
१४.१ असल शासन प्रक्रियाको थालनी ९७
१४.२ कार्यालय व्यवस्थापन ९७
१४.३ चालू आयोजनाको विवरण अध्यावधिक ९८
१४.४ महत्वपूर्ण अभिलेखको सुरक्षा ९८
१४.५ सूचना तथा तथ्याङ्क अध्यावधिक ९९
१४.६ समय व्यवस्थापन ९९
१४.७ स्वार्थको टकराव र द्वन्द्व व्यवस्थापन १००
१४.८ उत्प्रेरणा र सकारात्मक कार्य वातावरण १००
१४.९ समूह कार्य १०१
१४.१० सञ्चार तथा सूचना प्रवाह १०१
१४.११ स्थानीय तहमा विद्युतीय शासन स्थापनाका आधारभूत उपायहरू १०२

**सन्दर्भ सामग्री १०५**

परिच्छेद-एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

संविधान सभाबाट संविधान जारी गर्ने नेपाली जनताको करिब साढे छ दशक लामो चाहना २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएसँगै पुरा भएको छ । संविधानले नेपाललाई एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, समावेशी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ । स्वायत्तता र स्वशासनको अधिकारलाई संविधानले प्रस्तावनाबाटै आत्मसात गरेको छ । नेपालको संविधानले सङ्घीय शासन व्यवस्था अन्तरगत राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीन वटै तहको एकल तथा साझा अधिकार किटान गरेको छ । तीन वटै तहका सरकारले संविधान र कानूनको सीमाभित्र रही स्वतन्त्र रूपमा अधिकारको प्रयोग गर्ने अवसर पाएका छन् ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था रहेको छ । यी तीन वटै तहबीचको सम्बन्ध सहकारिता (सबैले मिलेर तहगत अधिकार प्रयोग र जिम्मेवारी वहन गर्ने), सहअस्तित्व (व्यक्ति, संस्थाले एक अर्काको स्वायत्ततालाई सम्मान गर्ने र एक अर्काको परिपूरकको रूपमा रहने) र समन्वय (सूचनाको आदान प्रदान र संयुक्त कार्य सम्पादन)को सिद्धान्तमा आधारित रहेको छ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ ।

स्थानीय तहमा जनप्रतिनिधिको बहालीसँगै संविधानमा व्यवस्था भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र र सङ्घीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार सञ्चालन गर्नुपर्ने अभिभारा जनप्रतिनिधि उपर आएको छ । साथै लोकतान्त्रिक, समावेशी, जवाफदेही, पारदर्शी र प्रभावकारी स्थानीय शासनको अनुभूति जनतालाई गराउने दायित्व पनि निर्वाचित जनप्रतिनिधिमा रहेको छ । उल्लिखित पृष्ठभूमिमा स्थानीय सरकार सञ्चालनका सम्वाहक जनप्रतिनिधिहरू, स्थानीय

तहमा कार्यरत कर्मचारी तथा सरोकारवालालाई स्थानीय सरकारसम्बन्धी विषयमा ज्ञान र सीप हुनु आवश्यक महशुस गरी तथा स्थानीय तहको प्रभावकारी कार्य सञ्चालनमा सहयोग पुगोस् भन्ने अभिप्रायले यो स्रोत पुस्तिका तयार गरिएको छ ।

## १.२ स्रोत पुस्तिकाको उद्देश्य र उपयोगिता

सङ्घीय संरचना अन्तरगत गठन भएका निर्वाचित स्थानीय सरकारबाट जनतालाई सहज रूपमा सेवा, सुविधा उपलब्ध गराउन भएको संवैधानिक, कानूनी र संस्थागत संयन्त्रबारे स्थानीय तहका निर्वाचित जनप्रतिनिधिको ज्ञान, सीप र क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउनु यस पुस्तकको मुख्य उद्देश्य हो । साथै यसबाट निम्न उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ,

- स्थानीयस्तरमा नागरिक केन्द्रित असल शासनको स्थापना र संस्थागत विकास हुने,
- नागरिकहरूको सेवा प्रवाहमा पहुँच अभिवृद्धि हुने,
- स्थानीय सरकारमार्फत जवाफदेही, उत्तरदायी र सम्वेदनशील रूपमा प्रभावकारी तथा गुणस्तरीय सेवा प्रवाह हुने,

निर्वाचित जनप्रतिनिधिहरूलाई उल्लिखित विषयको जानकारीका साथै दैनिक कार्य सम्पादनमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यो स्रोत पुस्तिका तयार गरिएको हो । यो स्रोत पुस्तिका मुख्यतः गाउँपालिका तथा नगरपालिकामा निर्वाचित भएर आउने सबै तहका जनप्रतिनिधिका साथै ती निकायमा कार्यरत कर्मचारीहरूको लागि उपयोगीसिद्ध हुने विश्वास लिइएको छ । यसको प्रयोगबाट निम्न अनुसारको उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ ।

- गाउँपालिका तथा नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू आफ्नो काम, कर्तव्य र अधिकारप्रति आधारभूत रूपमा जानकार हुने ।
- जनप्रतिनिधिहरू, स्थानीय तहमा कार्यरत कर्मचारी तथा सरोकारवालाहरू संवैधानिक, कानूनी र संस्थागत संयन्त्रका साथै विभिन्न तहका सरकारहरूको आपसी सम्बन्धबारे सुसूचित हुने ।

यो श्रोत पुस्तिका तयार गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य प्रचलित नीति तथा कानूनलाई मुलभूत आधार लिईएको छ । स्थानीय शासनसम्बन्धी कतिपय कानूनहरू बन्ने क्रममा रहेकाले सोबारेमा यस स्रोत पुस्तिकमा सिद्धान्तको मात्र उल्लेख गरिएको छ । यस सम्बन्धमा विस्तृत जानकारी लिनु पर्ने भएमा नेपालको संविधान, सम्बन्धित ऐन, कानून र अन्य सन्दर्भ पाठच सामाग्रीको प्रयोग गर्न र सोलाई आधार लिन सुझाव गरिएको छ ।

परिच्छेद-दुई

# सङ्घीयता र स्थानीय शासनको अवधारणा

## २.१ नेपालमा स्थानीय शासन

नेपालमा किराँतकालदेखि नै स्थानीय एकाइहरूलाई कुनै न कुनै रूपमा प्रशासनिक, न्यायिक तथा राजस्व अधिकार प्रयोग गर्ने स्वायत्तता रहेको पाइन्छ । यस्तो अभ्यासले मल्लकालमा पनि निरन्तरता पाएको देखिन्छ । बाइसे चौविसे राज्यमा विभक्त नेपाललाई पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा एकीकरण गरी आधुनिक नेपालको निर्माण भएपश्चात् वि.सं. २०७२ मा नेपालको संविधान जारी नहुँदासम्म नेपाल एकात्मक प्रकृतिको राज्य रही आएको थियो । केन्द्रीकृत राज्य प्रणालीबाट जनताले अपेक्षा गरेको विकास तथा लोकतन्त्रको अभ्यासमा अपेक्षित सहभागिता जुट्न नसक्दा आमनागरिकको सामाजिक र आर्थिक स्तरमा वाञ्छित प्रगति र समृद्धि हासिल हुन सकेन । परिणामस्वरूप २०४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र सहितको व्यवस्था अंगीकार गरी २०४७ सालमा नयाँ संविधान जारी भयो । यसबाट राजनीतिक उपलब्धी र खुलापन सहितको नागरिकको अधिकारको बहाली भए तापनि जनताको जीवनस्तरमा अपेक्षित उपलब्धी भने हासिल हुन सकेन ।

वि.सं. २०५९ साउनदेखि स्थानीय निकायहरूको निर्वाचन हुन नसक्दा जनतामा थप नैराश्यता उत्पन्न हुन गयो । वि.सं. २०६२/६३ को जनआन्दोलनको परिणामस्वरूप नेपाल अधिराज्यको संविधान २०४७ खारेज भै नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । अन्तरिम संविधानले वर्गीय, जातीय, भाषिक, लैंगीक, सांस्कृतिक, धार्मिक एवम् क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी सङ्घीय ढाँचा सहितको अग्रगामी पुनर्संरचना गरिने व्यवस्था गऱ्यो । वि.सं.२०६४ मा सम्पन्न निर्वाचनबाट गठित पहिलो संविधान सभाबाट संविधान जारी हुन नसकी २०७० सालमा पुनः दोश्रो पटक संविधान सभाको निर्वाचन सम्पन्न भई एकात्मक र केन्द्रिकृत राज्य प्रणालीको अन्त्य गर्दै वि.सं. २०७२ असोज ३ गते संविधान सभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भयो ।

## २.२ सङ्घीयताको अवधारणा

सङ्घीयता राज्य तथा शासन प्रणालीको एक स्वरूप हो । यसमा बहु तहका सरकारहरू संविधानबाटै स्थापना हुन्छन र तहगत रूपमा अधिकारक्षेत्रको व्यवस्था गरिन्छ । सङ्घीय प्रणाली बिभिन्न तहका सरकारहरूको परस्पर सहकार्य, समन्वय र सहअस्तित्व कायम हुने प्रणाली हो । सङ्घीय व्यवस्थामा सङ्घीय सरकारका अतिरिक्त अन्य तहका सरकारहरूद्वारा समेत राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरिन्छ । सङ्घीयतामा जनतालाई सार्वभौमसत्ताको प्रयोगमा अधिकाधिक सहभागी गराउन पर्याप्त अवसर मिल्दछ । अतः उपराष्ट्रिय तहमा अधिकारको बाँडफाँडलाई उच्चतम रूपमा सुरक्षित गर्ने राज्य प्रणालीका रूपमा सङ्घीयतालाई लिइन्छ र कम्तिमा पनि एक तहको विकेन्द्रीकरण सुनिश्चित गरिएको हुन्छ । संविधान र कानुनको अधिनमा रही आफ्ना मामिलामा स्वायत्त रूपमा निर्णय तथा व्यवस्थापन गर्ने अधिकार उपक्षेत्रीय सरकारमा समेत रहेको हुन्छ । सङ्घीयतामा सङ्घीय एकाइहरूलाई आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्वतन्त्र रूपमा काम गर्ने वातावरण हुने हुँदा स्वायत्त शासनको अनुभूति बढी हुने गर्दछ । सङ्घीयता एक बहुल शासकीय प्रणाली भएको हुँदा यस्तो प्रणालीमा केन्द्रमा साझा शासन र उपराष्ट्रिय तहका एकाइहरूमा स्वायत्त शासन सँगसँगै अभ्यास भइरहेको हुन्छ ।

संवैधानिक रूपमा स्थापित विभिन्न तहका सरकारका स्वायत्तता र प्रत्येक तहका सरकारहरू आफ्ना मतदाताप्रति मुख्य रूपमा उत्तरदायी हुनु नै सङ्घीयताको सारभूत तत्व हो। लोकतन्त्रबाट सृजित अवसरहरूलाई तृणमूल (Grass roots) तहका जनतासम्म विस्तार गर्ने औजारको रूपमा सङ्घीय शासन प्रणालीलाई लिइन्छ । यसको मुलभूत उद्देश्य भनेको जनआकांक्षाको चित्तबुझ्दो सम्वोधन गरी भावनात्मक रूपमा शासन प्रणालीमा उनीहरूको स्वामित्व स्थापित गर्दै आफ्नो लागि आफैंले विकास गर्ने स्वचालित पद्दति हो ।

## २.३ सङ्घीयताका आधारभूत विशेषताहरू

सङ्घीयतालाई अभ्यासका आधारमा विश्लेषण गर्ने गरिएको पाइन्छ । सामान्यतः सङ्घीय प्रणालीका साझा चरित्र देखाउने आधारभूत विशेषताहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

- कम्तीमा पनि दुई तहका सरकारको व्यवस्था भएको र आवधिक निर्वाचनमार्फत तहगत सरकारहरू गठनको प्रत्याभूति गरिएको हुन्छ ।
- तहगत सरकारबाट सार्वभौमसत्ता तथा राज्यशक्तिको प्रयोगको आधार तयार भएको हुन्छ ।
- संविधान एवं कानूनबाट तहगत सरकारका अधिकारक्षेत्रको व्यवस्था भएको हुन्छ ।
- तहगत सरकारको सहभागिताविना वा सङ्घ एक्लैले संविधानको संशोधन वा तहगत सरकारका अधिकारक्षेत्रको बाँडफाँडमा हेरफेर गर्न सक्दैन ।
- तहगत सरकारहरू आफ्ना अधिकारक्षेत्रका विषयमा कानून बनाउन र योजना तथा बजेट तर्जुमा गर्न स्वायत्त हुने व्यवस्था हुन्छ ।

- तहगत सरकारबीचका राजनीतिक विवादहरू निरूपण गर्नका लागि निर्णायक निकाय वा प्रक्रियाहरू निर्धारण गरिएका हुन्छन् ।
- विभिन्न तहका सरकारहरूबीचको सम्बन्धको सहजीकरणका लागि प्रक्रिया तथा संस्थागत संरचनाहरूको व्यवस्था गरिएको हुन्छ ।

## २.४ नेपालमा सङ्घीयताको आवश्यकता

कुनै पनि देशले कस्तो राज्य प्रणाली अपनाउने भन्ने विषय त्यस देशको विशिष्ठ भौगोलिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक बनौटको सापेक्षतामा हुन्छ । यसको छनौट सम्बन्धित देशको राजनीतिक शक्ति सन्तुलनको आधारमा हुने गर्दछ । नेपालको सन्दर्भमा देहायमा उल्लिखित उद्देश्य हासिल गर्न सङ्घीय प्रणाली अपनाइएको छ;

- नेपालको विविधता (भाषिक, जातीय, सामुदायिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, क्षेत्रीय) को सम्बोधन र लैंगिक उत्पीडनको अन्त्य गर्न,
- एकात्मक राज्यले सम्बोधन गर्न नसकेका विषयलाई सम्बोधन गर्ने चाहना,
- सही अर्थमा शक्ति विकेन्द्रीकरण गर्न नचाहने विगतको शासकीय मानसिकता अन्त्य गर्न,
- राज्यसँग सबै क्षेत्रका जनताको अपनत्व र स्वामित्व तथा सामिप्य स्थापित गर्न,
- समान अधिकारको माग र आर्थिक अवसरमा समान पहूँचको माग सम्बोधन गर्न,
- प्रतिनिधित्व र सहभागिताको वृद्धिका निम्ति,
- समानताका पक्षमा एवं केन्द्रीकृत राज्यसत्ताबाट भएका सामाजिक, आर्थिक, राजनीतिक, भाषिक, सांस्कृतिक विभेद, अन्याय र शोषणका विरुद्ध उठेको मधेश आन्दोलन लगायत अन्य आन्दोलनको मूल एजेन्डा सम्बोधन गर्न,
- समाजको लोकतान्त्रिकरण गर्दै समतामूलक तथा समावेशी लोकतन्त्रको संस्थागत विकास गर्न,
- राज्यबाट प्रदान गरिने सेवा सुविधामा समान वितरण र विकास निर्माणको प्रतिफलमा समान हिस्सेदारी स्थापित गर्न ।

## २.५ सङ्घीयतामा स्थानीय स्वायत्त शासन

स्थानीय स्वायत्त शासन एउटा व्यापक अवधारणा हो । यो अवधारणा एकात्मक या सङ्घीय दुवै राज्य व्यवस्थामा उत्तिकै आवश्यक हुन्छ । सङ्घीयताको सन्दर्भमा भन्ने हो भने केन्द्र, प्रदेश तथा स्थानीयस्तरको आपसी सम्बन्ध र भूमिकाका साथै जिम्मेवारीको पनि स्पष्ट बाँडफाँड गरिएको हुन्छ । राज्यको संविधान तथा कानूनको परिधीभित्र रही आफ्नो अधिकार क्षेत्रभित्रको नीति, कानून, मापदण्ड, कार्यक्रम र बजेट, श्रोत साधनको परिचालन र कर्मचारीको व्यवस्थापनको स्वायत्तता तहगत सरकारमा रहेको हुन्छ । स्वायत्त शासनले जनतालाई सशक्तीकरण हुने अवसर उपलब्ध गराउनुका साथै नागरिक सहभागिता जुटाउन र राज्यमाथि नागरिकको स्वामित्व श्रृजना गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

स्थानीय स्वायत्त शासनमा स्थानीय तहका सरकारबाट राज्यद्वारा सम्पादन गरिने राजनीतिक, आर्थिक, प्रशासनिक एवं न्यायिक अधिकारको सञ्चालन, व्यवस्थापन र प्रयोग गर्ने स्वायत्तता रहन्छ । यस्तो शासन पद्धति अन्तर्गत स्थानीयस्तरमा गर्न सकिने मुलभूत कार्यहरू कानूनद्वारानै व्यवस्थापन गर्ने जिम्मेवारी सोही तहमा कायम गरिएको हुन्छ । ती कार्य सम्पादन गर्न उपयुक्त श्रोत साधन, प्रशासनिक प्रणाली तथा स्पष्ट कार्य जिम्मेवारी पनि संविधान एवं कानूनद्वारा नै स्थानीय तहमा सुम्पिएको हुन्छ । साथै राज्यका तहगत सरकारबीच सुसम्बन्ध कायम राख्ने संस्थागत एवं कानूनी व्यवस्था समेत गरिएको हुन्छ । सामान्यतः सङ्घीय प्रणालीमा स्थानीय स्वायत्त शासनलाई तल उल्लिखित आधारमा व्यवस्थापन गर्ने गरिन्छ;

- केन्द्र, प्रदेश तथा स्थानीयस्तरको आपसी सम्बन्ध र भूमिकाका साथै जिम्मेवारीको पनि स्पष्ट बाँडफाँड गरिएको हुन्छ ।
- संविधान तथा कानूनको परिधीभित्र रही आफ्नो अधिकारक्षेत्रभित्रको नीति, कानून, मापदण्ड, र बजेट निर्माण, श्रोत साधनको परिचालन र कर्मचारीको व्यवस्थापनको स्वायत्तता तहगत सरकारहरूमा रहेको हुन्छ ।
- स्थानीय स्वायत्त शासनले जनतालाई सशक्तीकरणको अवसर उपलब्ध गराउनुका साथै नागरिक सहभागिता जुटाउन र नागरिक शासन स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।
- स्थानीय स्वायत्त शासनमा राज्यद्वारा सम्पादन गरिने राजनीतिक, आर्थिक, प्रशासनिक एवम् न्यायिक अधिकारको सञ्चालन, व्यवस्थापन र प्रयोग गर्ने स्वायत्तता स्थानीय तहका सरकारहरूमा रहन्छ ।
- यस्तो शासन पद्धति अन्तर्गत स्थानीयस्तरमा गर्न सकिने मुलभूत कार्यहरू कानूनद्वारा नै व्यवस्थापन गर्ने जिम्मेवारी पनि सोही तहका सरकारहरूमा कायम गरिएको हुन्छ ।
- ती कार्य सम्पादन गर्न उपयुक्त श्रोत साधन, प्रशासनिक प्रणाली तथा स्पष्ट कार्य जिम्मेवारी पनि संविधान एवम् कानूनद्वारा नै स्थानीय तहमा सुम्पिएको हुन्छ ।
- राज्यका तहगत सरकारहरूबीच सुसम्बन्ध कायम राख्ने संस्थागत एवम् कानूनी व्यवस्था गरिएको हुन्छ ।

## २.६ नेपालको संविधानमा स्थानीय स्वायत्त शासन

नेपालको संविधानमा स्थानीय सरकारसम्बन्धी भएका मुलभूत प्रावधानहरू देहाय बमोजिम रहेका छन,

- जनतालाई सार्वभौम सत्ता सम्पन्न र राज्यशक्तिको श्रोतको रूपमा स्पष्टसँग अंगीकार गरिएको छ ।
- सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरी स्थानीय सरकारलाई स्पष्ट मान्यता र स्वायत्तता प्रदान गरिएको छ ।

- सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहबाट राज्यशक्तिको प्रयोग हुने व्यवस्था गरिएको छ ।
- स्थानीय तहमा गाउँपालिका, नगरपालिका र जिल्लासभा रहने व्यवस्थाका साथै गाउँपालिका, नगरपालिकाका वडा समेतलाई जनप्रतिनिधिमूलक राजनीतिक एकाइका रूपमा व्यवस्था गरिएको छ ।
- जनताद्वारा प्रत्यक्ष र समावेशी माध्यमबाट निर्वाचित हुने सरकारका रूपमा स्थानीय तहको व्यवस्था भएको छ ।
- स्थानीय कार्यपालिकामा महिला र दलित वा अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित गरेको छ ।
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासको महत्वपूर्ण अवयवका रूपमा स्थानीय स्वायत्तता र विकेन्द्रीकरणलाई राज्यका निर्देशक सिद्धान्तको रूपमा स्वीकार गरिएको छ ।
- संविधानले नै सन्निकटताको सिद्धान्त बमोजिम स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्थाका साथै स्थानीय तहले आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा नीति, कानुन बनाइ लागू गर्न सक्ने व्यवस्था गरेको छ ।
- स्थानीय सरकारलाई पनि केन्द्रीय सरकारमा अभ्यास गरिएको जस्तै विधायकी तथा कार्यपालिकीय अधिकार र न्यायिक भूमिका प्रदान गरिएको छ ।
- स्थानीय कार्यपालिकाले आफ्नो कार्यविभाजन र कार्यसम्पादन नियमावली बनाइ जारी गर्ने व्यवस्था गरेको छ ।
- स्थानीय सेवा सञ्चालन र व्यवस्थापनका साथै सङ्गठन र व्यवस्थापन सर्वेक्षणका माध्यमद्वारा आफ्नो सङ्गठनको निर्माण र सञ्चालन गर्ने स्वायत्तता दिएको छ ।
- जनसहभागितामा आधारित विकास प्रक्रियाको अवलम्बनबाट आफ्नो आवश्यकता बमोजिम योजना, परियोजना, कार्यक्रम तथा बजेटको तर्जुमा, सञ्चालन, व्यवस्थापनमा स्वायत्तता सुनिश्चित गरेको छ ।
- वित्तीय सङ्घीयताको सिद्धान्त बमोजिम आन्तरिक एवम् वाह्य श्रोत (ऋणसमेत) परिचालन गर्न र विभिन्न प्रकारका कर, गैर कर, शुल्क, दस्तुर संकलन तथा अनुदान एवम् राजस्व बाँडफाँडको माध्यमबाट प्राप्त जिम्मेवारीलाई स्वायत्ततापूर्वक सञ्चालन गर्नसक्ने अधिकार प्रदान गरिएको छ ।
- सेवा प्रवाहमा निजी क्षेत्र र नागरिक समाजको सक्रिय योगदान र सहकार्य गर्न सकिने प्रावधान रहेका छन्।
- स्थानीय विविधता, आवश्यकता र विशिष्टताका आधारमा विकास कार्यको छनौट र प्रवर्द्धनको स्वायत्तता प्रत्याभूत गरिएकोछ ।
- सामाजिक, सांस्कृतिक तथाआर्थिकरूपमा पिछडिएका वर्ग, क्षेत्र, जातजाति, लिङ्ग र अल्पसंख्यक समुदायको स्थानीय सरकारमा समुचित प्रतिनिधित्व र मुलप्रवाहीकरणको उपयुक्त अवसर प्रदान गरेको छ ।

- स्थानीय तहका सरकारलाई भंग गर्न नसकिने र प्रत्येक ५ वर्षमा आवधिक निर्वाचन हुने व्यवस्थाले स्थानीय सरकारहरूको निरन्तरता सुनिश्चित गरिएको छ ।
- विकास निर्माण कार्य र सेवा प्रवाहमा सर्वसाधारणको सरल, सहज र समावेशी पहुँचका लागि वडास्तरबाट समेत सेवा प्रवाह गर्न सकिने व्यवस्था रहेको छ।

परिच्छेद-तीन

# नेपालमा स्थानीय सरकार

## ३.१ स्थानीय स्वायत्त शासन

विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायहरूलाई स्वायत्त एकाइको रूपमा विकास गर्ने नेपालको विगत लामो समयदेखिको प्रयास २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएपछि सार्थक भएको छ । विगतमा स्थानीय निकायहरूलाई अधिकार सम्पन्न बनाउने तथा श्रोत साधनको न्यायपूर्ण र समानुपातिक वितरण गर्ने प्रयासहरू नभएका होइनन्। स्थानीय सामाजिक, आर्थिक, पूर्वाधार निर्माण गर्न र विकास प्रक्रियालाई समावेशी, उत्तरदायी र पारदर्शी बनाउन विभिन्न निर्देशिका, कार्यविधि, दिग्दर्शनहरू जारी भई केही नवीन एवं मौलिक कार्यहरूको थालनी समेत भएको थियो । विगतमा भएका यी प्रयासहरूले स्थानीयस्तरमा सकारात्मक प्रभावहरू पारेको कुरालाई बिभिन्न समयमा गरिएका समीक्षा र मूल्याङ्कन प्रतिवेदनहरूले औंल्याएका केही मौलिक कार्यहरू देहाय बमोजिम उल्लेख गर्न सकिन्छ;

- न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा आधारित र मूल्याङ्कन प्रणाली,
- सूचक, सूत्र र मापदण्डमा आधारित प्रोत्साहन, सशर्त, निःशर्त तथा समानीकरण अनुदान प्रणाली,
- सहभागितामूलक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली,
- लैङ्गिक तथा सामाजिक समावेशीकरण र मूलप्रवाहीकरण प्रणाली,
- बालबालिका, वातावरण, अपाङ्गता र लोपोन्मुख मैत्री स्थानीय शासन प्रणाली,
- सार्वजनिक सामुदायिक योगदानमा आधारित जन सहभागितामूलक विकास प्रणाली,
- स्थानीय निकायमा पारदर्शिता एवं जवाफदेहिताका लागि नागरिक वडापत्र, सार्वजनिक एवं सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन, नागरिक पृष्ठपोषण प्रतिवेदन, कार्यक्रम र बजेटको आवधिक सार्वजनिकीकरण जस्ता सुशासनका औजारहरूको विकास र प्रयोग,
- नीतिगत र कार्यगत तहमा कार्य सम्पादनमा आधारित सेवा करार प्रणाली,
- विपन्न वर्ग लक्षित सामाजिक परिचालनका माध्यमबाट सामाजिक र आर्थिक सशक्तीकरण कार्य,
- वित्तीय जोखिम न्यूनीकरण प्रणाली,

- सफ्टवेयरमा आधारित राजस्व, लेखा, खरीद तथा प्रतिवेदन लगायतका प्रणालीको आरम्भ,
- नेपाल सरकार र स्थानीय शासन र विकेन्द्रीकरण सम्वद्ध सवै विकास साझेदारहरू बीच सहकार्यात्मक कार्य सम्वन्धको विकास ।

## ३.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी मुलभूत व्यवस्था

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय सरकार सञ्चालन सम्बन्धमा देहाय बमोजिम व्यवस्था रहेको छ ।

- गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, सञ्चालन तथा नियन्त्रण गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकामा रहेको छ । कार्यकारिणी अधिकारको प्रयोग गाउँ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत कार्यविभाजन र कार्यसम्पादन नियमावली बमोजिम हुने व्यवस्था रहेको छ ।
- गाउँ र नगर सभाको निर्णय तथा पारित विधेयक सम्बन्धित सभाका अध्यक्षले प्रमाणीकरण गर्ने,
- स्थानीय तहमा राजस्वसम्बन्धी अधिकारका साथै आर्थिक प्रणाली अन्तर्गत आफ्नो अधिकार क्षेत्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाइ कर लगाउन सक्ने अधिकार रहेको छ ।
- गाउँपालिका तथा नगरपालिकामा स्थानीय सञ्चित कोषको व्यवस्था गरिएको छ। उक्त कोषबाट गर्न सकिने खर्च सम्बन्धित सभाबाट पारित गराई गर्नुपर्ने र अन्य व्यवस्था स्थानीय कानूनद्वारा सञ्चालन गर्नु पर्ने व्यवस्था छ ।
- स्थानीय तहको अधिकार क्षेत्रका विषयमा स्थानीय तहबाटै जबाफदेहिता वहन गर्ने गरी कानून बनाउन सक्ने व्यवस्था छ ।
- स्थानीय तहको सङ्गठन संरचना स्थानीय आवश्यकता र विशिष्टताका आधारमा सङ्गठन र व्यवस्थापन सर्वेक्षण गरी सोही तहबाट आवश्यक विषयगत विभाग, महाशाखा, शाखा वा कार्यालय स्थापना गर्न दरवन्दीको स्वीकृति समेत गर्नसक्ने प्रावधान रहेका छन् । उक्त दरवन्दीमा प्रादेशिक लोकसेवा आयोगबाट छनौट भई सिफारिश गरिएका कर्मचारी स्थानीय तहप्रति पूर्ण उत्तरदायी भई कार्य गर्न कार्य विभाजन नियमावली बनाइ कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ ।
- सङ्घ र प्रदेशले पनि आफ्नो कार्य अधिकार क्षेत्रभित्रका कार्य र जिम्मेवारी सम्पादन गर्नका लागि स्थानीय तहमा आवश्यकता अनुसार विषयगत कार्यालय र परियोजना कार्यालय स्थापना गर्न सक्ने व्यवस्था रहेको छ । तर यस्तो कार्यालयले स्थानीयस्तरमा सुम्पिएका जिम्मेवारीमा दोहोरो नपर्ने गरी स्थानीय तहका सरकारसँग समन्वयको व्यवस्था मिलाउनु पर्दछ ।

- स्थानीय तहमा स्थापना भएका विषयगत विभाग, महाशाखा, शाखा वा कार्यालयहरूबाट सबै निकायले एकीकृत सेवा प्रवाहको प्रबन्ध मिलाउने व्यवस्था गर्नु गराउनुपर्छ ।
- सङ्घीय तथा प्रादेशिक सरकारहरूले पनि स्थानीय तहका काममा सहयोग पुऱ्याउन र आवश्यकता अनुसार मापदण्ड निर्धारण, क्षमता विकास, प्रविधि हस्तान्तरण, अनुगमन सम्बन्धमा कानूनको परिधिभित्र रही निर्देशन दिने प्रावधानहरू रहेका छन् ।
- नगरपालिकालाई महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा वर्गीकरण गरिएको छ ।



## ३.३ नेपालको संविधानमा स्थानीय तहको संरचना

नेपालको संविधानले स्थानीय तहमा गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरेको छ । गाउँपालिका, नगरपालिकामा रहने वडाको सङ्ख्या सङ्घीय कानून बमोजिम हुने व्यवस्था अनुरूप स्थानीय तह पुन संरचना आयोगको सिफारिशमा गाउँपालिका र नगरपालिकाको वडाको सङ्ख्या र केन्द्र नेपाल सरकारले तय गरी सकेको छ । स्थानीय सरकार सञ्चालन ऐनले हिमाली, पहाडी तथा भित्री मधेश, तराई र काठमाडौं उपत्यकाका जिल्लामा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका गठन गर्ने अलग अलग मापदण्ड तोकेको छ । नेपाल सरकारले उक्त मापदण्ड र प्रक्रिया पुऱ्याई नगरपालिकाहरूको वर्गीकरण गर्नसक्ने व्यवस्था रहेको छ ।

### ३.३.१ स्थानीय तहको सङ्ख्या

हाल नेपालमा देहाय बमोजिमका गाउँपालिका र नगरपालिका तथा तिनका वडाहरू कायम भएका छन्:

| स्थानीय तह तथा तिनका वडाको सङ्ख्यात्मक विवरण | | |
|---|---|---|
| स्थानीय तह | सङ्ख्या | वडा सङ्ख्या |
| महानगरपालिका | ६ | १७४ |
| उपमहानगरपालिका | ११ | २३४ |
| नगरपालिका | २७६ | ३११९ |
| गाउँपालिका | ४६० | ३२१६ |
| कुल | ७५३ | ६७४३ |

### ३.३.२ स्थानीय तह गठन

संविधानले प्रत्येक गाउँपालिका र नगरपालिकाको विधायिकी अंगको रूपमा क्रमशः गाउँसभा र नगरसभा तथा कार्यकारी अंगको रूपमा गाउँ कार्यपालिका र नगर कार्यपालिका रहने व्यवस्था गरेको छ । त्यस्तै जिल्लामा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरूबीच तथा जिल्ला

तथा प्रदेश सरकारका कार्यालयहरूको समन्वय र अनुगमन गर्न एक जिल्लासभा रहने र जिल्ला समन्वय समिति कार्यपालिकाको रूपमा रहने व्यवस्था गरेको छ ।

गाउँपालिकामा **५** देखि **२१** वडा र नगरपालिकामा ९ देखि **३५** वडा रहने व्यवस्थाका साथै प्रत्येक वडामा एउटा वडा समिति रहने व्यवस्था छ । प्रत्येक गाउँपालिका र नगरपालिकामा एउटा न्यायिक समिति रहने व्यवस्था रहेको छ । स्थानीय तहमा देहाय बमोजिमको विधि अवलम्बन गरी निर्वाचित प्रतिनिधिको चयन हुने व्यवस्था रहेको छ ।

## क. सभाको गठन

| क्र सं | गाउँ तथा नगर सभाको गठन | निर्वाचित हुने विधि |
|---|---|---|
| १ | गाउँ वा नगरसभाको अध्यक्ष वा प्रमुख र उपाध्यक्ष वा उपप्रमुख | गाउँपालिका वा नगरपालिकाका सम्पूर्ण वालिग मतदाताहरूले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित गरी पठाएको गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख सभाको पदेन अध्यक्ष हुने राजनीतिक दलले अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुख मध्ये एकजना अनिवार्य रूपमा महिला उम्मेदवारलाई मनोनयन गर्नु पर्ने व्यवस्था ऐनद्वारा गरिएको |
| २ | प्रत्येक वडाबाट एक जना वडा अध्यक्ष | वडाका मतदाताबाट प्रत्यक्ष पहिलो हुने निर्वाचित हुने |
| ३ | प्रत्येक वडाबाट एकजना दलित महिला सहित दुई जना महिला सदस्य र दुई वडा सदस्यसहित चार जना वडा सदस्य | वडाका मतदाताबाट प्रत्यक्ष पहिलो हुने निर्वाचित हुने |
| ४ | सभाले सम्बन्धित कार्यपालिकामा निर्वाचित गरेका गाउँपालिकामा दुई जना र नगरपालिकामा तीनजना दलित वा अल्पसंख्यकबाट सदस्य | गाउँपालिका क्षेत्रभित्रका उम्मेदवार हुन योग्य व्यक्तिहरूमध्येबाट सभाले निर्वाचित गरेका व्यक्ति |
| जिल्ला सभाको गठन | | |
| १ | जिल्लाभित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष | पदेन सदस्य |
| २ | जिल्लाभित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख | पदेन सदस्य |

| ख. कार्यपालिकाको गठन | | |
|---|---|---|
| क्र सं | गाउँ तथा नगर कार्यपालिकाको गठन | निर्वाचित हुने विधि |
| क | गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको अध्यक्ष वा प्रमुख र उपाध्यक्ष वा उपप्रमुख | गाउँपालिका वा नगरपालिका भित्रका वालिग मतदाताहरूले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख सम्बन्धित कार्यपालिकाको पदेन अध्यक्ष हुने राजनीतिक दलले अध्यक्ष वा प्रमुख र उपाध्यक्ष वा उपप्रमुख मध्ये एकजना अनिवार्य रूपमा महिला उम्मेदवारलाई मनोनयन गर्नु पर्ने व्यवस्था ऐनले गरेको |
| ख | प्रत्येक वडाबाट एक जना वडा अध्यक्ष, पदेन सदस्य | वडाका मतदाताबाट पहिलो हुने निर्वाचित हुने प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित |
| ग | गाउँपालिकामा चार जना र नगरपालिकामा पाँच जना महिला सदस्य | गाउँ वा नगरसभाका महिला सदस्यमध्येबाट सभाले निर्वाचित गरेका सदस्य |
| घ | गाउँपालिकामा दुई जना र नगरपालिकामा तीन जना दलित वा अल्पसंख्यकबाट सदस्य | गाउँपालिका क्षेत्रभित्रका उम्मेदवार हुन योग्य व्यक्तिहरूमध्येबाट सभाले निर्वाचित गरेका व्यक्ति जिल्लासभाले गाउँसभा तथा नगरसभाका सदस्यहरू मध्येबाट निर्वाचित, प्रमुख र उपप्रमुख मध्ये एकजना अनिवार्य रूपमा महिला उम्मेदवार हुनु पर्ने |
| जिल्ला समन्वय समितिको गठन | | |
| क | प्रमुख र उपप्रमुख एक एक जना | जिल्लासभाले गाउँसभा तथा नगरसभाका सदस्यहरूमध्येबाट निर्वाचित, प्रमुख र उपप्रमुख मध्ये एकजना अनिवार्य रुपमा महिला उमेदवार हुनु पर्ने |
| ख | तीन जना महिला सदस्य | जिल्लासभाले गाउँसभा तथा नगरसभाका महिला सदस्यहरूमध्येबाट निर्वाचित |
| ग | एक जना दलित वा अल्पसंख्यक सदस्य | जिल्लासभाले गाउँसभा तथा नगरसभाका सदस्यहरूमध्येबाट निर्वाचित |
| घ | बढीमा तीन जना अन्य सदस्य | जिल्लासभाले गाउँसभा तथा नगरसभाका सदस्यहरूमध्येबाट निर्वाचित |

## ग. न्यायिक निकायको गठन

नेपालको संविधानले न्यायिक निकायका रूपमा प्रत्येक जिल्लामा जिल्ला अदालत, प्रदेश तहमा उच्च अदालत र सङ्घमा सर्वोच्च अदालत रहने व्यवस्था रहेको छ । सर्वोच्च अदालत अन्तर्गत देहायको अधिकार क्षेत्रभित्रका मुद्दाको सुरु कारवाही र किनारा गर्ने गरी एक संवैधानिक इजलास गठन हुने व्यवस्था रहेको छ ।

- सङ्घ र प्रदेश, प्रदेश र प्रदेश तथा प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रको बारेमा विवाद समाधान गर्ने,
- सङ्घीय संसद र प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद,
- सङ्घीय संसदका सदस्य र प्रदेश सभा सदस्यका सदस्यको अयोग्यतासम्बन्धी ।



प्रत्येक गाउँपालिका र नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा तीन सदस्य रहेको एक न्यायिक समिति रहनेछ । न्यायिक समितिका सदस्यहरू सम्बन्धित सभाका सदस्यहरूले आफूमध्येबाट छान्ने छन् । समितिको न्यायिक अधिकारक्षेत्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ३.४ स्थानीय तहमा जनप्रतिनिधित्व

स्थानीय तहमा निम्नानुसारका जनप्रतिनिधि निर्वाचित हुने व्यवस्था संविधानले गरेको छ ।

| स्थानीय तह | ईकाई सङ्ख्या | प्रति ईकाई जनप्रतिनिधि | गठन तथा निर्वाचन प्रणाली |
|---|---|---|---|
| गाउँपालिका | | | |
| गाउँसभा | ४६० | अध्यक्षः १<br>उपाध्यक्षः १<br>वडा अध्यक्षः ५-२१<br>वडा सदस्यः २०-८४<br>दलित र अल्पसंख्यकः २<br>जम्माः २९-१०९ | अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य प्रत्यक्ष निर्वाचित गाउँसभाले दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गरेका २ जना |
| गाउँ कार्यपालिका | ४६० | अध्यक्षः १<br>उपाध्यक्षः १<br>वडा अध्यक्षः ५-२१<br>महिला सदस्यः ४<br>दलित र अल्पसंख्यकः २<br>जम्माः १३-२९ | गाउँसभाका सदस्यहरूले आफू मध्येबाट निर्वाचित गरेका महिला सदस्य ४ जना र दलित वा अल्प संख्यक २ जना |
| गाउँवडा | ३२१६ | वडा अध्यक्षः १<br>वडा सदस्यः ४<br>जम्माः ५ | वडा भित्रका वालिग मतबाट प्रत्यक्ष निर्वाचित |
| | | कुल जम्माः १७,९२० | |

| स्थानीय तह | ईकाई सङ्ख्या | प्रति ईकाई जनप्रतिनिधि | गठन तथा निर्वाचन प्रणाली |
|---|---|---|---|
| नगरपालिका | | | |
| नगर सभा | २९३ | प्रमुखः १<br>उपप्रमुखः १<br>वडा अध्यक्षः ९-३५<br>वडा सदस्यः ३६-१४०<br>दलित र अल्पसंख्यकः ३<br>जम्माः ५०-१८० | प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्य प्रत्यक्ष निर्वाचित नगर सभाले दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गरेका ३ जना |
| नगर कार्यपालिका | २९३ | प्रमुखः १<br>उपप्रमुखः १<br>वडा अध्यक्षः ९-३५<br>महिला सदस्यः ५<br>दलित र अल्पसंख्यकः ३<br>जम्माः १९-४५ | नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका महिला सदस्य ५ जना र दलित वा अल्पसंख्यक ३ जना |
| नगर वडा | ३५२७ | वडा अध्यक्षः १<br>वडा सदस्यः ४<br>जम्माः ५ | वडाभित्रका बालिग मतबाट प्रत्यक्ष निर्वाचित |
| कुल जम्माः १९,१०० | | | |

| स्थानीय तह | ईकाई सङ्ख्या | जनप्रतिनिधि | गठन तथा निर्वाचन प्रणाली |
|---|---|---|---|
| जिल्लासभा | | | |
| जिल्ला सभा | ७७ | ६-४० | जिल्लाभित्रका गापा र नपाका प्रमुख तथा उपप्रमुखहरू |
| जिल्ला समन्वय समिति | ७७ | ९ (बढिमा) | प्रमुख -१, उपप्रमुख-१<br>महिला सदस्य-कम्तिमा ३<br>दलित वा अल्पसंख्यक-कम्तिमा१ |
| गाउँ सभा र कार्यपालिका | ४६० | १७,९२० | |
| नगर सभा र कार्यपालिका | २९३ | १९,१०० | |
| जिल्ला सभा र समन्वय समिति | ७७ | ६९३ (अधिकतम) | गा.पा.र न.पा सदस्यबाटै जि.स.स. मा पदाधिकारी निर्वाचित भए पश्चात् उनीहरूको साविकको पदरिक्त हुन जाने र सो पदको उपनिर्वाचन मार्फत पूर्ति हुने |
| कुल जम्मा | ८३० | ३७,७१३ | |

## ३.५ गाउँपालिका र नगरपालिकाको सीमाना हेरफेरका आधार

नेपाल सरकारले देहायका आधारमा गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या वा सीमाना हेरफेर गर्न सक्छ । स्थानीय सरकार सञ्चालन ऐनको दफा ३ बमोजिम सङ्ख्या र सीमानाको हेरफेर गर्दा एक जिल्लाको गाउँपालिका वा नगरपालिकालाई अर्को जिल्लामा पर्ने गरी हेरफेर गर्न भने सकिदैन ।

- जनसङ्ख्या,
- भूगोल,
- प्रशासनिक सुगमता,
- पूर्वाधार विकासको अवस्था,
- आर्थिक सक्षमता,
- प्राकृतिक स्रोत साधनको उपलब्धता,
- भाषिक, सांस्कृतिक तथा सामुदायिक बनौट ।

गाउँपालिका वा नगरपालिकाको सङ्ख्या वा सीमाना हेरफेर गर्नु परेमा त्यस्तो हेरफेरबाट प्रभावित हुने गाउँपालिका तथा नगरपालिका सभाको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनु पर्छ । प्रदेश सरकारले प्रस्ताव प्राप्त भएको पन्ध्र दिनभित्र नेपाल सरकारमा सिफारिस गर्नुपर्छ । यस्तो हेरफेर गाउँपालिका तथा नगरपालिकाको निर्वाचन हुने मितिभन्दा कम्तीमा एक वर्ष अगावै गरी सक्नुपर्छ ।

## ३.६ गाउँपालिका तथा नगरपालिकाको नाम र केन्द्र

गाउँपालिका तथा नगरपालिकाको नाम र केन्द्र प्रदेश सरकारको परामर्शमा नेपाल सरकारले तोक्ने प्रावधान रहेको छ । गाउँपालिका तथा नगरपालिकाका केन्द्रहरूको लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल, भौतिक पूर्वाधार र अन्य विषयको न्यूनतम मापदण्ड नेपाल सरकारले निर्धारण गर्दछ ।

गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्नु परेमा सम्बन्धित सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गर्नुपर्छ । यसरी पारित प्रस्ताव कार्यपालिकाले प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाए पश्चात नेपाल सरकारले उपयुक्त देखेमा त्यस्तो गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्न सक्छ । गाउँपालिका तथा नगरपालिकाको पहिलो निर्वाचन भएको मितिले छ महिनाभित्र सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमतबाट प्रस्ताव पारित गरी एक पटकको लागि गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा ४ बमोजिम नेपाल सरकारमा सिफारिस गरेमा नेपाल सरकारले सो सिफारिस बमोजिम नाम वा केन्द्र हेरफेर गर्नु पर्ने व्यवस्था रहेको छ ।

कुनै गाउँपालिका वा नगरपालिकाको नाम अर्को गाउँपालिका वा नगरपालिकाको नामसँग मिल्न गएमा नेपाल सरकारले प्रदेश सरकारमार्फत सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई त्यस्तो नाम परिवर्तन गर्न सुझाव पठाएमा स्थानीय कार्यपालिकाले नाम परिवर्तन गरी प्रदेश सरकारमार्फत नेपाल सरकारसमक्ष पठाउनु पर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनको दफा को उपदफा (८) र (९) ले गरेको छ ।

## ३.७ वडा सङ्ख्या, सीमाना र केन्द्र

गाउँपालिका तथा नगरपालिकामा रहने वडाको सङ्ख्या नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ। वडाको सङ्ख्या वा सीमाना हेरफेर गर्न आवश्यक भएमा गाउँ सभा वा नगर सभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउनु पर्नेछ। हेरफेर गर्ने प्रस्ताव प्राप्त भएमा नेपाल सरकारले छ महिनाभित्र त्यस्तो प्रस्ताव बमोजिम वडाको सङ्ख्या वा सीमाना हेरफेर गर्नु पर्नेछ । वडाको सङ्ख्या र सीमाना हेरफेर गर्नु परेमा स्थानीय निर्वाचन हुनुभन्दा कम्तीमा एक वर्ष अगावै गरी सक्नु पर्नेछ।

नेपाल सरकारले गाउँपालिका वा नगरपालिकाको कुनै वडालाई सीमाना जोडिएको अर्को गाउँपालिका वा नगरपालिकामा समावेश गर्न सक्नेछ । यसरी कुनै वडा समावेश गर्दा त्यस्तो वडा रहेको र समावेश हुन लागेको गाउँपालिका वा नगरपालिकाको सभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउनु पर्नेछ । कुनै वडाको केन्द्र हेरफेर गर्न आवश्यक भएमा वडा समितिको परामर्शमा गाउँ सभा वा नगर सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सक्नेछ। तर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ भएपछि पहिलो पटकको लागि गाउँ सभा वा नगर सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सक्नेछ । यसरी वडाको केन्द्र हेरफेर भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पैँतीस दिनभित्र सोको जानकारी प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेछ।

## ३.८ गाउँपालिका वा नगरपालिका गाभ्ने व्यवस्था

आपसमा सीमाना जोडिएका दुई वा सोभन्दा बढी नगरपालिका र नगरपालिका, गाउँपालिका र गाउँपालिका वा नगरपालिका र गाउँपालिकाले चाहेमा सम्बन्धित सभाको बहुमतबाट एक आपसमा गाभिने प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनु पर्नेछ । यसरी गाभ्ने निर्णय हुँदा त्यस्तो गाउँपालिका वा नगरपालिकाको नाम, वडाको सङ्ख्या तथा सीमाना र केन्द्र समेत खुलाई पठाउनुपर्छ । त्यस्तो प्रस्ताव प्राप्त भएमा प्रदेशले सोको आर्थिक तथा सामाजिक पक्षको विश्लेषण गरी तीस दिनभित्र नेपाल सरकारमा सिफारिस गर्नुपर्ने छ र सो सिफारिस समेतका

आधारमा नेपाल सरकारले त्यस्ता गाउँपालिका वा नगरपालिकालाई एक आपसमा गाभ्ने निर्णय गर्नेछ । यसरी गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने सम्बन्धमा भएको निर्णयको कार्यान्वयन त्यसपछि लगतै हुने निर्वाचनदेखि लागू हुनेछ । साथै एक आपसमा गाभिएर बनेको गाउँपालिका वा नगरपालिकालाई नेपाल सरकार र सम्बन्धित प्रदेशले गाभिनुभन्दा अगावै प्रदान गर्दै आएको अनुदानको अतिरिक्त थप अनुदान उपलब्ध गराउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ मा भएको छ।

## ३.९ नगरपालिकाको वर्गीकरण

नेपाल सरकारले सम्बन्धित स्थानीय तह र प्रदेश सरकारसँग परामर्श गरी निश्चित शर्त तथा सुविधा पूरा गरेको आधारमा नगरपालिका, उप महानगरपालिका वा महानगरपालिका घोषणा गर्न सक्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ । नगरपालिका वर्गीकरणको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद -चार

# स्थानीय तहको काम, कर्तव्य र अधिकार



नेपालको संविधानले स्थानीय तहको एकल अधिकारक्षेत्र अनुसूची ८ र साझा अधिकार क्षेत्र अनुसूची ९ मा व्यवस्था गरेको छ । एकल अधिकारक्षेत्रभित्रका विषयमा स्थानीय तह आफैंले कानुन बनाइ ती अधिकारहरू प्रयोग गर्न सक्छन। साझा अधिकार क्षेत्र भनेको सङ्घ, प्रदेश र स्थानीय तह समेतका अधिकारहरू हुन जसको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले कानून बनाइ गर्न सक्छन् । साझा अधिकार क्षेत्रका विषयमा स्थानीय तहले कानून बनाउँदा संविधान, सङ्घीय र प्रदेश कानूनसँग नबाझिने गरी बनाउनुपर्छ ।

## ४.१ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ले स्थानीय तहको काम, कर्तव्य र अधिकारको विस्तृत रूपमा उल्लेख गरेको छ । संविधान बमोजिमको अधिकारक्षेत्रको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी ती अधिकारहरूको प्रयोग गर्न पाउने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँपालिका तथा नगरपालिकाको मुख्य मुख्य काम, कर्तव्य र अधिकारहरू निम्न अनुसार छन् (विस्तृत जानकारीको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ हेर्नुहोस्)।

- सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ, पिउने पानी र सरसफाई, सामाजिक सुरक्षा, खेलकूदसम्बन्धी विषय,
- आर्थिक क्षेत्र (कृषि, गैरकृषि उद्योग र सेवा एवम् पर्यटन व्यवसाय, सहकारी संस्था, हाट, बजार सञ्चालन, व्यवस्थापन),
- भौतिक पूर्वाधार निर्माण (सडक तथा यातायत सञ्जाल, सिँचाइ, उर्जा र जलश्रोतको प्रयोग र उपयोग, सामाजिक पूर्वाधार (विद्यालय, स्वास्थ्य सेवा, सार्वजनिक भवन, सभागृह, ल्यान्डफिल साइट निर्माण आदि) स्थानीय ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन आदि,

- शहरी विकास, वस्ती विकास, भूमि व्यवस्थापन, भूउपयोग नक्सा, गुरु योजनालगायत राष्ट्रिय भवन संहिताको अधीनमा रही स्थानीय मापदण्ड निर्धारण तथा परिपालना,
- ऐतिहासिक तथा साँस्कृतिक पूर्वाधारको विकास, संरक्षण र सम्वर्द्धन,
- सवैका सरोकारका विषयहरू (बालबालिका, लैङ्गिक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, विपन्नवर्ग, वातावरण मैत्री स्थानीय शासन),
- स्थानीय आर्थिक, प्राविधिक र स्रोतसाधन व्यवस्था एवम् क्षमता विकाससम्बन्धी,
- स्थानीय कर र गैरकरको श्रोत पहिचान, आधार र दर निर्धारण, श्रोत परिचालन र व्यवस्थापन,
- मालपोत, भूमिकर, जग्गाधनी पूर्जा वितरण, स्थानीय सञ्चित कोष व्यवस्थापन लगायत आर्थिक प्रशासनसम्बन्धी कार्य,
- स्थानीय तहमा प्राकृतिक, भौतिक पूर्वाधार, ऐतिहासिक एवम् साँस्कृतिक लगायतका अचल, चल सम्पत्तिको अभिलेख, संरक्षण तथा व्यवस्थापन लगायतका कार्य,
- वन, वातावरण, भू-संरक्षण, जलाधार क्षेत्र, जल उत्पन्न प्रकोप तथा विपद व्यवस्थापन,
- सुशासन तथा समावेशी विकास प्रवर्द्धन तथा विकास,
- स्थानीय तथ्याङ्क, सूचना, पार्श्वचित्र, श्रोत नक्सा आदिको व्यवस्थापनका साथै व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह आदिको दर्ता, तथ्याङ्क र प्रतिवेदन,
- सूचना, सञ्चार तथा प्रविधिको विकास र कागज रहित सेवाको प्रवर्द्धन, स्थानीय १०० वाट सम्मको एफ. एम. सञ्चालन तथा पत्रपत्रिका प्रकाशन स्वीकृति,
- स्थानीय सेवाको सञ्चालन, सेवा समूह गठन,  सङ्गठन विकास, समन्वय, कार्यालय स्थापना र व्यवस्थापन,
- स्थानीय नीति, कानून, मापदण्ड, योजना, नियमनका साथै समन्वय, सिफारिशजस्ता विषयहरू,
- विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन,
- स्थानीय ज्यालाको दररेट निर्धारण,
- आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- न्यायिक समितिको गठन, मेलमिलाप एवम् मध्यस्थता तथा स्थानीय तहमा फैसला र कार्यान्वयन,
- आफ्नो क्षेत्रमा नगर प्रहरीसम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा निर्णय कार्यान्वयन, सञ्चालन, व्यवस्थापन तथा नियमन ।

संविधानले स्पष्ट उल्लेख नगरेको विषयहरू वा अवशिष्ट अधिकार सङ्घको अधिकारक्षेत्र अन्तर्गत रहने व्यवस्था छ। सङ्घले आफूमा निहित अधिकार र कार्यमध्ये कार्य प्रकृति अनुसार स्थानीय तहलाई केही अधिकार र कार्यनिक्षेपण गर्नसक्छ। त्यसरी प्राप्त कार्यहरू पनि स्थानीय तहको क्षेत्राधिकारभित्र पर्दछन् । ती कार्यहरूले स्थानीय तहको कार्य जिम्मेवारी थपिन्छ । प्रदेशले पनि आफ्नै क्षेत्राधिकार भित्रका विषय स्थानीय तहलाई निक्षेपण गर्न सक्छन । यी कार्यहरूबाट पनि स्थानीय तहको जिम्मेवारी र कार्यबोझ बढ्न सक्छ ।

सङ्घीयताको अवधारण अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहहरूको समन्वय तथा सहकार्यमा विभिन्न कार्यहरू सम्पादन गर्न सक्छन् । त्यसैगरी एकभन्दा बढी स्थानीय तह मिलेर पनि साझा तथा थप सेवा प्रदान गर्न सक्ने हुनाले ती कार्यहरूले पनि स्थानीय तहको कार्यक्षेत्रलाई प्रभाव पार्दछ ।



## ४.२ वडा समितिको काम, कर्तव्य र अधिकार

वडासमितिको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, **२०७४** कोदफा **१२** बमोजिम कार्यपालिकाले तोके बमोजिम हुने व्यवस्था गरेको छ । यसरी वडाको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहायका विषयक्षेत्र समावेश हुनेगरी तोक्नुपर्छ ।

### योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्य

- सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी वस्ती तथा टोलस्तर योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,
- वस्तीटोल विकास संस्थाको गठन र परिचालन तथा वडाका योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,
- वडाका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,
- निजी  घर तथा घरपरिवारको लगत राख्ने,
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने ।

### विकास कार्य :

- बाल उद्यानको व्यवस्था,
- अनौपचारिक शिक्षा कार्यक्रम प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन,
- पुस्तकालय, वाचनालय, वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन,
- सार्वजनिक शौचालय तथा स्नानगृहको व्यवस्थापन,

- धाराको प्रबन्ध, कल वा, इनार तथा पोखरीको निर्माण र संरक्षण,
- फोहरमैला सङ्कलन र व्यवस्थापन,
- कृषि तथा फलफूल नर्सरी स्थापना,
- स्थानीयस्तरको जोखिम न्यूनीकरण ।

## सामाजिक सुरक्षा र गरिबी निवारण कार्य :

- लक्षित समूहसम्बन्धी स्थानीय योजना, कायनक्रम, स्रोत परिचालन र व्यवस्थापन,
- सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,
- व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराइको र तथ्याङ्क अभिलेख व्यवस्थापन,



## भूमि व्यवस्थापन कार्य :

- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिलेखीकरण,
- कृषि मलको माग सङ्कलन,
- कृषिमा लाग्ने रोगहरूको विवरण तयारी,
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,
- वडा भित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन ।

## चाडपर्व, भाषा संस्कृतिको विकास कार्य :

- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, सचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने, गराउने,
- स्थानीय मौलिकता झल्कने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन ।

## नियमनसम्बन्धी कार्य :

- वडामित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,
- घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने,

## सिफारिश तथा प्रमाणित गर्ने कार्य :

- नाता प्रमाणित, नागिरकता तथा नागिरकताको प्रतिलिपि लिन
- बहाल करको लेखाेजोखा
- कोठा खोल्न रोहबरमा बस्ने
- मोही लगत कट्टा

- घर जग्गा करको लेखाजोखा
- जन्म दर्ता प्रमाणित
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको
- मिलापत्रको कागज गराउने निवेदन
- विवाह प्रमाणित  तथा अविवाहित प्रमाणित
- निःशुल्क स्वास्थ्य उपचार
- अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित
- घर पाताल प्रमाणित
- व्यक्तिगत विवरण
- फलानाको घर कायम गर्न सिफारिस
- फरकफरक नाम, थर, जन्म मिति तथा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस
- नाम, थर, जन्म मिति संशोधन
- जग्गा धनीपूर्जा  हराएको
- मन्जुरीनामा कागज प्रमाणित
- कित्ताकाट
- संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस
- जीवितसँगको नाता प्रमाणित
- हकवाला वा हकदार प्रमाणित
- नामसारी गर्न सिफारिस
- जग्गाको हक भएको
- मृतकसँगको नाता सम्बन्ध
- उद्योग ठाउँसारी
- जीवित रहेको सिफारिस
- आधारभूत तथा पूर्व प्राथमिक विद्यालय खोल्ने र अनुमति दिने सिफारिस
- जग्गा मूल्याङ्कन सिफारिस तथा प्रमाणित
- विद्यालयको कक्षा थप सिफारिस
- पालन पोषणको लागि सिफारिस
- वैवाहिक अङ्गिकृत नागिरकताको सिफारिस
- आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सिफारिस
- विद्यालय ठाउँसारी
- धारा तथा विद्युत जडानको सिफारिस
- प्रचलित कानून अनुसार प्रत्योजित अधिकार बमोजिम अन्य विषयमा सिफारिस तथा प्रमाणित ।

## ४.३ गाउँसभा र नगरसभाको काम, कर्तव्य र अधिकार

स्थानीय तहको विधायिकी अधिकार गाउँसभा तथा नगरसभामा रहेको छ । कार्यपालिकाले पेश गरेको नीति, कानून, योजना, मापदण्ड, वार्षिक कार्यक्रम र बजेटको स्वीकृति सम्बन्धित सभाले गर्दछ । स्थानीय तहको राजस्व परिचालन जस्तै कर, शुल्क, दस्तुर, आदिको आधार र दर निर्धारण, ऋण लिन सक्ने एवम् सम्पत्ती हस्तान्तरणसम्बन्धी कानून बमोजिमको निर्णय गर्ने अधिकार पनि उक्त सभामा नै निहितरहेको छ ।

स्थानीयस्तरमा सर्वसञ्चित कोषबाट खर्च गर्नुपर्दा अनिवार्य रूपमा सभाबाट स्वीकृत गरेर मात्र गर्नु पर्दछ । स्थानीय तहमा आफ्नो श्रोत अन्तर्गतको दरबन्दी स्वीकृति, पारिश्रमिक, भत्ता आदि निर्धारण, बेरुजु फछ्र्यौट लगायत आर्थिक, प्रशासनिक तथा नीतिगत निर्णय गर्ने र विकास निर्माणको मूल्याङ्कन गरी निर्देशन दिने कार्यको जिम्मेवारी पनि स्थानीय सभामा नै रहन्छ ।

## ४.४ कार्यकारी अधिकारको प्रयोग

स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा संविधान र अन्य कानूनको अधीनमा रहीगाउँ कार्यपालिका र नगर कार्यपालिकामा रहन्छ । गाउँपालिका तथा नगरपालिकाको संविधानको अनुसूची- ८ र अनुसूची- ९ को सूचीमा उल्लेख भएका स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित छ । कार्यपालिकाले नै स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग एवम् कार्यान्वियन गर्छ ।

गाउँ कार्यपालिका र नगर कार्यपालिकाहरूले कार्यविभाजन तथा कार्यसम्पादन नियमावली बनाइ आफ्नो सङ्गठन, संरचना (विभाग, शाखा, महाशाखा) स्थापना गरी त्यस्तो कार्यकारी अधिकारको प्रयोग गर्छन। कार्यपालिकाको कार्यविभाजन रकार्य सम्पादनसम्बन्धी नियमावली कार्यपालिकाले स्वीकृत गर्दछ । यसरी तयार गरिने नियमावलीमा अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख,वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनुपर्छ । कार्यविभाजन तथा कार्य सम्पादन नियमावली स्वीकृत वा संशोधन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनुपर्छ ।

कार्य विभाजन नियमावली भनेको स्थानीय तहको कार्यपालिकाले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण कामको विषयगत रूपमा बाँडफाँड गरी कार्य जिम्मेवारी निर्धारण गर्ने कानूनी दस्तावेज हो । कार्यसम्पादन नियमावली भनेको स्थानीय तहले आफूले सम्पादन गर्नुपर्ने कामको तरिका, समय, पद्धति र विधि निर्धारण गर्ने कानूनी दस्तावेज हो । गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय तथा तत्सम्बन्धी आदेश र अधिकारको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुने व्यवस्था रहेको छ ।

## ४.५ अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार

- सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने, सभार कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,
- वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,
- सभाको अधिवेशनको आह्वान र अन्त्य गर्ने,
- सभा र कार्यपालिकाको निर्णय कार्यान्वियन गर्ने गराउने,
- कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,
- उपाध्यक्ष वा उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,
- प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहबाट गर्नु पर्ने प्रमाणित वा सिफारिस गर्ने,
- चलअचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने, सार्वजनिक सेवा प्रवाहसम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,
- उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने .



## ४.६ उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार

- न्यायिक समितिको संयोजक भई कार्य गर्ने,
- अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,
- गैरसरकारी सङ्घ-संस्थाका क्रियाकलापको समन्वय गर्ने,
- उपभोक्ता हित संरक्षणसम्बन्धी कार्यको समन्वय गर्ने,
- योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने
- सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,
- सभा, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने ।

## ४.७ वडा अध्यक्षको काम, कर्तव्य र अधिकार

- वडा समितिको अध्यक्ष भई कार्य गर्ने,
- वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,
- वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने,
- वडाबाट कार्यान्वियन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने, अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने,
- तोकिएको सिफारिस तथा प्रमाणितसम्बन्धी कार्य गर्ने,

- सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा आफ्नो कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने,
- कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने ।

## ४.८ कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकार

- कार्यपालिकाको बैठकमा भाग लिने,
- अध्यक्ष वा प्रमुखले तोकेको विषयगत क्षेत्रको संयोजक वा प्रमुख भई कार्य गर्ने,
- सात दिनभन्दा बढी समय अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,
- कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।



## ४.९ प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार

- सभा र कार्यपालिकाको सचिवको रूपमा कार्य गर्ने,
- सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने,
- अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,
- कोष तथा आर्थिक कारोबारको हिसाव तथा अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने, लेखा परीक्षण गराउने तथा बेरुजु फछ्र्यौट गर्ने, गराउने,
- आयोजनाहरूको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने,
- गाउँपालिका वा नगरपालिकाको चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,
- अध्यक्ष वा प्रमुखको निर्देशनमा कार्यपालिका तथा सभाको बैठक बोलाउने र बैठकसम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,
- कार्यपालिकाको निर्णय प्रमाणित गर्ने र सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने,
- न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णयसम्बन्धी मिसिल संरक्षण गर्ने, गराउने,
- गाउँपालिका वा नगरपालिकाको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने,
- खरिद योजना तयार गरी खरिदसम्बन्धी कार्य गर्ने, गराउने,
- सभा वा कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

## ४.१० अधिकार प्रत्यायोजन

- कार्यपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा समितिका सदस्य, आफू अन्तर्गतका समिति, उपसमिति, प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्नसक्ने व्यवस्था रहेको छ ।

- अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उप प्रमुखले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार उपाध्यक्ष वा उपप्रमुख वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृत वा विषयगत शाखा प्रमुखलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको छ ।
- वडासमिति वा वडाअध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार वडा समितिका अन्य सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको छ ।
- स्थानीय तहले आफ्नो कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अन्य कर्मचारी वा विषयगत निकायका प्रमुख वा कर्मचारीलाई प्रत्यायोजन गर्नसक्छन ।

## ४.११ जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार



संविधान बमोजिम जिल्लासभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्ने व्यवस्था रहेको छ । संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्लासभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- जिल्लाका सङ्घीय र प्रदेश सरकारी कार्यालय एवम् गाउँपालिका र नगरपालिकाबीच समन्वय कायम गर्ने,
- स्थानीयस्तरमा गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न अनुगमन गरी आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसलाई सार्वजनिक गर्ने,
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गरी क्षमता विकासका कार्य गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण समेत गर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने गराउने।

## ४.१२ जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार

- जिल्ला सभा र जिल्ला समन्वय समितिको सचिवको रूपमा काम गर्ने,
- जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,
- जिल्ला स्थित सङ्घ र प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहबीच समन्वय गर्ने गराउने,
- जिल्ला सभाको आर्थिक कारोबारको हिसाव अभिलेख दुरुस्त राख्ने, लेखा परीक्षण गराउने, बेरुजु फछ्र्यौट गराउने तथा बेरुजु मिनाहाको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने,

- जिल्ला सभाको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,
- जिल्ला समन्वय समितिको प्रमुखको निर्देशनमा जिल्ला समन्वय समिति तथा सभाको बैठक बोलाउने, निर्णयको माइन्यूट गर्ने, निर्णय प्रमाणित गर्ने र बैठकसम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,
- जिल्ला साभाले गर्नु पर्ने खरिदसम्बन्धी योजना तयार गरी खरिद कार्य गर्ने, गराउने,
- जिल्ला सभा, जिल्ला समन्वय समिति वा जिल्ला समन्वय समितिको प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने ।



## ४.१३ न्यूनतम दररेट निर्धारण

गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ । यसरी श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी तोक्नु पर्ने हुन्छ । साथै दररेट तोक्दा आफ्नो छिमेकी स्थानीय तह वा जिल्ला समन्वय समितिसँग समेत समन्वय गरी तोक्नु उपयुक्त हुन्छ ।

## ४.१४ भवन नक्सा पास

कसैले पनि गाउँपलिका वा नगरपलिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन । तर गाउँपालिका वा नगरपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा नक्सा पास नगराई पनि भवन निर्माण गर्न बाधा नपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनले गरेको छ । भवन निर्माणको अनुमति प्रमुख प्रशासकीय अधिकृतले दिने र अनुमति दिन नमिल्ने भनी सम्बन्धित व्यक्तिलाई सूचना दिएकोमा सोको पैंतीस दिनभित्र अध्यक्ष वा प्रमुख समक्ष उजुर दिन सक्ने व्यवस्था ऐनले गरेको छ । अध्यक्ष वा प्रमुखले दिएको आदेशमा (चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिनसक्नेछ र त्यस्तो पुनरावेदनको सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णय अन्तिम हुन्छ। भवन निर्माण गर्न अनुमति पाएको मितिले दुई वर्षभित्र त्यस्तो भवन निर्माण गरिसक्नु पर्नेछ । कसैले नक्सा पाससम्बन्धी काम नगरी भवन बनाएको भए पाँच लाख रुपैयाँसम्म र पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी भवन बनाएको भए दुईलाख रुपैयाँसम्म जरिवाना गरी अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिन सक्छ ।

गाउँपालिका वा नगरपलिकाले स्थानीयस्तरमा सडक र भवन निर्माणका लागि स्वीकृति प्रदान गर्दा आफ्नो क्षेत्रको भूउपयोग योजना, स्वीकृत गुरुयोजना, भवन आचार संहिता तथा सडकको मापदण्ड बमोजिम गर्न लगाउनुपर्छ । गाउँपालिका वा नगरपालिकाको पूर्व स्वीकृति नलिई

भवनका लागि जग्गाको खण्डीकरण वा प्लटिङ्ग गर्न पाइन्न । गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका भवनहरूको वर्गीकरण गरी भूकम्प वा विपद्का दृष्टिले जोखिमयुक्त भवनहरूलाई पुनर्निमाण गर्न, प्रबलीकरण (रेक्टोफिटिङ्ग) गर्न वा भत्काउन आदेश दिन सक्छ । भवनको नक्सा पास गर्दा प्रचलित कानून र नेपाल सरकारले तोकेको मापदण्ड विपरीत नहुने गरी ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय वा पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण देखिएका कुनै वस्ती वा सोको कुनै क्षेत्रमा बन्ने भवनको उचाई, सेट ब्याक, छानो, अग्रभाग, निर्माण सामग्रीको किसिम, रङ्ग वा कलात्मकता झल्कने गरी भवन निर्माणको मापदण्ड तोक्न सक्छ । स्थानीय सरकारले नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नु, गराउनु पर्छ (विस्तृत जानकारीको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ हेर्नुहोस्) ।



## ४.१५ मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तको परिपालन

मौलिक हकको संरक्षण तथा प्रवर्द्धन स्थानीय तहको पनि जिम्मेवारीमा पर्दछ । संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन गर्दा सिर्जना हुने दायित्व समेत निर्वाह गर्नुपर्ने हुन्छ। संविधान प्रदत्त शिक्षा, स्वास्थ्य, स्वच्छ वातावरण, रोजगारी, सामाजिक सुरक्षा, उपभोक्ता हक हित, खाद्य सुरक्षा, आवास जस्ता मानव विकाससम्बन्धी अधिकार रमौलिक हकको प्रत्याभूतिमा स्थानीय तहले संविधानको भावना बमोजिम तिनको संरक्षण, विकास, सशक्तीकरण, सहभागिता, समुचित प्रतिनिधित्व एवम् संलग्नताको सुनिश्चितता र न्यायको प्रत्याभूति समेत दिलाउने प्रबन्ध गर्नुपर्दछ ।

राज्यका नीति तथा निर्देशक सिद्धान्तहरूको कार्यान्वयन गर्नु स्थानीय तहको पनि जिम्मेवारीभित्र पर्दछ । संविधानको धारा **५१** मा राज्यले अवलम्बन गर्ने विभिन्न नीतिहरूको व्यवस्था छ । ती नीतिहरूको कार्यान्वयनले पनि स्थानीय तहको कार्यबोझलाई प्रभाव पार्दछ। आफ्नो भौगौलिक क्षेत्र र कार्य जिम्मेवारीका दायराभित्रका सान्दर्भिक नीतिहरूलाई सम्बोधन गर्न प्रत्येक तहका सरकारले आवश्यक कानून, योजना, कार्यक्रमका साथै मापदण्ड बनाइ लागू गर्नु पर्ने जिम्मेवारी रहेको छ। साथै योजनावद्ध ढंगबाट नीतिहरूको कार्यान्वयन गरी गराई आ-आफ्नो क्षेत्रमा भएको उपलब्धीको निचोड सहितको प्रतिवेदन निर्धारित समयभित्र सङ्घीय सरकारमा पेश गर्नुपर्ने जिम्मेवारी रहेको छ ।

नेपाल पक्ष राष्ट्र भएका अन्तरराष्ट्रिय सन्धि, सम्झौता, सम्मेलनहरूमा जनाइएका प्रतिबद्धताहरू जस्तै मानव अधिकारसम्बन्धी अन्तरराष्ट्रिय घोषणा, महिला भेदभाव विरुद्धको सम्मेलनबाट पारित प्रस्ताव, भ्रष्टाचारसम्बन्धी अन्तरराष्ट्रिय कानून, बाल अधिकारसम्बन्धी महासन्धि आदिजस्ता कानूनको परिपालना गर्न समेत राष्ट्रियस्तरमा कानून बनाइ राज्यका सवै तह तथा अंगहरूमार्फत कार्यान्वयन गर्नुपर्ने दायित्व स्थानीय तहसमेतको रहेको छ।

परिच्छेद-पाँच

# कार्यपालिका र सभाको बैठक तथा व्यवस्थापन

## ५.१ सभाको बैठक

प्रदेश कानूनले सभाको बैठक सम्बन्धमा अन्यथा व्यवस्था नगरेसम्मका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाको सभाको बैठकसम्बन्धी व्यवस्था गरेको छ। जस अनुसार सभाको बैठक सामान्यतया वर्षको दुईपटक बस्ने र अध्यक्ष वा प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले बैठक बस्ने दिनभन्दा कम्तीमा सात दिन अगावै बैठकको कार्यसूची सहितको सूचना सभाका सवै सदस्यलाई दिइ बोलाउनु पर्ने व्यवस्था छ। सभाका एक तिहाई सदस्यहरूले सभाको बैठक बोलाउन आवश्यक छ भनी अध्यक्ष वा प्रमुख समक्ष विषय वा कारण खुलाई लिखित अनुरोध गरेमा पन्ध्र दिनभित्र अध्यक्ष वा प्रमुखले सभाको विशेष बैठक बोलाउनु पर्ने व्यवस्था छ । सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ । अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्ष वा उपप्रमुखले गर्न सक्छन । सभाको बैठकको निर्णय सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्ने र सभाको बैठकसम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुन्छ ।

## ५.२ सभाको कानून बनाउने कार्यप्रणाली

स्थानीय तहको व्यवस्थापिकाको रूपमा रहेको गाउँसभा र नगरसभाले स्थानीय तहको एकल आधिकारका विषयमा आफ्नो नीति, कानून, मापदण्ड आफैं बनाउन सक्ने र साझा अधिकारका हकमा नेपालको संविधान तथा सङ्घीय एवं प्रदेश कानूनसँग नबाझिने र दोहोरो नपर्ने गरी ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरू बनाउन सक्छन् । गाउँपालिका तथा नगरपालिकाले बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्छ।

कार्यपालिकाले गाउँपालिका तथा नगरपालिकाको अधिकारक्षेत्रको विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्छ । पेश भएको विधेयक सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको बहुमतले पारित गरेपछि पन्ध्र दिनभित्र सभाका अध्यक्षले त्यस्तो विधेयक प्रमाणीकरण गर्नुपर्छ ।

प्रमाणीकरण भएको विधेयक स्थानीय ऐन बन्छ । सभाको व्यवस्थापनसम्बन्धी विषयमा प्रदेश कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक निम्न प्रक्रिया अवलम्बन गरिनेछ ।

- कानून बनाउँदा कार्यपालिकाले विषयगत कार्य जिम्मेवारीका सम्बन्धमा सम्बन्धित विषयगत शाखा, महाशाखा वा विभागबाट विधेयक पेश गर्न लगाउन सक्ने वा आफैंले तर्जुमा गरी सम्बन्धित निकायको राय, परामर्शमा कार्यपालिकाबाट उक्त विधेयक सभामा प्रस्तुत गर्नसक्नेछ ।
- अध्यक्ष वा प्रमुख वा निजले तोकेको सम्बन्धित विषय हेर्ने सदस्यले सभामा विधेयक पेस गर्न सक्नेछ। साधारणतया अध्यक्ष वा प्रमुखले सभाको अध्यक्षता गर्ने हुँदा उपाध्यक्ष वा अन्य कुनै सदस्यले विधेयक प्रस्तुत गर्नु उपयुक्त हुन्छ ।
- सभामा प्रस्तुत विधेयक सभामा अध्यक्षले छलफल गराई विषयको गाम्भिर्यता हेरी स्थानीय सभाको सम्बन्धित समितिमा दफावार छलफलका लागि पनि पठाउन सक्नेछन् । समितिमा छलफल भएपश्चात समितिका सभापतिले पूर्ण सभामा संशोधित विधेयक प्रस्तुत गर्नु पर्नेछ । यसरी सभामा प्रस्तुत विधेयक माथि पूर्ण सभामा छलफल गरी तत्काल कायम भएका सदस्यको बहुमतबाट विधेयक पारित हुनेछ ।
- पारित भएको विधेयक सम्बन्धित सभाका अध्यक्षले पन्ध्र दिनभित्र प्रमाणीकरण गर्नेछन् र प्रमाणीकरण भएको विधेयक स्थानीय ऐन बन्छ।
- पारित ऐन सम्बन्धित प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्छ । स्थानीय सभाले पारित गरिएका ऐन कानूनको किसिम अनुसार सिलसिलेवार नम्बर राखी सम्बन्धित कार्यपालिकाले अभिलेखिकरण गर्नुपर्छ ।



सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाइ कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्छ । सम्बन्धित सभाले नियमावली वा कार्यविधि बनाइ आफ्नो कार्यप्रणालीलाई थप व्यवस्थित गर्न सक्नेछ ।

## ५.३ कार्यपालिकाको बैठक तथा निर्णय प्रक्रिया

- कार्यपालिकाको बैठक कम्तीमा महिनाको एकपटक बस्नुपर्नेछ ।
- बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिन्छ ।
- कार्यपालिकाको बैठकको निर्णय सर्वसम्मतिबाट गर्नुपर्छ । सर्वसम्मतिबाट निर्णय हुननसकेमा कार्यपालिकामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यपालिकाको निर्णय हुन्छ ।

- कार्यपालिकाको बैठक तथा निर्णयसम्बन्धी अन्य व्यवस्था संविधानको धारा **२१८** बमोजिमको गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत नियमावली अनुसार हुने व्यवस्था रहेको छ ।

## ५.४ पद तथा गोपनीयताको सपथ

स्थानीय तहका निर्वाचित पदाधिकारीले मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्ने काम सपथ लिनु हो । यस्तो सपथ मुलुक र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह नराखी लिइन्छ । सपथ लिने पदाधिकारीले सपथ गराउने पदाधिकारी समक्ष ऐनमा उल्लेखित ढाँचामा सपथ गराउने पदाधिकारीसँगै उच्चारण गरेर लिइन्छ । तत्पश्चात त्यस्तो ढाँचामा हस्ताक्षर गर्नुपर्छ । स्थानीय तहका विभिन्न पदाधिकारीले देहायका पदाधिकारी समक्ष पद तथा गोपनीयताको सपथ लिने व्यवस्था ऐनले गरेको छ ।



- गाउँपालिकाका अध्यक्ष तथा नगरपालिकाका प्रमुखले निर्वाचित भएको सात दिनभित्र सम्बन्धित जिल्ला न्यायाधीश समक्ष,
- गाउँपालिकाका उपाध्यक्ष तथा नगरपालिकाका उपप्रमुख, वडा अध्यक्ष र सभाका सदस्यले अध्यक्ष वा प्रमुखले सपथ लिएको सात दिनभित्र सम्बन्धित अध्यक्ष वा प्रमुखसमक्ष,
- जिल्ला समन्वय समितिका प्रमुखले आफ्नो कार्यभार सम्हाल्नु अगावै निर्वाचित भएको सात दिनभित्र सम्बन्धित जिल्ला न्यायाधीश समक्ष र,
- जिल्ला समन्वय समितिका उपप्रमुख र सदस्यले जिल्ला समन्वय समितिको प्रमुखले सपथ लिएको सात दिनभित्र सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख समक्ष ।

परिच्छेद-छ

# अन्तरसरकार सम्बन्ध र समन्वय

## ६.१ सहकार्य, समन्वय र सहअस्तित्वमा आधारित सम्बन्ध

नेपालको संविधानको धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको छ । गाउँपालिका र नगरपालिकाले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग र सार्वजनिक कार्यको जिम्मेवारी वहन गर्दा उक्त सिद्धान्तको अवलम्बन गर्नुपर्दछ ।

गाउँपालिका वा नगरपालिकाले विकास निर्माण कार्यको लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग, प्रभावकारी सेवा प्रवाह गर्न सहकार्य संस्कृतिको विकास गर्नुपर्दछ । यस्तो सहकार्य र सहयोगका लागि सीमा जोडिएका वा नजिकको गाउँपालिका वा नगरपालिकासँग आपसी सहमित, सम्झौता गरी श्रोत साधनको साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न गराउन सक्छन् ।

## ६.२ सङ्घ र प्रदेशको निर्देशनको पालना

गाउँपालिका र नगरपालिकाले आफूलाई तोके बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग सङ्घीय तथा प्रादेशिक नीति, योजना, मापदण्ड तथा कार्यविधिसँग नबाझिने गरी कानून बनाइ लागू गर्नुपर्दछ । सङ्घ वा प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको कुनै सेवा, निर्माण वा अध्ययन अनुसन्धान जस्ता विषयमा आवश्यक जनशक्ति र स्रोत साधन समेत उपलब्ध गराई गाउँपालिका तथा नगरपालिकामार्फत कार्य गराउन सक्छन । यस्तो कार्य गर्ने गराउने गरी अधिकार प्रत्यायोजन वा निक्षेपण गरेमा त्यस्तो कार्यक्रमको हकमा सङ्घ वा प्रदेशबाट माग गरे अनुसारको स्थलगत व्यवस्थापन, रेखदेख, अनुगमन तथा प्रगति प्रतिवेदन तयार गरी सङ्घ वा प्रदेश सरकारमा पठाउनु पर्दछ ।

नेपाल सरकारले आफैं वा प्रदेश सरकारमार्फत स्थानीय तहलाई संविधान र सङ्घीय कानून बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु

स्थानीय तहको कर्तव्य हुनेछ । सङ्घीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयन गर्दा निम्न बमोजिम गर्नुपर्छः

- आयोजनाको प्रत्येक चरणमा सम्बन्धित स्थानीय तहको प्रत्यक्ष संलग्नता सुनिश्चित गर्ने,
- सङ्घ तथा प्रदेशले स्थानीय तहले त्यस्ता योजना परियोजनाको कार्यन्वयनमा समन्वय, सहजीकरण, अनुगमन तथा अन्य कार्यमा आवश्यक सहयोग गर्नुपर्ने,
- नेपाल सरकारले आफैं वा प्रदेश सरकार मार्फत वा प्रदेश सरकार आफैंले स्थानीय तहलाई कानूनतः दिएको अधिकार र जिम्मेवारीको पालना गर्न स्थानीय तहलाई उपलब्ध अनुदानबाट अपुग हुने भई स्थानीय तहबाट थप स्रोत माग भई आएमा नपुग हुने स्रोत साधन समेत उपलब्ध गराउनु पर्ने दायित्व समेत सम्बन्धित सरकारको हुने ।

## ६.३ सङ्घ र प्रदेश कानूनसँग बाझिनेगरी स्थानीय कानून बनाउन नपाउने

नेपालको संविधानको धारा २३५ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न सङ्घीय संसदले आवश्यक कानून बनाउने प्रावधान रहेको छ । स्थानीय तहले आफ्ना नीति तथा कानून बनाइलागू गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हितजस्ता विषयसँग नबाझिने गरी गर्नुपर्छ ।

नगरपालिका तथा गाउँपालिकाले आफ्ना अधिकार क्षेत्रभित्रको विषयमा कानून एवं योजना निर्माण गर्दा नेपाल सरकार तथा प्रदेश सरकारले अङ्गीकार गरेको विकासका लक्ष्य, उद्देश्य र प्राथमिकता हासिल गर्न सहयोग पुग्ने गरी गर्नु पर्दछ ।

## ६.४ प्रदेश तहमा समन्वय

प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँडसम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न निम्न अनुसारको एक प्रदेश समन्वय परिषद् रहने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले गरेको छः

- मुख्यमन्त्री -संयोजक
- प्रदेश सरकारका मन्त्रीहरू -सदस्य
- प्रदेश सरकारको मुख्य सचिव -सदस्य
- प्रदेश सरकारका सचिवहरू -सदस्य
- प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख -सदस्य
- प्रदेशभित्रका गाउँपालिकाका अध्यक्ष तथा उपध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख -सदस्य
- सचिव, प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालय -सदस्य सचिव

यस समितिमा मन्त्रालयका पदाधिकारी तथा विज्ञलाई पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सकिनेछ । परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ । बैठकसम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## ६.५ जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्ध

जनताको मतबाट निर्वाचित हुने हुनाले जनप्रतिनिधिले स्थानीय तहको समग्र नेतृत्व वहन गर्नुपर्ने हुन्छ । स्थानीय तहको सञ्चालनका क्रममा कानून निर्माण, सेवा प्रवाह, विकास निर्माण, विवादको समाधान लगायत संविधान तथा कानून प्रदत्त जिम्मेवारी निर्वाह गर्ने क्रममा दैनिक जसो विभिन्न निर्णय गर्नुपर्ने हुन्छ । यसरी निर्णय गर्दा कर्मचारीले आफूमा रहेको ज्ञान, सीप, दक्षताको आधारमा निर्वाचित जनप्रतिनिधिलाई निस्वार्थ भावले सहयोग गर्नुपर्छ । निर्णयप्रतिको जवाफदेहिता जनप्रतिनिधिमा रहन्छ भने निर्णय प्रक्रियामा आवश्यक पर्ने प्राविधिक पक्ष र सूचनाप्रतिको जिम्मेवारी कर्मचारीले वहन गर्नुपर्छ । कर्मचारी र जनप्रतिनिधि बीच सुमधुर सम्बन्ध, निरन्तर संवाद, आपसी परामर्श तथा छलफल र समन्वयले स्थानीय तहबाट हुने सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न मद्दत पुग्दछ ।

- कानूनीविधि र प्रक्रिया अवलम्बन गरी पारदर्शी रूपमा निर्धारित समयभित्र कार्यसम्पादन गर्नुपर्दछ ।
- निर्णय गर्ने पदाधिकारीले आफूले गरेको निर्णयको पूर्ण उत्तरदायित्व वहन गर्नुपर्दछ ।
- जनमतको कदर गर्न जनताको चाहना र प्राथमिकताप्रति सम्वेदनशील भई जवाफदेही एवम् उत्तरदायीपूर्वक कार्यजिम्मेवारी निर्वाह गर्नुपर्दछ ।



## ६.६ राजनीति र प्रशासनबीचको अन्तरसम्बन्ध र सीमा

प्रशासनलाई स्थायी सरकार मानिन्छ । यस्तो स्थायी संयन्त्रसँग संस्थागत सम्झनाका साथै ऐन, कानून, विधि र प्रक्रियाको समेत ज्ञान रहन्छ । गाउँपालिका तथा नगरपालिकाले जनप्रतिनिधि र कर्मचारीको कार्य जिम्मेवारी कार्य विभाजन नियमावलीमा नै स्पष्ट निर्धारण गरी आ-आफ्नो अधिकार क्षेत्रको परिधिभित्र रही कार्य सम्पादन गर्ने गराउने व्यवस्था मिलाउनुपर्छ । राजनीतिक नेतृत्वले नीति निर्धारण गर्ने र कर्मचारीले राजनीतिक नीति निर्माताहरूलाई व्यवसायिक एवम् विशेषज्ञका रूपमा नीति निर्माणमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ ।नीति निर्माण भए पश्चात निर्णय कार्यान्वयनको जिम्मेवारी कर्मचारीले लिनुपर्छ । जनप्रतिनिधिहरूलाई संविधान र कानूनको मार्यादाभित्र रही काम गर्ने वातावरण श्रृजना गर्नुका साथै प्रणालीगत कार्य संस्कृतिको विकास गर्न प्रशासनले सहयोग पुऱ्याउनु पर्छ ।

परिच्छेद-सात

# स्थानीय तहमा कर्मचारी व्यवस्थापन



नेपालको संविधानको धारा २८५ (३) मा रहेको एकल अधिकार क्षेत्रमा स्थानीय सेवाको व्यवस्था गरी आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाले कानून बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । नेपालको संविधानको धारा ३०२ को संक्रमणकालीन व्यवस्था अन्तर्गत प्रदेश र स्थानीय तहमा सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ । यसरी व्यवस्था गर्दा सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने व्यवस्था गरेको छ ।

## ७.१ कर्मचारी समायोजन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहमा कर्मचारी समायोजन नभएसम्मको लागि नेपाल सरकाले निजामती सेवा तथा स्थानीय तहमा कार्यरत कुनै कर्मचारीलाई कामकाज गर्न खटाउन सक्ने व्यवस्था गरेको छ । साथै यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरू सम्बन्धित स्थानीय तहमा स्वतः समायोजन भएको मानिने व्यवस्था गरेको छ ।जिल्ला समन्वय समितिका कर्मचारीलाई सम्बन्धित जिल्लाको स्थानीय तहमा खटाउन सकिने र यसरी कर्मचारी खटाउँदा पर्याप्त कर्मचारी नभएका गाउँपालिका र नगरपालिकालाई प्राथमिकता दिइ खटाउने व्यवस्था ऐनले गरेको छ ।

संविधानको व्यवस्था बमोजिम कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न कर्मचारी समायोजन ऐन, २०७४ लागू भएको छ । यस ऐनले संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने व्यवस्था गरेको छ । यस ऐनले गरेका केही महत्वपूर्ण व्यवस्थाहरू देहाय बमोजिम रहेका छन:

- नेपाल सरकारले सङ्घ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी निर्धारण गर्न एक सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गर्ने,

- समितिले संबिधान बमोजिमको अधिकारको सूची, कार्य प्रकृति र औचित्यसमेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी छ महिनाभित्र सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकारमा सिफारिस गर्ने,
- दरबन्दी सिफारिस गर्दा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी समायोजन भई पदपूर्ति हुने दरबन्दीको विवरणसमेत उल्लेख गर्नुपर्ने,
- सङ्गठन संरचना र कर्मचारी दरबन्दी सिफारिस गर्दा सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी वा तहलाई सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवाको मिल्दो सेवा, समूह, उपसमूह, श्रेणी वा तहमा तोकिएबमोजिम मिलान गरी सिफारिस गर्नुपर्ने,
- कर्मचारी समायोजन गर्दा कार्यरत पदको ज्येष्ठता, कर्मचारी लेरोजेको सङ्घ, प्रदेश वा स्थानीय तह तथा हालको स्थायी बसोबासको ठेगाना र सो नखुलेमा नागरिकताको प्रमाण पत्रमा उल्लिखित ठेगानालाई प्राथमिकता दिइ गर्ने,
- कर्मचारी समायोजन गर्दा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिका कर्मचारीको हकमा नेपाल सरकार तथा अन्य कर्मचारीको हकमा सेवा सञ्चालन गर्ने निकायले सेवा, समूह वा उपसमूहको मिल्दो समान पदमा समायोजन गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको लागि कर्मचारीको दरबन्दी स्वीकृत भएको मितिले छ महिना भित्र कर्मचारी समायोजन गरिसक्नुपर्ने,
- सङ्घ, प्रदेश र स्थानीयतहमा समायोजन भएको कर्मचारी समायोजन भएको तहमा कार्यरत रहँदा सम्म सोही तह प्रतिनै उत्तरदायी हुने,
- समायोजन हुनुपूर्व कुनै सरकारी कर्मचारी प्रदेश वा स्थानीय सेवाको कानून बमोजिमको सेवा शर्त तथा सुविधा लिने गरी प्रदेश वा स्थानीय तहमा समायोजन हुन चाहेमा समायोजन गर्न सकिने,
- समायोजन भएका कर्मचारी बाटोको म्याद बाहेक पैँतीस दिनभित्र समायोजन गरिएको सङ्घ, प्रदेश वा स्थानीय तहको सेवाको पदमा हाजिर हुनुपर्ने,
- स्थानीय तहको प्रशासकीय प्रमुख वा अधिकारीले सङ्घ, प्रदेश वा स्थानीय तहमा समायोजन हुने कर्मचारीलाई तोकिएको अवधि भित्र हाजिर गराई जिम्मेवारी दिनुपर्ने,
- समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको तलब, भत्ता, उपदान, निवृत्तभरण, उपचार खर्च र अन्य सुविधासम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्ने गरी कानून बनाउन नपाइने,
- प्रदेश वा स्थानीय तहमा समायोजन हुने सरकारी कर्मचारीलाई सङ्घीय निजामती सेवामा तोकिए बमोजिम बढुवा तथा वृत्ति विकासका अन्य अवसर प्रदान गरिने,
- सङ्घमा समायोजन भएको कर्मचारीलाई सङ्घीय निजामती सेवाभित्र, प्रदेशमा समायोजन भएको कर्मचारीलाई सम्बन्धित प्रदेशभित्र र स्थानीय तहमा समायोजन भएको कर्मचारीलाई सम्बन्धित प्रदेश भित्रका स्थानीय तहमा तोकिए बमोजिम सरुवा गर्न सकिने,

- प्रदेश वा स्थानीय तहमा समायोजन भई सो तहमा तोकिएको अवधि सेवा गरेको सरकारी कर्मचारीलाई सङ्घ र सङ्घमा समायोजन भई सङ्घमा तोकिएको अवधि सेवा गरेको सरकारी कर्मचारीलाई प्रदेश वा स्थानीय तहको मिल्दोसेवा, समूह वा उपसमूहको पदमा तोकिए बमोजिम सरुवा गर्न सकिने,
- प्रदेश र स्थानीय तहमा सेवा प्रवाहको व्यवस्था मिलाउन नेपाल सरकारले कर्मचारी समायोजन नभएसम्म सम्बन्धित सेवा, समूह वा उपसमूहको कर्मचारीलाई सङ्घ, प्रदेश वास्थानीय तहमा कामकाज गर्न खटाउन सक्ने,
- कर्मचारी समायोजन ऐन प्रारम्भ भएपछि सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण समितिले तोके बमोजिम वाहेक कुनै निकायको लागि सङ्गठन संरचना र दरबन्दी सृजना नगरिने,
- प्रदेश लोकसेवा आयोग गठन नभएसम्म प्रदेश वा स्थानीय तहको स्वीकृत दरबन्दीको रिक्तपदमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नेपाल सरकारमार्फत पठाएको मागका आधारमा लोकसेवा आयोगले पदपूर्तीको लागि उम्मेदवा र छनौट र सिफारिस गर्नसक्ने,
- ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरू सम्बन्धित स्थानीय तहमा स्वतः समायोजन भएको मानिने,
- नेपाल सरकारको पूर्ण अनुदानमा सञ्चालित सङ्गठित संस्थामा कार्यरत स्थायी कर्मचारीलाई निजहरूको साविकको काम हस्तान्तरण हुने प्रदेश वा स्थानीय तहमा सोही काम सम्पादन गर्न निजहरूको साविकको सेवाको शर्त र सुविधा कायमै रहने गरी तोकिए बमोजिम समायोजन गरिने ।

## ७.२ स्थानीय सेवाको व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहको सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुबिधासम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने व्यवस्था गरेको छ । सङ्घीय कानूनको अधीनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सेवासम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम गरेको छ;

- गाउँपालिका तथा नगरपालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका तथा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्ने, त्यस्तो सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनुपर्ने,

- सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नुपर्ने,
- कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा सोसँग सम्बन्धित सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्ने,
- स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने,
- नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचेर सरसफाइसम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने,
- स्थानीय सेवाको स्थायी दरबन्दीको रिक्त पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्नु पर्ने,
- सङ्घ तथा प्रदेशले स्थानीय सेवाका कर्मचारीको अभिलेख तथा विवरण माग गरेमा त्यस्तो अभिलेख तथा विवरण उपलब्ध गराउनु स्थानीय तहको कर्तव्य हुने,
- स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाको बखतसम्म अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरूलाई यो ऐन प्रारम्भ भएपछि लोकसेवा आयोगबाट सञ्चालन हुने खुला तथा आन्तरिक प्रतिस्पर्धात्मक पहिलो विज्ञापनको परीक्षामा भाग लिन अवसर दिइने, यस्ता कर्मचारीलाई उमेरको हद नलाग्ने तथा उक्त परीक्षामा सहभागी नभएमा वा असफल भएमा स्वतः अवकाश हुने,
- स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने,
- नेपाल सरकारले स्थानीय तहको मागको आधारमा उपयुक्त देखेमा बढीमा दुई वर्षको लागि स्थानीय तहबाटै तलव भत्ता खाने गरी निजामती सेवाको कुनै कर्मचारीलाई काजमा खटाउन सक्ने,
- स्थानीय तहले स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन गर्दा वर्गीकरणमा आधारित तहगत प्रणाली अवलम्बन गर्नु पर्ने,
- स्थानीय तहले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने,
- अवकास कोषमा स्थानीय तहले प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्ने ।

परिच्छेद-आठ

# स्थानीय तहको योजना प्रक्रिया

## ८.१ पृष्ठभूमि

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्ने हुन्छ । प्रत्येक गाउँपालिका तथा नगरपालिकाले आवधिक, रणनीतिक तथा विषयक्षेत्रगत मध्यकालीन तथा सम्भव भएसम्म दीर्घकालीन आवधिक योजना तर्जुमा गरी लागू गर्न सक्छन् । योजना तर्जुमाका लागि राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालयहरूबाट उपलब्ध दिग्दर्शनहरूको आधारसमेत लिनुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्दा देहायका विषय एवं प्रक्रियालाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ ।

## ८.२ सहभागितामूलक योजना तर्जुमा

स्थानीय तहमा योजना तथा कार्यक्रम तर्जुमा गर्दा जसको लागि योजना वा कार्यक्रम सञ्चालन गर्न खोजिएको हो, ती जनताको व्यापक र अर्थपूर्ण सहभागिता एवं समावेशी प्रक्रिया अवलम्बन गरी योजना तर्जुमा गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय वुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्दछ ।

## ८.३ योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने

योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुनेगरी गरिबी निवारण, सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्दछ ।

- स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरेकोमा तोकिएको प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने,
- सङ्घीय र प्रदेश स्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने,
- स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्ने ।



## ८.४ प्राथमिकता दिनुपर्ने

स्थानीय तहमा योजना तर्जुमा गर्दा देहायका विषयलाई प्राथमिकता दिनुपर्छ ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

## ८.५ वार्षिक योजना तर्जुमा प्रक्रिया

### ८.५.१ पार्श्वचित्र तथा श्रोत नक्सा तयारी

पार्श्वचित्र तथा स्रोत नक्सालाई योजना तर्जुमाको प्रमुख आधारको रूपमा लिइन्छ । गाउँपालिका तथा नगरपालिकाको योजना तर्जुमा गर्नुपूर्व आफ्नो क्षेत्रभित्रको वस्तुस्थितिको विवरण, श्रोत साधनको उपलब्धता तथा सम्भाव्यतासम्बन्धी खण्डीकृत सूचना एवं तथ्याङ्कको पार्श्वचित्र एवं स्रोत नक्सा तयार पारी अद्यावधिक गर्नुपर्छ । पार्श्वचित्र तथा स्रोत नक्सामा वडा तथा टोल र वस्ती स्तरसम्मको विस्तृत वस्तुगत विवरण समावेश गरिएको हुनुपर्दछ ।

**पाश्र्वचित्रमा समावेश गर्नुपर्ने मुख्य मुख्य सूचना तथा तथ्याङ्क**

- वडा छुट्टिने गरी गाउँ वा नगरपालिकाको आफ्नो भौगोलिक सीमाना, क्षेत्रफल तथा जनसङ्ख्या, निजी घर तथा घर परिवारको लगत,
- गाउँपालिका वा नगरपालिकाको भू-वनौट वा धरातलीय स्थितिको विवरण,
- सार्वजनिक, ऐलानी, पर्ती जग्गा, खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधाराको उपलब्धता, प्राकृतिक श्रोत तथा सम्पदा (नदीनाला, नहर, कुलो पैनी, वन क्षेत्र, खानी, खुला क्षेत्र) को लगत,
- सामाजिक पूर्वाधार, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको विवरण,
- विद्यमान भौतिक पूर्वाधारको अवस्था (सडक, गोरेटो, ट्रेकिङ्ग रुट, हवाई मैदान, खानेपानी तथा ढल निकास, बसविसौनी, पार्क, उद्यान आदिको विवरण,
- रोजगार, अर्धरोजगारको तथ्याङ्क, वैदेशिक रोजगारमा गएका व्यक्ति र घर परिवारको लगत,
- सार्वजनिक तथा ऐतिहासिक, भौगोलिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा तथा प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन एवं पर्यटकीय स्थलको विवरण,
- स्वास्थ्य चौकी, अस्पताल तथा उपचार केन्द्र,
- विद्यालय (प्रकार, सङ्ख्या), महाविद्यालय, प्राविधिक शिक्षालय तथा प्रशिक्षण केन्द्र,
- कृषि (उत्पादन विशेष वाली), सेवाकेन्द्र, बजार क्षेत्र,
- दैनिक सेवा पहुँचको नक्सांकन (विद्यालय, स्वास्थ चौकी, हाट बजार, पिउने पानी, घास, दाउरा, कृषि उपज खरिद बिक्री केन्द्र आदि)
- आधारभूत सिफारिश वा सेवा प्राप्त गर्ने स्थान (जस्तै, जन्म मृत्यु घटना दर्ता, नागरिकता, राहदानी, जग्गा नामसारि आदि)
- वित्तीय संस्थाहरू (बैंक तथा सहकारी)को किसिम र विदेशबाट प्राप्त रेमिटचान्स आयको विवरण
- उपलब्ध सार्वजनिक सुविधा (विद्युत, हुलाक, टेलिफोन, एफ्.एम्.रेडियो, यातायात, वाइफाई, आदि)
- गरिवी र सामाजिक नक्साङ्कन
- अन्य विषय

स्थानीय तहमा सञ्चालन भएका सम्पूर्ण योजना तथा क्रियाकलापहरूको विस्तृत विवरण एकीकृत रूपमा स्थानीय तहको कार्यालयमा योजना तर्जुमा पूर्व नै कम्प्युटरकृत गरी सुरक्षित ढंगले राख्नुपर्छ । साथै निर्धारित नतिजाहरूको सूचकले माग गरेको तथ्याङ्क र सूचना अनिवार्य रूपमा संकलन गरी निर्धारित व्यस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्दछ । संकलित सूचना तथा तथ्याङ्कहरूमा सवै प्रकारका प्रयोगकर्ताको पहुँच सजिलैसँग हुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

### ८.५.२ आय व्ययको प्रक्षेपण

स्थानीय तहले आगामी आर्थिक वर्षको लागि देहाय बमोजिम आय व्ययको प्रक्षेपण गर्नुपर्छ।

- व्ययको अनुमान,
- आफ्नो स्रोतबाट सङ्कलन हुन सक्ने अनुमानित राजस्व,
- राजस्व बाँडफाँडबाट प्राप्त हुन सक्ने अनुमानित रकम,
- अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम,
- बजेट घाटा पूर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको स्रोत ।

माथि उल्लिखित विवरण प्रत्येक वर्षको पुष मसान्तभित्र नेपाल सरकारको अर्थ मन्त्रालयमा पेश गर्नु पर्छ । यसबाट सङ्घीय बजेट तर्जुमा गर्ने आधार सिर्जना हुन्छ । नेपाल सरकारले चालु आर्थिक वर्षको फागुन मसान्तभित्र र प्रदेश सरकारले चैत्र मसान्तभित्र राजस्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान बापत अगामी आर्थिक वर्षमा स्थानीय तहलाई प्रदान गर्ने अनुमानित स्रोतको विवरण उपलब्ध गराउनु पर्छ ।

### ८.५.३ स्रोतको अनुमान तथा बजेट सीमा निर्धारण

गाउँपालिका वा नगरपालिकाको योजना तर्जुमा गर्नुपूर्व आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा राजस्व परामर्श समितिको सुझाव समेतको आधारमा निर्धारण गर्नुपर्छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको एक स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नु पर्छ;

- अध्यक्ष वा प्रमुख - संयोजक
- उपाध्यक्ष वा उपप्रमुख - सदस्य
- कार्यपालिकाका सदस्यहरूमध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

समितिले प्रत्येक वर्षको फागुन महिनाभित्र स्रोतको अनुमान तथा बजेट सीमा निर्धारण गरी सक्नु पर्नेछ। यसका साथै समितिले आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गर्नुपर्छ। समितिको कार्यहरू देहाय बमोजिम हुनेछ;

- आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,
- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका निर्धारण गर्ने,

- आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,
- विषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,
- नेपाल सरकारतथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,
- विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तयार गर्ने,
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरू गर्ने।



प्रमुख प्रशासकीय अधिकृतले सरोकारवालाहरूसँग अन्तरकृया गरी कार्यपालिकाबाट पारित गराई आगामी आर्थिक वर्षको बजेट सीमा (अनुमानित) प्रत्येक वर्षको चैत्र **१५** गतेभित्र गाउँपालिका वा नगरपालिकाका विषयगत महाशाखा, शाखा, कार्यालय तथा वडा समितिलाई उपलब्ध गराउनु पर्छ । प्राप्त बजेट सीमाभित्र रही विषयगत महाशाखा, शाखा तथा वडा समितिले गाउँपालिका वा नगरपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्नु पर्छ ।

## ८.५.४ योजना तर्जुमा पूर्व तयारी गोष्ठी

स्रोतको अनुमान तथा बजेट सीमा र मार्गदर्शन तयार भएसँगै वार्षिक योजना तर्जुमाको पूर्व तयारी स्वरूप गाउँपालिका तथा नगरपालिकाका शाखा, महाशाखा तथा स्थानीयस्तरमा रहेका सरकारी, गैरसरकारी, सामुदायिक, सहकारी, नीजी क्षेत्र, विषयविज्ञहरू लगायतका सरोकारवालाको सहभागितामा योजना तर्जुमा पूर्व तयारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ । अभिमुखीकरण कार्यक्रममा निम्न विषयहरूमा सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी कार्ययोजना निर्माण गर्नुपर्छ ।

- नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य,
- स्रोत अनुमान, बजेट सीमा तथा मार्गदर्शन,
- योजना तर्जुमा समय सीमा,
- योजना तर्जुमा प्रकृया,
- प्राथमिकता दिनुपर्ने अन्तरसम्बन्धित विषयहरू (सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, आदि ।

### ८.५.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन

स्रोतको अनुमान तथा बजेट सीमा निर्धारणका आधारमा आयको प्रक्षेपण, वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्छ । यसका लागि देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्छ ।

| | |
|---|---|
| उपाध्यक्ष वा उपप्रमुख | - संयोजक |
| विषयगत क्षेत्र हेर्ने गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका सदस्यहरू | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| योजना महाशाखा, विभाग वा शाखा प्रमुख | - सदस्य सचिव |

यस समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण कार्यको समग्र नेतृत्व गरी निम्न कार्यहरू सम्पादन गर्नुपर्छ ।

- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने,
- बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने,
- योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबिच आपसी तादाम्यता तथा परिपूरकता कायम गर्ने,
- बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिमका अन्य कार्यहरू गर्ने ।



### ८.५.६ वस्ती एवं टोलस्तरबाट आयोजना तथा कार्यक्रम छनौट

स्रोतको अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारित बजेट सीमा र मार्गदर्शनको जानकारी वडा समितिलाई गराउनु पर्छ । प्राप्त मार्गदर्शनका आधारमा प्रत्येक वडा समितिले आफ्नो वडाभित्रका सरोकारवालासँग परामर्श गरी वस्ती एवं टोल स्तरका योजना तथा कार्यक्रम छनौट गर्नुपर्छ । वस्ती एवं टोलस्तरको आयोजना तथा कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा वडा स्तरका विषयगत कार्यसँग सम्बन्धित कर्मचारीहरूको समेत सहभागिता रहने गरी टोली परिचालन गर्न सकिनेछ । वडास्तरको योजना तर्जुमा गर्दा आवश्यक पर्ने प्राविधिक एवम् विषय विज्ञहरू आवश्यकता अनुसार गाउँपालिका तथा नगरपालिकाले उपलब्ध गराउनुपर्छ ।

वडा समितिले वस्तीस्तरको आयोजना तथा कार्यक्रम छनौट गर्दा वडाभित्रका वस्तीहरूलाई भौगोलिक अवस्थिति, जनसङ्ख्या, यातायातको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरी सबै नागरिकलाई योजना छनौटको टोल तथा वस्तीस्तरीय भेलामा सहभागी हुने अवसर दिनु पर्नेछ । यसका लागि स्थानीय गैर सरकारी संस्थाहरू, सहकारी संस्थाहरू, निजी क्षेत्रका संस्थाहरू जस्ता स्थानीय सङ्घसंस्थाहरूको सक्रिय सहभागिताका साथै बालबालिका, महिला, आदिवासी जनजाती, मधेसी, दलित, अपाङ्ग, सीमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपूर्ण उपस्थिति हुने व्यवस्था मिलाउनु पर्नेछ । वस्तीस्तरमा छनौट भएका आयोजना तथा कार्यक्रमहरूको सूची तयार गरी वडा समितिमा पेश गर्नु पर्नेछ ।



## ८.५.७ वडास्तरमा आयोजना तथा कार्यक्रम प्राथमिकीकरण

वडासमितिले टोल तथा वस्तीस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमहरूलाई विषयक्षेत्र समेत छुटचाई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरी पठाउनु पर्नेछ । वडास्तरमा सरोकारवालाहरूको सहभागितामा भेला आयोजना गरी टोल तथा वस्तीस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमहरू माथि छलफल तथा परामर्श गर्ने व्यवस्था मिलाउनु पर्नेछ । वडा समितिले वस्तीस्तरबाट माग नभएका तर वडा, गाउँ एवं नगरस्तरका महत्वपूर्ण देखिएका आयोजना तथा कार्यक्रमहरूलाई समेत औचित्य खुलाई क्लस्टर निर्माण गरी प्राथमिकीकरण गर्नुपर्छ । वडा समितिले छनौट गरेका आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण सहितको सूची गाउँपालिका वा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## ८.५.८ विषयक्षेत्रगत योजना निर्माण तथा एकीकरण

बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडाबाट प्राप्त योजना तथा प्राथमिकीकरणलाई समेत आधार लिई योजना तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्नुपर्छ । बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडा समितिबाट प्राप्त आयोजना तथा कार्यक्रमहरूका साथै गाउँ वा नगरस्तरमा सञ्चालन गर्न आवश्यक देखिएका आयोजना तथा कार्यक्रमहरूको एकीकृत विषय क्षेत्रगत सूची तयार गर्नु पर्नेछ । आयोजना तथा कार्यक्रमहरूको विषयगत सूची माथी छलफल गर्न विषयगत क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा कार्य समितिका कम्तिमा एक जना महिला तथा दलित सदस्य, सम्बन्धित विषयगत शाखा, महाशाखा हेर्ने प्रमुख समेत रहने गरी पाँच सदस्यीय विषय क्षेत्रगत समिति वा कार्य समुह गठन गरी समूहगत छलफलको व्यवस्था मिलाउन सकिनेछ । विषय क्षेत्रगत सूची तयार गर्दा देहाय बमोजिमका क्षेत्र छुटचाई योजना तर्जुमा तथा प्राथमिकीकरणको व्यवस्था मिलाउनु पर्नेछ;

- **आर्थिक विकास** - कृषि, पशुपंक्षी, उद्योग तथा वाणिज्य,रोजगार (बैदेशिक रोजगार समेत), पर्यटन, सहकारी, वित्तीय क्षेत्र

- **सामाजिक विकास** - शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण,
- **पूर्वाधार विकास** - सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत), सञ्चार
- **वातावरण तथा विपद व्यवस्थापन** - वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारूण यन्त्र सञ्चालन,
- **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** - मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग, अभिलेख व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट, सूचना तथा सञ्चार व्यवस्थापन ।



विषयगत समिति वा कार्य समुहबाट छलफल भई प्राथमिकीकरण भएका आयोजना तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले छलफल एवं एकीकृत गरी गाउँ तथा नगर कार्यपालिकामा पेश गर्नुपर्ने छ । यसरी आयोजना तथा कार्यक्रम सिफारिश गर्दा खर्च व्यहोर्ने श्रोत किटान भएका तथा बजेट सुनिश्चित भएका आयोजना तथा कार्यक्रमहरू मात्र पेश गर्नुपर्नेछ । साथै प्रदेश तथा सङ्घीय महत्वका योजनाहरू भए तिनीहरूको पहिचान र वर्गीकरणलगायत निम्न विषयहरू समेत खुलाउनु पर्नेछ ।

- आफनै श्रोत साधनले सञ्चालनगर्ने योजना,
- वाह्य सहयोग वा साझेदारीमा (गैसस, निजी, समुदाय) सञ्चालन हुने योजना,
- छिमेकी वा अन्य गाउँपालिका वा नगरपालिकासँग मिलेर सञ्चालन गर्ने साझेदारी योजना,
- सङ्घीयवा प्रादेशिक विषयगत निकायसँग सहकार्य गरी सञ्चालन गर्ने सङ्घीय वा प्रादेशिक तहका योजना,
- सङ्घीय सरकारको अनुमतिमा राष्ट्रिय अन्तरराष्ट्रिय गैर सरकारी संस्था र विकास साझेदारसँगको समन्वय वा सहयोगमा सञ्चालन गर्ने योजना,
- प्राविधिक श्रोत अन्तर्गत सञ्चालन हुने योजना आदि ।

## ८.५.९ कार्यपालिकामा छलफल तथा स्वीकृती

कार्यपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको योजना, कार्यक्रम तथा बजेटमाथि छलफल गरी निर्धारित बजेट सीमा र मार्गदर्शन अनुरूप भए नभएको एकीन गरी

कुनै विषयवस्तु छुटेको भए सोसमेत समावेश गरी वार्षिक कार्यक्रमलाई अन्तिम रूप दिइ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्छ। कार्यपालिकाले वार्षिक कार्यक्रम स्वीकृत गर्दा उल्लिखित विषयका साथै वार्षिक नीति तथा कार्यक्रम, योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, राजस्व र व्ययको विवरण लगायतका विवरणहरू समेत तयार गर्नुपर्छ ।

कार्यपालिकाले वार्षिक कार्यक्रम तथा बजेट सभामा पेश गर्दा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालू आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण समेत खुलाउनु पर्छ । कार्यपालिकाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट प्रत्येक वर्षको असार दश गतेभित्र उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले सभामा पेश गर्नुपर्छ ।

## ८.५.१० सभाबाट पारित

सभाले कार्यपालिकाबाट पेश भएको कार्यक्रम तथा बजेटमाथि कार्यतालिका बनाइ पन्ध्र दिनभित्र छलफल सम्पन्न गरिसक्नु पर्नेछ । छलफल सम्पन्न भएपछि सभाले कार्यक्रम तथा बजेट पारित गर्न वा सुझाव सहित कार्यपालिकामा पठाउन सक्नेछ । सुझाव सहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारणसहित सभामा पाँच दिनभित्र पुनः पेश गर्नु पर्नेछ । सभाले पेश भएको कार्यक्रम तथा बजेट प्रत्येक वर्षको असार मसान्तभित्र पारित गरिसक्नुपर्छ ।

## ८.५.११ योजना तथा कार्यक्रमको सार्वजनिकीकरण

स्थानीय तहले सभाबाट पारित भएको वार्षिक योजना तथा कार्यक्रमको सरोकारवाला तथा सर्वसाधारण सवैको जानकारीको लागि सार्वजनिकीकरण गर्नुपर्छ । सार्वजनिकीकरण गर्दा कार्यालयको सूचना पाटी तथा वेभसाइट, वडा समितिको कार्यालय एवं स्थानीय सञ्चार माध्यमबाट समेत गर्न सकिन्छ । कार्यान्वयन प्रक्रियालाई बढी प्रभावकारी, उत्तरदायी, पारदर्शी, गुणस्तरिय र नतिजामूलक बनाउन आवधिक रूपमा सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण जस्ता विधिहरूको अवलम्बन गरिनु पर्दछ।

## ८.५.१२ योजना कार्यान्वयन

**कार्यान्वयन कार्य योजना तर्जुमा :** गाउँ वा नगरसभाबाट वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भए पछि कार्यान्वयन गर्ने निकायले कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्छ। गाउँपालिका तथा नगरपालिकाले सवै विषयगत क्षेत्र समेटी समष्टीगत कार्यान्वयन कार्य योजना समेत बनाउने प्रणाली अवलम्बन गरिनुपर्दछ । योजना कार्यान्वयन गर्दा सम्बद्ध निकाय र व्यक्तिलाई यसरी

तोकिएका कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार बनाउन उपलब्धी र परिणाम सूचक सहित कार्यसम्पादन करार गर्ने प्रणाली अपनाउन सकिन्छ ।

**योजना कार्यान्वयन विधि छनौट** : योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधिभित्र रही निम्नमध्ये कुनै एक वा सोभन्दा बढी कार्यान्वयन विधि निर्धारण गर्नुपर्छ ।

- ठेकापट्टा,
- उपभोक्ता समिति,
- करार वा,
- अमानत,
- गैरसरकारी संस्था ।



**योजना कार्यान्वयन मार्गदर्शन तयारी** : योजना वा कार्यक्रम सञ्चालन हुनु पूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार पार्नु पर्दछ । उक्त मार्गदर्शन साथ खर्च गर्ने अख्तियारी पठाउनु पर्ने भए सोसमेत संलग्न गरी पठाउनु पर्दछ । गाउँपालिका तथा नगरपालिकाबाट सम्बन्धित कार्यालयको उपलब्धीका आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्ने गराउने प्रणाली लागू गरिनुपर्दछ ।

उपभोक्ता समितिबाट योजना कार्यान्वयन गर्दा उपभोक्ता समितिको गठन विधि, तिनको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व तथा प्रतिवेदन प्रणालीबारे प्रष्ट व्यवस्था गरी गाउँपालिका वा नगरपालिकाले आवश्यक कार्यविधि तथा निर्देशिका तयार गर्नुपर्दछ । साथै निजीक्षेत्र वा गैर सरकारी सङ्घसंस्थाका लागि पनि साधारण र विशेष कार्यशर्त तयार पार्नु पर्दछ । गैर सरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक एवम सामुदायिक सङ्घसंस्थाहरूले स्थानीय तहको प्रत्यक्ष नियमन र समन्वयमा कार्य गर्नु पर्नेछ ।

**उपलब्धी सूचक निर्माण** : गाउँपालिका तथा नगरपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धी सूचक समेत उल्लेख गर्नुपर्छ । स्थानीय तहले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाउनु पर्दछ ।

**सम्झौता गरी कार्यान्वयन गर्ने** : गाउँपालिका तथा नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार कार्यान्वयन गर्ने निकायसँग सम्झौता गरेर मात्र सञ्चालन गर्नुपर्दछ । विषयगत निकाय वा सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले कार्यान्वयन गर्दा स्वीकृत कार्यान्वयन नीतिको परिधिभित्र रही कार्यान्वयन गर्नुपर्दछ र यसरी योजना कार्यान्वयन गराउनुपूर्व निर्धारित ढाँचामा सम्झौता गर्नु पर्दछ ।

**गैरसरकारी सङ्घसंस्थामार्फत योजनाको कार्यान्वयन :** गैरसरकारी सङ्घसंस्थाहरूले स्थानीय तहमा कुनै योजना वा कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहसँग निकटतम सम्पर्क र समन्वयमा रही निम्न बमोजिम गर्नु पर्नेछ :-

- कुनै अन्तरराष्ट्रिय गैरसरकारी सङ्घसंस्थाले स्थानीय तहसँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनुपर्नेछ,
- कुनै अध्ययन, सर्भेक्षण वा कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहसँग सम्झौता गरेर मात्र गर्नुपर्छ,
- गैससको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गराउनुपर्छ,
- स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्छ,
- कुनै सङ्घसंस्थाले उपरोक्त व्यवस्था विपरीत काम गरेमा स्थानीय तहले त्यस्तो काम कारवाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्छ,
- गाउँपालिका वा नगरपालिकाले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्दछ ।

**साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य सञ्चालन**

गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछ :-

- बृहत् पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,
- विपद् व्यवस्थापन, दमकल तथा एम्बुलेन्स सेवाको सञ्चाालन,
- यातायातको सञ्चामलन तथा व्यवस्थापन,
- फोहरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,
- वस्ती विकास तथा भू-उपयोग योजना,
- पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,
- संयुक्त उद्यम,
- आधारभूत तथा माध्यमिक तहको प्रविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,
- स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,
- अन्तर स्थानीय तह भगिनी सम्बन्ध,
- असल अभ्यास र अनुभवको आदानप्रदान,
- भौतिक तथा आर्थिक सहयोग,
- अन्य उपयुक्त विषय ।

**आयोजना तथा परियोजनाको फरफारक, हस्तान्तरण र मर्मत सम्भार :** योजना तथा परियोजनाको कार्य सम्पन्न भएपछि सवै सरोकारवालाको सहभागितामा सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गरी योजनामा लागेको खर्च, समय र योगदान गर्ने व्यक्ति र सहयोगको प्रकार, योजना वा परियोजनाबाट सिकेका विषयहरू समेतको जानकारी गराउनु पर्छ । सार्वजनिक सुनुवाईमा उठेका सवालहरूको सम्बोधन गरी कार्य सम्पन्न प्रतिवेदन लिई फरफारक गर्नुपर्छ । प्रतिवेदन प्राप्त भएपछि योजना वा परियोजनाको हस्तान्तरण र त्यसको लाभको बाँडफाँड बारेमा प्रष्ट व्यवस्था गरी सम्बन्धित उपभोक्ता समूह वा लाभान्वित समूहलाई योजना तथा परियोजनाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि हस्तान्तरण गरिनुपर्दछ । योजना तथा परियोजना मर्मतसम्भारको योजनासमेत सँगै स्वीकृत गरी सम्बन्धित व्यवस्थापन समूह वा उपभोक्ता समितिसँग सम्झौता गरी अभिलेख राख्नुपर्छ । सम्पन्न योजनाको मर्मत सम्भारका लागि मर्मतसम्भार कोषको व्यवस्था गर्नु राम्रो हुन्छ । त्यस्तो कोषमा योजना वा परियोजना तर्जुमा चरणमा नै योजनाको अनुमानित लागतको निश्चित प्रतिशत रकम, समुदायको योगदान तथा सेवा शुल्कबाट प्राप्त रकमको केही अंश समेत गरी आवश्यक रकम राख्ने व्यवस्था गर्न सकिन्छ । यसका लागि स्थानीय तहले मर्मत सम्भार सञ्चालन निर्देशिका बनाइ लागू गर्नु उपयुक्त हुन्छ ।



## ८.५.१३ अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

विकास योजना, नीति तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । योजना तर्जुमा तथा कार्यान्वनमा स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासले निर्धारित लक्ष्य तथा उद्देश्य हासिल हुन गइरहेको छ वा छैन भन्ने जानकारी प्राप्त गर्न सहयोग पुग्छ। कार्यान्वयनको चरणमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के कस्ता रहेका छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । अतः गाउँपालिका तथा नगरपालिकाले सञ्चालित आयोजनाहरूको नियमित अनुगमनको व्यवस्था मिलाउनुपर्ने हुन्छ । प्रत्येक स्थानीय तहले योजना तर्जुमाको प्रारम्भदेखि नै प्रभावकारी स्वःअनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गर्नुका साथै त्यस्तो प्रणाली नतिजामुखी व्यवस्थापनमा आधारित हुनु पनि उत्तिकै जरुरी हुन्छ ।

**अनुगमनसम्बन्धी संस्थागत व्यवस्था :** अनुगमन गर्दा गाउँपालिका र नगरपालिकाहरूले कानुन बमोजिम आयोजना तथा परियोजनाको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनको लागि विभिन्न समितिहरू गठन गरी समग्र स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु उपयुक्त हुन्छ । त्यस्तो समितिलाई आवश्यक बजेटको व्यवस्था सहित वार्षिक अनुगमन योजना, जिम्मेवार एकाइ, दक्ष कर्मचारी, श्रोत साधनको उचित व्यवस्था समेत गर्नुपर्छ । अनुगमन

तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न विस्तृत अनुगमन तथा मूल्याङ्कन निर्देशिका तथा कार्यविधि (दण्ड पुरस्कारको व्यवस्था सहित) बनाइ लागू गर्न सकिन्छ । अनुगमन गर्दा स्पष्ट रूपमा उपलब्धी सूचक सहितको अनुगमन फाराम तयार गरी प्रयोग गर्नुपर्छ । स्थानीय तहको विकासमा संग्लग्न गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक एवं सामुदायिक सङ्घसंस्थाहरूले पनि तोकिएको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्दछ ।

**नतिजामूखी अनुगमन प्रणाली :** प्रत्येक स्थानीय तहले तर्जुमा गरी लागू गरेका योजनाहरू नातिजमूखी र सोंच तालिका (Log Frame) मा आधारित भएर तयार गर्नुपर्ने हुन्छ । सोंच तालिकाले अनुगमनका क्रममा आयोजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, प्रतिफल, क्रियाकलाप र लगानीका बारेमा क्रमवद्ध र तर्कपूर्ण रूपमा सोच्न र विश्लेषण गर्न सघाउ पुऱ्याउँछ । सोंच तालिका अन्तर्गत कार्यक्रम (Activity), नतिजा (Output), असर वा प्रतिफल (Out-come) र प्रभाव (Impact) तहमा आउने क्रमिक परिवर्तनलाई मापन गर्न सहज होस् भनी विषयगत रूपमा सूचकहरू तयार गर्नु पर्दछ । यी सूचकहरू नै नतिजामूखी स्व:अनुगमन तथा मूल्याङ्कन प्रणालीका मुख्य आधारहरू हुन् । स्थानीय तहले नियमित रूपमा सूचकहरूमा आएका परिवर्तनलाई अभिलेखिकरण गर्ने, विश्लेषण गर्ने, पृष्ठपोषण गर्ने र सिकाईलाई संस्थागत गर्दै लैजाने प्रणालीको विकास र विस्तार गर्नुपर्ने हुन्छ ।

**योजनाको अनुगमन** : स्थानीय तहले समग्र विकासको आवधिक वा दीर्घकालिन लक्ष्य र उद्देश्य प्राप्त गर्न वार्षिक एवं बहुवर्षिय योजना तथा कार्यक्रमहरूको तर्जुमा गर्दा नै अनिवार्य रूपमा अनुगमन प्रकियाको बारेमा स्पष्टरूपमा उल्लेख गर्नुपर्दछ । उपलब्धी सूचकका आधारमा नियमित अनुगमन गर्ने प्रणाली स्थापित गरिनु पर्दछ । यसरी अनुगमन गर्दा उपल्बधी सूचक परिणाममुखी छन् छैनन् लेखाजोखा गरिनु पर्दछ र समयमै सुधारका उपाय अवलम्बन गरिनु आवश्यक हुन्छ ।

**प्रभाव मुल्याङ्कन** : योजनाका निर्धारित सूचकहरूमा के कति परिमाणमा परिवर्तन आयो भन्ने जानकारी नियमित अनुगमनको प्रक्रियाबाट थाहा पाउन नसकिने भएकोले प्रभाव मूल्याङ्कनको छुट्टै विधि प्रयोग गरी मापन गर्नुपर्दछ । स्थानीय तहले अवश्यकता र प्रकृति अनुसार 'तेश्रो पक्ष' लाई तोकिए बमोजिम मूल्याङ्कनको जिम्मेवारी दिन पनि सकिन्छ । योजनाका सफलता तथा असफलताका कथाहरूको दस्तावेजिकरण (Documentation) गर्ने अभ्यासले प्रभाव मूल्याङ्कनका निष्कर्षलाई प्रमाणित गर्न सहयोग पुग्दछ ।

**नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनसम्बन्धी व्यवस्था**

- संविधानको धारा २२१ मा स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था र २२६ मा स्थानीय व्यवस्थापिकाले अनुसूची ८ र ९ मा उल्लेखित विषयमा कानून बनाउनसक्ने भएकोले आफ्नो कार्यक्षेत्रको समग्र अनुगमन गर्नसक्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार र संविधानको अनुसूची ८ र ९ मा उल्लेख भए बमोजिमका कार्यहरू सम्पादनको अनुगमन कार्यपालिकाबाट हुने ।
- ऐनको दफा १४ बमोजिम उपाध्यक्ष वा उपप्रमुखको र वडा अध्यक्षको काम, कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने ।
- ऐनको दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाउँपालिका वा नगरपालिकाको अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैंले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- ऐनको दफा ८४ बमोजिम प्रमूख प्रशासकीय अधिकृतले अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने व्यवस्था रहेको।
- ऐनको दफा ९३ बमोजिम जिल्लासभाले जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने ।
- ऐनको दफा ९४ बमोजिम गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने ।
- ऐनको दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरूप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदानप्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेट्नु पर्ने ।
- ऐनको दफा १०० बमोजिम गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्ने ।
- दफा ११ गाउँपालिका तथा नगरपालिकाले व्यक्तिगत घटना (जन्म,मृत्यु, विबाह, बसाइँसराई, सम्बन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री) घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन सङ्घीय सरकारलाई गर्ने ।
- दफा १२ बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने ।
- दफा २५ बमोजिम गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्थालगायतका सामाजिक तथा सामुदायिक सङ्घसंस्थाले स्थानीय तहसँगको समन्वयमा काम गर्दा स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने ।
- दफा ८४ बमोजिम प्रमूख प्रशासकीय अधिकृतले आयोजनाहरूको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने ।
- दफा ९२ बमोजिम जिल्ला सभाले आफ्नो काम कारवाहीको सम्बन्धमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।

**प्रतिवेदन र समीक्षा** : योजना कार्यान्वयनमा संग्लग्न वडा कार्यालय, विषयगत शाखा, महाशाखा तथा अन्य निकायले स्थानीय तहले तोकि दिएको ढाँचामा कार्यान्वयनको चरणमा रहेका प्रत्येक योजना, परियोजना तथा कार्यक्रमको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन सम्बन्धित गाउँ वा नगरपालिकामा बुझाउनु पर्दछ । गाउँ वा नगरपालिकाको तोकिएको जिम्मेवार समिति, पदाधिकारी वा कर्मचारीले प्राप्त प्रतिवेदन अध्ययन, विश्लेषण गरी विभिन्न विषय समेटी त्यसमा भएका सूचना र तथ्याङ्कलाई कम्प्युटरमा प्रबिष्ट गरी एकीकृत प्रतिवेदन तयार गरी स्वीकृत गर्नु पर्दछ । आवश्यक भएमा प्रतिवेदनसँग सम्बन्धित विषयमा स्थलगत अनुगमन भ्रमण गरी दाबी गरिएको प्रगतिलाई प्रमाणीकरण गर्न सकिन्छ । प्रतिवेदन माथि कुनै सुझाब भए प्रतिवेदनकर्तालाई अनिवार्य रूपमा पृष्ठपोषण गर्नुपर्दछ । आयोजनालाई लक्ष्य अनुरूप सञ्चालन गर्न आवश्यक सुधारका विषयहरू सम्बन्धित गाउँपालिका वा नगरपालिकाले तत्काल सम्बोधन गर्नुपर्छ । चौमासिक तथा वार्षिक प्रतिवेदन प्राप्त भएपछि कार्यपालिकाले चौमासिक रूपमा आ-आफ्नो क्षेत्रमा भए गरेका सवै कार्यक्रमहरूको प्रगति समीक्षा गर्नुपर्दछ । यदि कुनै आयोजना उच्च प्राथिमिकताका छन् भने त्यसको प्रगति समीक्षा द्वैमासिक रूपमा पनि गर्न सकिन्छ। यसरी समीक्षा पश्चात आय व्यय विवरण र प्रगतिको स्थिति आमसञ्चार माध्यमबाट सार्वजनिक गरी आ-आफ्नो वेव साइटमा समेत राख्ने गर्नु पर्दछ।

यसका साथै राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू र मौलिक हकको प्रचलनका विषयमा पनि सम्बन्धित कार्यपालिकाले योजनावद्ध ढंगबाट कार्यक्रम कार्यान्वयन गरी गराई आ-आफ्नो क्षेत्रमा भएको उपलब्धीको प्रतिवेदन सम्बन्धित सभामा छलफल गराई निचोड सहितको उपलब्धी प्रतिवेदन तयार गर्नु पर्छ । यसरी तयार भएका भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनहरू तोकिएको ढाँचा र निर्धारित समयभित्र (मासिक, त्रैमासिक, चौमासिक, वार्षिक) रूपमा प्रदेश र सङ्घको तोकिएको निकायमा समेत पठाउनुपर्छ ।

परिच्छेद-नौ

# स्थानीय तहको वित्तीय अधिकार

## ९.१ वित्तीय स्रोत

संविधानमा अनुसूचीकृत कार्यहरूको सम्पादनका लागि गाउँपालिका तथा नगरपालिकाले अन्य स्रोतका साथै वित्तीय स्रोतको व्यापक परिचालन गर्नुपर्ने हुन्छ । स्थानीय तहको वित्तीय अधिकारका रूपमा आन्तरिक आय, वित्तीय हस्तान्तरणबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त आय तथा ऋण परिचालन रहेको हुन्छ । गाउँपालिका तथा नगरपालिकाले कानूनबमोजिम स्थानीय तहमा तोकिएका कर तथा गैरकर राजस्व उठाउन सक्छन् । कर राजस्व भन्नाले गाउँपालिका तथा नगरपालिकाले तोकिएको प्रयोजनका लागि जनतामाथि लगाइने अनिवार्य कर हो । गाउँपालिका तथा नगरपालिकाद्वारा प्रदान गरिने विभिन्न प्रशासकीय सेवावापत लिइने सेवाशुल्क, कुनै वस्तु प्रयोगका लागि अधिकार दिइए बापत लिइने ईजाजत दस्तुर, कुनै कागजातको प्रतिलिपिका लागि लिइने प्रतिलिपि दस्तुर, कुनै कसुर वापत असुल्ने जरिवाना आदिलाई गैरकर राजस्व भनिन्छ । स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा नेपाल सरकार र प्रदेश सरकारबाट गाउँपालिका तथा नगरपालिकाले वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदान प्राप्त गर्न सक्छन् ।

## ९.२ कर, सेवा शुल्क तथा दस्तुरहरू देहायबमोजिम रहेका छन्

गाउँपालिका तथा नगरपालिकाले एकल अधिकार अन्तर्गत लगाउन सक्ने कर, सेवा शुल्क तथा दस्तुरहरू

- एकीकृत सम्पत्ति कर वा घरजग्गा कर,
- भूमिकर (मालपोत),
- बहाल कर: भवन, घर, जग्गा, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना वा पोखरी बहाल रकममा
- व्यवसाय कर : गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा

- बहाल बिटौरी शुल्क : आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ्ग शुल्क : सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत
- जडीबुटी, कवाडी र जीवजन्तु कर: ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत
- सेवा शुल्क : आफ्नो क्षेत्रभित्रका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा तथा गाउँपालिका तथा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरेबापत
- खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृहर त्यस्तै अन्य सेवा सुविधा,
- फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,
- शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (होष्टेल), हाट बजार, पशु बधशाला, शव दाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
- सडक, बस पार्क, ढल, पुल, बत्ती जस्ता सेवा,
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कनसम्बन्धी सेवा,
- सिफारिससम्बन्धी कुनै सेवा ।

## कर, शुल्क वा दस्तुर लगाउन नपाउने :

गाउँपालिका तथा नगरपालिकाले देहायका विषयमा कर, शुल्क वा दस्तुर लगाउन पाउने छैनन्

- कूटनीतिक नियोग र कूटनीतिज्ञलाई प्रचलित कानून बमोजिम कर नलाग्ने विषयमा
- वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाका लागि नेपाल सरकार, प्रदेश सरकार, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारी स्वामित्वका प्रतिष्ठान वा विकास समितिद्वारा विदेशबाट पैठारी भएका मालसामान,
- गाउँपालिका वा नगरपालिकाले तोकेको अवधिभित्र सामूहिक आवास वा संयुक्त आवासअन्तर्गत निर्माण भएका आवास  बिक्री नभई बाँकी रहेको स्टकमा एकीकृत सम्पत्ति कर लाग्ने छैन। तर त्यसरी बिक्री नभएको स्टकको कुनै प्रकारले उपयोग भएकोमा भने त्यस्तो स्टकमा कर लाग्छ।
- संयुक्त आवास वा सामूहिक आवासको सामूहिक उपभोगमा रहने वेसमेण्ट, बगैंचा, पार्किङ्ग तथा सडक क्षेत्रमा एकीकृत सम्पत्ति कर लगाउन पाइने छैन ।

## ९.३ राजस्व बाँडफाँड तथा दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण र सङ्कलन

सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको रोयल्टी तथा मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शूल्कको बाँडफाँड बापत देहायको प्रतिशतमा रकम प्राप्त गर्दछन्;

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |
| ६ | मूल्य अभिवृद्धि कर | ७० | १५ | १५ |
| ७ | आन्तरिक उत्पादनबाट उठेको अन्तः शुल्क | ७० | १५ | १५ |

नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड तथा वितरण गर्नेछ । नेपाल सरकारले आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा उल्लेखित प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँडको पुनरावलोकन गरी हेरफेर गर्न सक्नेछ । प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण, सङ्कलन तथा राजस्व बाँडफाँडसम्बन्धी व्यवस्थाहरू-

- सवारी साधन करको दर निर्धारण तथा सङ्कलन प्रदेशले गर्ने, तर गाउँपालिका वा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा सङ्कलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने,
- घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सोको सङ्कलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- विज्ञापन करको दर निर्धारण र सङ्कलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- मनोरञ्जन करको दर र सङ्कलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको सङ्कलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र सङ्कलन गर्ने,
- उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा, सङ्ग्राहलय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र सङ्कलन गर्ने,

- ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने,
- पर्वतारोहण शुल्क र राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्रको प्रवेश शुल्कको निर्धारण र सङ्कलन नेपाल सरकारले व्यवस्था गरे बमोजिम हुने ।

गाउँपालिका तथा नगरपालिकाले सङ्कलन गरेको राजस्व जम्मा गर्न प्रदेशस्तरमा एक कोष रहनेछ । सो कोषमा सङ्कलन गरेको राजस्व अलग अलग स्रोतको शीर्षक खुल्ने गरी जम्मा गर्नुपर्नेछ । प्रदेश सञ्चित कोषमा जम्मा भएको राजस्व रकम सन्तुलित र पारदर्शीरूपमा बाँडफाँड गर्नको लागि राजस्व उत्पत्तिको आधार, राजस्व सङ्कलन लागत, प्रदेश र गाउँपालिका वा नगरपालिकाले जनतालाई पु¥याउनु पर्ने सेवाको क्षेत्र, गरिबी, स्थानीय क्षेत्रगत असन्तुलन र असमानता न्यूनीकरण र अन्य आयका आधारहरू लिनुपर्ने हुन्छ ।



नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच र प्रदेश तथा स्थानीय तहबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोके बमोजिम हुन्छ। आयोगले नेपाल सरकारलाई देहायका आधारमा अन्तर सरकारबीच राजस्वको बाँडफाँडको सिफारिस गर्नु पर्नेछ-

- जनसङ्ख्या र जनसाङ्ख्कि विवरण,
- क्षेत्रफल,
- मानव विकास सूचकाङ्क,
- खर्चको आवश्यकता,
- राजस्व सङ्कलनमा गरेको प्रयास,
- पूर्वाधार विकास,
- विशेष अवस्था।

आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा पाँच वर्षको लागि मान्य हुनेछ र आयोगले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्नेछ ।

## ९.४ अनुदान

संविधान र सङ्घीय कानूनमा उल्लेख भए बमोजिम गाउँपालिका तथा नगरपालिकाले देहाय बमोजिमका अनुदान प्राप्त गर्छन् ।

**वित्तीय समानीकरण अनुदान :** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा

स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ । नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

**सशर्त अनुदान** ः नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ। सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा शर्त तोक्ने छ र स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्छ । प्रदेशले पनि स्थानीय तहलाई प्रदेश कानून बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ।

**समपूरक अनुदान** ः नेपाल सरकारले स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्दा देहायका आधारमा समपुरक अनुदान प्रदान गर्नेछ-

- योजनाको संभाव्यता,
- योजनाको लागत,
- योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,
- योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,
- योजनाको आवश्यकता र प्राथमिकता ।

साथै प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम कुनै योजनाको कूल लागतको अनुपातका आधारमा समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

**विशेष अनुदान** ः नेपाल सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्न,
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्न,
- आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्न।

साथै प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्न सक्नेछ । विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुन्छ ।

## ९.५ ऋणसम्बन्धी व्यवस्था

गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सभाबाट स्वीकृत गराई पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्नेछ । यस्तो आन्तरिक ऋण लिनुपूर्व नेपाल सरकारको सहमति लिनु पर्नेछ । आन्तरिक ऋण उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यको लागि लिन सकिनेछ । स्थानीय तहले लिने ऋण पच्चीस वर्षभन्दा बढी अवधिको लागि लिन सकिने छैन । नेपाल सरकारले पनि स्थानीय तहलाई ऋण दिन सक्नेछ । स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव पेश गर्नु पर्नेछ । निर्धारित अवधिभित्र स्थानीयतहले त्यस्तो ऋण चुक्ता गरिसक्नु पर्छ । ऋण चुक्ता नगरेमा नेपाल सरकारले त्यस्तो गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरी ऋण भुक्तानी गर्ने व्यवस्था मिलाउने छ ।

## ९.६ बाह्य सहयोग परिचालन

वैदेशिक अनुदान वा ऋण लिने अधिकार नेपाल सरकारको हुन्छ । नेपाल सरकारले स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि वैदेशिक अनुदान वा सहयोग लिन सक्नेछ । स्थानीय तहले नेपाल सरकारको पूर्व स्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न, गराउन सक्ने छैन । स्थानीय तहले यस्तो सहायताको परिचालन देहायका राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा गर्नु पर्नेछ :

- भौतिक पूर्वाधारको निर्माण, मर्मत र जिर्णोद्धार,
- शिक्षा, स्वास्थ्य र मानव विकास,
- स्वदेशी उत्पादन र उत्पादकत्व वृद्धि,
- रोजगारी सिर्जना र क्षमता विकास,
- विपद् व्यवस्थापन,
- विज्ञान तथा प्रविधिको विकास र विस्तार,
- वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकुलन,
- सार्वजनिक निजी साझेदारीमा गरिने लगानी,
- सार्वजनिक निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये वैदेशिक सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरू ।

परिच्छेद-दश

# स्थानीय तहको आर्थिक कार्यप्रणाली

नेपालको संविधानको भाग १९ मा स्थानीय आर्थिक कार्य प्रणालीको व्यवस्था गरिएको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा कानून बनाइ कर लगाउन वा ऋण लिन पाउँछन्। स्थानीय तहले राष्ट्रिय आर्थिक नीति,वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार व्यवस्थापन, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाइ कर लगाउन सक्छन् ।

| गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली | |
|---|---|
| स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद - १० मा भएको व्यवस्था | दफा ६९ स्थानीय सञ्चित कोष<br>दफा ७० आकस्मिक कोष<br>दफा ७१ बजेट पेश र पारित गर्ने<br>दफा ७२ आर्थिक वर्ष र आय ब्ययको लेखा<br>दफा ७३ खर्च गर्ने अख्तियारी र कार्यविधि<br>दफा ७४ सार्वजनिक खरीद गर्ने<br>दफा ७५ सञ्चित कोषमा जम्मा हुने<br>दफा ७६ कारोबारको लेखा<br>दफा ७७ लेखापरीक्षण<br>दफा ७८ आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नुपर्ने<br>दफा ७९ रकमान्तर<br>दफा ८० सूचना प्रविधि प्रयोग |

आर्थिक कार्यप्रणाली अन्तर्गत स्थानीय स्रोत परिचालन, कोष व्यवस्थापन, बजेट तर्जुमा तथा कार्यान्वयन, वित्तीय अनुशासन, खरिद व्यवस्थापन, लेखापालन, लेखापरीक्षण, आर्थिक प्रतिवेदन, आन्तरिक नियन्त्रण र वित्तीय जोखिम न्यूनीकरण जस्ता विषयहरू समेटिएको

हुन्छ । गाउँपालिका तथा नगरपालिकामा स्थानीय सञ्चित कोषको अतिरिक्त स्थानीय कानून बमोजिम आकस्मिक कोषसमेत स्थापना गरी सञ्चालन गर्न सक्छन् ।

## १०.१ स्थानीय सञ्चित कोष व्यवस्थापन

संविधानको धारा **२२९** बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकामा मूल कोषका रूपमा एक स्थानीय सञ्चित कोष रहन्छ । स्थानीय सञ्चित कोषमा प्राप्त हुन आउने सवै रकम बैङ्कमा खाता खोली जम्मा गर्नुपर्छ र कानुन बमोजिमको बाँकि राख्नुपर्ने रकम बाहेकको निश्चित रकम मात्र खर्च गर्नुपर्छ । स्थानीय सञ्चित कोषमा देहाय बमोजिमका रकम जम्मा गर्नुपर्छः

- आफूले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम,
- राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम,
- नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,
- प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,
- कुनै व्यक्ति, सङ्घ वा संस्थाबाट प्राप्त रकम,
- राष्ट्रिय प्राथमिकताको आधारमा गाउँपालिका तथा नगरपालिकाको लागि नेपाल सरकारले विदेशी सरकार, निकाय, सङ्घसंस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम,
- अन्य गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम,
- आन्तरिक ऋणबाट प्राप्त रकम,
- अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**आकस्मिक कोष** : गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछन ।

## १०.२ स्थानीय सञ्चित कोषबाट व्यय

देहाय बमोजिमका रकमहरू मात्र स्थानीय सञ्चित कोषबाट खर्च लेख्न सकिन्छ ।

- सभाले सञ्चित कोषबाट खर्च गर्न गरी स्वीकृत गरेको वार्षिक बजेट बमोजिमको रकम,
- वार्षिक बजेट विचाराधीन रहेको अवस्थामा दैनिक कार्य सञ्चालनको लागि पेश्कीका रूपमा विचाराधीन बजेटमा विनियोजित व्यय रकमको बढीमा एक तृतीयांश रकम,
- अदालतको फैसला बमोजिम गाउँपालिका वा नगरपालिकाले तिर्न वा बुझाउनु पर्ने रकम,
- आकस्मिक कोषको लागि सभाले तोकि दिएको रकम,
- गाउँपालिका तथा नगरपालिकाले लिएको ऋणको तिर्न पर्ने सावाँ तथा व्याज वापतको रकम ।

स्थानीय सञ्चित कोषबाट सिधै खर्च लेख्न सकिने छैन । स्थानीय सञ्चित कोषमा जम्मा भएको रकमलाई आवश्यकता अनुसार सञ्चालन खाता (Operating account) मा ट्रान्सफर गरी आर्थिक कारोवार गर्नु पर्छ । स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुन्छ।

## १०.३ सङ्घीय विभाज्य कोष

नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर एवं आन्तरिक उत्पादनबाट उठेको अन्तशुल्कको रकम र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको रकम बाँडफाँड गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी सो कोषमा जम्मा गर्नेछ । नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच बाँडफाँड गरिने मूल्य अभिृवृद्धिकर एवं आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्कको रकममध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा दाखिला गरिनेछ । यसबाट प्रदेशहरू तथा स्थानीय तहहरूलाई प्राप्त हुने रकम नेपाल सरकारले प्रदेशहरूले प्राप्त गर्ने रकम प्रदेश विभाज्य कोष रस्थानीय तहले प्राप्त गर्ने रकम स्थानीय विभाज्य कोष खडा गरी सो कोषमा जम्मा गर्नेछ । स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराइनेछ । प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड वार्षिक रूपमा गरी स्थानीय तहले प्राप्त गर्ने रकम सङ्घीय विभाज्य कोषबाट सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ ।

## १०.४ बजेट कार्यान्वयन

गाउँपालिका तथा नगरपालिकाले देहाय बमोजिम स्वीकृत बजेटको कार्यान्वयन गर्नु पर्नेछः

- सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्दछ ।
- अख्तियारी प्राप्त भएको पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेटसहित खर्च गर्ने अख्तियारी दिनु पर्दछ ।
- स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने वा राख्न लगाउने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने समेतको लेखासम्बन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुनेछ ।
- प्रमुख प्रशासकीय अधिकृत लेखा उत्तरदायी अधिकारी हुनेछ।
- स्थानीय सञ्चित कोषको सञ्चालन गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख तथा जिल्ला समन्वय समितिको कोषको सञ्चालन जिल्ला समन्वय अधिकारी र लेखा प्रमुखले गर्नेछ।
- त्यस्तो खाता ग ५ समूहका खाता (ग ५.१ देखि ग ५.१० सम्म) हुनेछन् र खाता खोल्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट दस्तखत नमुना प्रमाणित गराउनु पर्दछ ।

- खर्च खाताको सञ्चालन गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारी तथा जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्नेछ ।
- प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।
- कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन ।
- गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्नेछ । गाउँपालिका तथा नगरपालिकाले त्यस्तो मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गीकरण गर्न सक्नेछ ।
- स्थानीय तह, प्रदेश र सङ्घको समान आर्थिक प्रणाली कायम गर्नु पर्ने हुँदा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्नेछ । गाउँपालिका तथा नगरपालिकाले त्यस्तो मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गीकरण गर्न सक्नेछ। खर्च तथा राजश्वको वर्गीकरण र व्याख्याका लागि स्थानीय तहले महालेखापरीक्षक तथा अर्थ मन्त्रालयबाट स्वीकृत भई लागु भैसकेको नेपाल सरकारको लेखा प्रणाली अनुरूप हुने लेखासूची (Chart of Account) प्रयोग गर्नुपर्छ ।

## १०.५ आर्थिक वर्ष

गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्नेछ।

## १०.६ रकमान्तर

कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ । पूँजीगत खर्चमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न पाइने छैन ।

## १०.७ वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण

वित्तीय अनुशासन सुशासनको महत्वपूर्ण पक्ष हो । गाउँपालिका वा नगरपालिकाले आर्थिक कारोबार सञ्चालन गर्दा वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनुपर्छ । सुदृढआन्तरिक नियन्त्रण प्रणालीले नतिजामूलक व्यवस्थापनमा सहयोग पुग्दछ । वित्तीय व्यवस्थापनमा आन्तरिक नियन्त्रण प्रणालीले संस्थाको आर्थिक कारोवारको स्वःपरीक्षण एवम् निगरानीद्वारा वित्तीय जोखिम घटाई वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउँछ । आन्तरिक नियन्त्रण प्रणालीको अवलम्वनले संस्थामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनमा स्वच्छता, प्रभावकारिता एवम् नियमितता कायम गरी आन्तरिक रूपमा नै स्वतः नियन्त्रण गर्न सघाउ पुऱ्याउँछ । यसका लागि देहाय बमोजिमको कार्य प्रणाली अवलम्बन गर्नु पर्दछः

- सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, पारदर्शी, नियमितता र कार्यदक्षता पूर्ण ढङ्गबाट गर्नआन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्छ,
- आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरूप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेट्नु पर्छ,
- आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाउँपालिका वा नगरपालिकाको अध्यक्ष, प्रमुखवा जिल्ला समन्वय समितिको प्रमुख आफैंले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्छ,
- अनुगमनबाट देखिएका त्रुटिलाई सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने जिम्मेवारी सम्बन्धित अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुखको हुन्छ,
- स्थानीय तहको वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउनुपर्छ,
- गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्दछ,
- प्राप्त अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्छ,
- गाउँपालिका वा नगरपालिकाले वित्तीय व्यवस्थापनसम्बन्धी काम कारवाही पारदर्शी रूपमा गर्नुपर्छ,
- गाउँपालिका तथा नगरपालिकाले बजेट कार्यान्वयनको यथार्थ विवरण तयार गरी समय समयमा सार्वजनिक गर्नुपर्छ ।

## १०.८ खरिद व्यवस्थापन

आवश्यक वस्तु तथा सेवाहरू सही मूल्य, गुणस्तर, परिमाण र समयमै उपलब्ध गराउने समग्र क्रियाकलाप खरिद व्यवस्थापन हो । खरिद व्यवस्थापन अन्तर्गत संस्थाका लागि आवश्यक पर्ने वस्तु तथा सेवाहरूसम्बन्धी मागको विश्लेषणको आधारमा खरिद योजना तयार गरी संस्थाका लागि आवश्यक वस्तु तथा सेवाको प्राप्तिलाई व्यवस्थापन गर्नु पर्ने हुन्छ । गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नु पर्दा सङ्घीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्छ । सङ्घीय ऐनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाइ लागू गर्न सक्छन् ।

## १०.९ लेखापालन र आर्थिक प्रतिवेदन

संस्थाको आर्थिक कारोबारहरूको व्यवस्थित र विस्तृत अभिलेखन गर्नु नै लेखापालन हो । वित्तीय अभिलेखनको संक्षेपीकरण एवम् विश्लेषण गरी तयार गरिने समष्टिगत सारांश प्रस्तुतिलाई आर्थिक प्रतिवेदन भनिन्छ । लेखापालन वित्तीय कारोवारको प्रारम्भिक अभिलेखन हो भने आर्थिक प्रतिवेदन संस्थाको अन्तिम विन्दु हो । गाउँपालिका तथा नगरपालिकाको लेखापालन तथा वित्तीय प्रतिवेदन सम्बन्धमा निम्न बुँदाहरूमा ध्यान दिनु पर्दछ ।

- कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्दछ,
- प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ,
- आय र व्ययको हिसाब राख्दा सृजना भइसकेका दायित्व र जनाई सकेका प्रतिबद्ध रकमहरू स्पष्ट देखिने गरी दायित्व लेखा (Liability Account) र प्रतिबद्धता लेखा (Committed Account) राख्नुपर्छ,
- सम्पत्तिको लेखा राख्दा प्राप्तिको स्रोत समेत उल्लेख गरी चालु सम्पत्ति र स्थायी सम्पत्तिको बेग्ला बेग्लै हिसाव राख्नु पर्नेछ । स्थायी सम्पत्तिको हकमा खरिद वा प्राप्ति गर्दाको मिति र मूल्यसमेत देखिने गरी लेखाङ्कन गर्नुपर्छ,
- आय व्ययको लेखा राख्दा तोकिएको वर्गीकरण अनुसारको राजस्व र खर्च शीर्षकमा राख्नुपर्छ,
- प्रमुख प्रशासकीय अधिकृतले कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्छ,
- गाउँपालिका, नगरपालिका तथा वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्छ,
- स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, स्थानीय तह हेर्ने सङ्घीय मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्छ,

| स्थानीय सरकार सञ्चालन ऐनको दफा ८० |
|---|
| मन्त्रालयले स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारवाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नु पर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्नेछ । |

- महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा चौमासिक तथा वार्षिक आर्थिक प्रतिवेदनहरू तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ । यस्तो वार्षिक प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तोकिएको अवधीभित्र महालेखा परीक्षकको कार्यालयमा बुझाउनुपर्छ,
- नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards -NPSAS)को खाका अनुरूप चल अचल सम्पत्ति मूल्याङ्कन र तेस्रो पक्ष भुक्तानी एवम् दायित्वको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा वार्षिक प्रतिवेदन गर्नुपर्छ,
- लेखा व्यवस्थापन तथा वित्तीय चित्रणको दक्षता अभिवृद्धि, एकीकरण (consolidation) एवं वित्तिय प्रतिवदेन सुधारका लागि स्थानीय तहले सूचनाको प्रविधिको प्रयोगलाई बढाउँदै लैजानुपर्ने हुन्छ ।

## १०.१० सम्पत्ति व्यवस्थापन

सम्पत्ति भनेको संस्थाको आफ्नो उद्देश्य प्राप्तिका लागि उपयोग वा प्रयोग गरिएको भौतिक सम्पत्ति हो । सम्पत्ति चालु र स्थीर गरी दुई प्रकारको हुन्छ । चालु सम्पत्तिको प्रयोगबाट तत्काल खपत हुने, छोटो समयावधीको आयु भएको र खपत पश्चात् सोको पुनः उपयोग नहुने अस्थाई प्रकृतिका सम्पत्तिलाई बुझाउँदछ । स्थीर सम्पत्तिले लामो समयसम्म टिकाउ हुने स्थायी प्रकृतिका पूँजीगत सम्पत्तिलाई बुझाउँदछ ।

**गाउँपालिका तथा नगरपालिकाको सम्पत्ति :** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको देहायको सम्पत्तिको रेखदेख, मर्मतसम्भार तथा अन्य प्रबन्ध गर्नुपर्छः

- सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति,
- आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति,
- ढल, नाला, पुल, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक,बाटो र सडकका दायाँ बायाँका रुख,
- आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बगैंचा, बसपार्क वा अन्य संरचना,

- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र तथा राष्ट्रिय वनबाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन,
- संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा,
- प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले तोकी दिएको प्राकृतिक सम्पदा तथा क्षेत्र ।

गाउँपालिका तथा नगरपालिकाले यस्तो सम्पत्तिको अद्यावधिक अभिलेख राख्नु पर्नेछ र आफ्नो नाममा रहेको अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति नलिई बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाउने छैन ।

**जिल्लासभाको सम्पत्ति :** जिल्लासभाको क्षेत्रभित्रको देहायका सम्पत्ति उपर जिल्लासभाको हक हुनेछ र जिल्ला सभाले त्यस्तो सम्पत्तिको रेखदेख, मर्मत र सम्भार तथा अन्य प्रबन्ध गर्नु पर्नेछ :-

- जिल्लासभाको स्वामित्वमा भएको वा जिल्लासभाको कोषबाट खरिद वा निर्माण गरेको जग्गा, भवन, सवारी साधन, मेसिन, औजार लगायतका सम्पत्ति,
- नेपाल सरकार, प्रदेश सरकार वा कुनै संस्था वा व्यक्तिबाट हक हस्तान्तरण भई प्राप्त हुने सम्पत्ति,
- जिल्लासभाको सम्पत्ति नेपाल सरकारको स्वीकृति नलिई बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाउने छैन,
- जिल्लासभाको उपयोगको लागि बढी हुने देखिएको वा जिल्ला सभाले सिफारिस गरेको कुनै सम्पत्ति सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कुनै गाउँपालिका वा नगरपालिका वा अन्य सरकारी निकायलाई उपभोग गर्नका लागि उपलब्ध गराउन वा हक हस्तान्तरण गर्न बाधा पर्ने छैन । त्यस्तो जग्गा वा भवनको हक हस्तान्तरण गर्दा नेपाल सरकारबाट निर्णय भएको हुनु पर्नेछ ।

**विषयगत मन्त्रालयको सम्पत्ति, दायित्व तथा बजेटको स्थानान्तरण :** नेपाल सरकारका विषयगत मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ भएको मितिले छ महिनाभित्र आफू मातहतका निकायहरूको सङ्गठनात्मक संरचना पुनरावलोकन गरी गाउँपालिका वा नगरपालिकाको कार्य जिम्मेवारी अनुसार विषयगत निकायको नाममा रहेको सम्पत्ति, दायित्व तथा बजेट सम्बन्धित गाउँपालिका वा नगरपालिकामा स्थानान्तरण हुने व्यवस्था गर्नु पर्नेछ।

## १०.११ लेखापरीक्षण तथा बेरुजु फछर्यौट

**आन्तरिक लेखापरीक्षण :** आन्तरिक लेखापरीक्षणले संस्थाको आर्थिक कार्य सम्पादनमा आवश्यक वित्तीय अनुशासन कायम गर्न मद्दत मिल्छ । आन्तरिक लेखापरीक्षणको अवधारणा बमोजिम संस्थाको हर हिसाब तथा वित्तीय विवरणहरू तयार गरी संस्थाको प्रमूख समक्ष प्रतिवेदन पेश गरिन्छ ।

स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्छ। आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्छ। आन्तरिक लेखा परीक्षणको एक प्रति अन्तिम लेखा परीक्षणका लागि खटिने डोर वा महालेखा परीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलब्ध गराउनु पर्छ। गाउँपालिका तथा नगरपालिकाको आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कार्यविधि कानून बमोजिम हुन्छ । स्थानीय तहमा गरिने आन्तरिक लेखापरीक्षणमा निम्न कार्यहरूको परीक्षण गरिनु पर्ने हुन्छ,

- स्थानीय तहको वित्त व्यवस्थापनमा स्वीकृत नीति तथा प्रक्रियाहरू अवलम्वन भए नभएको,
- आर्थिक कारोबार प्रचलित कानुन बमोजिम भए नभएको,
- वित्तीय कार्यसञ्चालनको प्रभावकारिता, मितव्ययिता र दक्षताको मापन गरे नगरेको,
- तयार गरिएका लेखा तथा वित्तीय विवरणहरू पूर्ण एवम् यर्थाथ भए नभएको,
- सम्पत्तिहरूको अभिलेखन अद्यावधिक भए नभएको,
- सम्पत्तिहरूको संरक्षण भए नभएको ।

**अन्तिम लेखापरीक्षण :** अन्तिम लेखापरीक्षणले संस्थाको समष्टिगत कार्य सम्पादनमा स्वच्छता, यथार्थता, जवाफदेहिता, इमान्दारिता, पेसागत विज्ञता एवम् पारदर्शिताको परीक्षण गर्ने गर्दछ । सार्वजनिक क्षेत्रको अन्तिम लेखापरीक्षणले स्वतन्त्र एवम् गुणस्तरीय तरिकाले परीक्षण गरी सार्वजनिक कोषको प्रभावकारी उपयोग भए नभएको सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ । नेपालको संविधानको धारा २४१ बमोजिम स्थानीय तहको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था छ ।

स्थानीय तहको लेखापरीक्षण गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता भए नभएको परीक्षण गरिन्छ । महालेखा परीक्षकलाई लेखासम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार र त्यस्तो कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुन्छ । गाउँपालिका तथा नगरपालिकाले लेखा राख्दा सङ्घीय कानून बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राख्नु पर्छ ।

**बेरुजु फछ्र्यौट** : महालेखा परीक्षकबाट कायम भएका बेरुजुहरूको संपरीक्षण गर्दा आवश्यक प्रमाणहरू र पुष्टयाई पेश गर्नुपर्छ । संपरीक्षण हुन नसकेका बेरुजुहरूको सम्बन्धमा जिम्मेवार संस्था वा व्यक्ति उपर आवश्यक कार्बाही गरी फछ्र्यौट गर्नु गराउनु पर्छ । महालेखा परीक्षकबाट कायम भएका बेरुजुहरूको अघिल्लो वर्षबाट जिम्मेवारी सरेको बेरुजु, थप कायम भएको बेरुजु, संपरीक्षण भएको बेरुजु र बाँकी रहेको बेरुजु देखिने गरी अद्यावधिक अभिलेख राख्नु पर्छ । महालेखा परीक्षकबाट कायम भएका बेरुजुहरूको विवरण वार्षिक रूपमा सभामा पेश गर्नुपर्छ ।

## १०.१२ वित्तीय जोखिम न्यूनीकरण

सङ्गठनले तय गरेको लक्ष्य वा उद्देश्य हासिल गर्नका लागि निश्चित क्रियाकलापहरू चयन गर्नुका साथै सोही अनुरूप बजेटको पनि व्यवस्था गरिएको हुन्छ । किनभने हरेक कामलाई दामले पछ्याउनु पर्दछ । तर कहिलेकाहिँ जानेर होस् वा लापरवाहीले होस् एक शीर्षकमा विनियोजित रकमलाई अर्के शीर्षकमा खर्च लेख्ने पनि गरिन्छ । जस्तैः विगतमा स्थानीय निकाय अनुदान सञ्चालन कार्यविधि अनुसार लक्षित वर्गका लागि कम्तिमा ३५ प्रतिशत रकम विनियोजन गर्नुपर्ने भन्ने व्यवस्था थियो तर व्यवहारमा कतिपय स्थानीय निकायले महिला लक्षित बजेट डोजर लगाउनमा पनि प्रयोग गर्ने र महिलाले पनि त सडकको प्रयोग गर्दछन् भन्ने प्रतिकृया दिइन्थ्यो । तर महिला लक्षित कार्यक्रमको मर्म त्यो थिएन । जानेर वा नजानेर त्यस्ता घटनाहरू भए । यसलाई वित्तीय जोखिमको एउटा सामान्य उदाहरणको रूपमा लिन सकिन्छ ।

अतः वित्तीय जोखिम भनेको बजेटलाई तोकिएको क्षेत्रमा खर्च नगर्नु, वाञ्छित नतिजा प्राप्त नहुनु अर्थात बजेटको महत्व वा सार्थकता (Value for money) लाई वेवास्ता गर्नु वित्तीय जोखिम हो । वित्तीय जोखिममा एउटा शीर्षकको रकम अन्यत्र खर्च गर्ने वा अभिलेखन गर्नेमात्र नभई यस भित्र निम्न कुराहरू पर्दछन् :

**(क) प्रक्रियागत जोखिम :** मनसाय असल हुँदाहुँदै पनि कहिलेकाहीँ रकम खर्च गर्दा आवश्यक विधि नपुगेको हुन सक्दछ । सम्बन्धित खरिद ऐन तथा लेखाको मान्य सिद्धान्त विपरित हुनु भनेको नै रित नपुग्नु हो र यो नै प्रक्रियागत जोखिम (Process risk) हो । कहिलेकाहीँ समयमा काम सक्ने हतारले प्रक्रिया मिचेर काम गर्दा अपेक्षित नतिजा त निस्केला तर प्रक्रिया मिचेर वा वेवास्ता गरी गरिने खर्चले वित्तीय जोखिम बढाउँदछ ।

**(ख) भ्रष्टाचारजन्य जोखिम :** गलत मनसायले आर्थिक कारोवार गर्नु भ्रष्टाचारजन्य वित्तीय जोखिम हो । जस्तैः अभिलेख हेर्दा रित पुगको देखिनु तर यथार्थमा काम अन्य प्रयोजनमा हुनु भ्रष्टाचारजन्य जोखिम (Corruption risk) को एउटा उदाहरण हो । निर्णय लिने पदाधिकारीले व्यक्तिगत लाभका कारण प्राथमिकतामा नपरेको शीर्षकमा खर्च गर्न स्वीकृती दिनु पनि भ्रष्टाचारजन्य जोखिम हो ।

**(ग) नतिजामा जोखिम :** नतिजा प्राप्तीका लागि सार्वजनिक स्रोतको परिचालन गरिएको हुन्छ । सो अनुरूप नतिजा प्राप्त भएन भने त्यो नतिजामा हुने जोखिम (Result risk) हो । कहिलेकाहिँ छिटो नतिजा निकाल्न खोज्दा नतिजा त निस्कने तर प्रक्रिया मिचिने र प्रक्रिया पुऱ्याई काम गर्दा समय अभावले नतिजा ननिस्कने जोखिम हुन्छ ।

विगत वर्षदेखि नेपालको सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा वित्तीय जोखिम एउटा महत्वपुर्ण मुद्दा बनेको छ । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सन् २०१२ देखि २०१५ को अवधीमा वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना नै बनाइ कार्यान्वयन गरेको थियो । अपेक्षित रूपमा सफल नभए पनि यसबाट साविकका केही स्थानीय निकायमा आँशिक सुधार आएको थियो । वित्तीय जोखिमका लागि एक दुईवटा मात्रै कारण नभएर विभिन्न पक्षहरू जिम्मेवार हुन्छन् । नेपालको सन्दर्भमा वित्तीय जोखिम बढ्नुमा निम्न कारणहरू जिम्मेवार मानिन्छन्;

(क) कमजोर निगरानी र नियन्त्रण पद्धति (Weak oversight and control system)
(ख) अपर्याप्त संस्थागत क्षमता (Inadequate organizational capacity)
(ग) भ्रष्टाचारजन्य गतिविधीमा वृद्धि (Increasing trend of corruption)
(घ) सहभागितात्मक योजना निर्माण पद्धतिलाई सही रूपमा अवलम्वन गर्न नसक्नु (Non-compliance with participatory planning process)
(ङ) बजेट उपलब्ध गराउनमा ढिलाई (Delay in budget releasing)
(च) कमजोर कार्यसम्पादन, गुणस्तर नियन्त्रण र राजस्व व्यवस्थापन (Weak performance, quality control and revenue management)

खासगरी तथ्याङ्क संकलन गर्दा नियतवस गलत सूचना संकलन गर्ने र त्यसैका आधारमा योजनाका बारेमा निर्णय लिनु, गुणस्तर नियन्त्रणमा लापरवाही हुनु, बजेट बाँडफाँड गर्दा ठूलो रकम अवण्डा राख्नु, खरिद प्रक्रियामा अवाञ्छित रूपमा चलखेल हुनु तथा सार्वजनिक निकायबाट निस्प्रभावी अनुगमन तथा मूल्याङ्कन हुनु पनि वित्तीय जोखिम बढ्नुका कारणहरू हुन् ।

वित्तीय जोखिमहरूलाई न्यूनीकरण गर्दै स्थानीय तहको आर्थिक कार्यप्रणालीलाई मितव्ययी र प्रभावकारी तुल्याइनु आवश्यक हुन्छ । वित्तीय जोखिम न्यूनीकरण अन्तर्गत वित्तीय साधनको परिचालनसम्बन्धी कठिनाई, वित्तीय जवाफदेहिताको कमी, वित्तीय स्रोत साधनको उपयोगमा अपारदर्शिता एवम् अप्रभावकारिता जस्ता जोखिमहरू न्यूनीकरण गर्नुपर्दछ । नेपालको सन्दर्भमा स्थानीय तहमा वित्तीय जोखिम न्यूनीकरणका लागि निम्न बुँदाहरू विचारणीय मानिन्छन्;

(क) आवश्यक आर्थिक स्रोतको अभावमा वा स्रोत साधनको बाँडफाँड समन्यायिक हुन नसकेको कारणबाट उत्पन्न हुनसक्ने जोखिमलाई पुनरावृत हुन नदिन

स्थानीयस्तरमा स्रोत परिचालनका साथै स्रोत साधनको बाँडफाँड बीचमा अधिकतम तालमेल कायम गर्नुपर्ने,

(ख) आर्थिक ऐन नियमले निर्धारण गरेको प्रक्रिया तथा कार्यविधिहरू अवलम्वन गरी वित्तीय कारोवारमा पारदर्शिता एवम् जवाफदेहिता कायम हुन नसकेमा सार्वजनिक कोषको सम्भावित अपव्यय तथा हिनामिनलाई नियन्त्रण गर्न वित्तीय कारोवारसँग सम्बन्धित पदाधिकारीहरूका लागि विशेष आचारसंहिता निर्माण गरी सोको प्रभावकारी कार्यान्वयन र निगरानी गर्नुपर्ने,

(ग) विनियोजित बजेट खर्च गर्ने क्षमता वृद्धि गरिनुका साथै समयमै बजेट निकासा हुन नसकी टेण्डर प्रक्रियामा ढिलाई हुने, निर्माण कार्यको बिल समयमा प्राप्त नहुने, ठेकदारले समयमै काम नगर्ने जस्ता कारणबाट विनियोजन भएको पूँजिगत तर्फको सिमित बजेट समेत खर्च हुन नसकी फिर्ता पठाउनुपर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनुपर्ने,

(घ) वित्तीय व्यवस्थापनलाई प्रभावकारी, मितव्ययी एवम् जवाफदेही तुल्याउन वित्तीय जवाफदेहिता सम्बन्धी स्थानीय कानून बनाइ लागू गर्नुपर्ने,

(ङ) सार्वजनिक निकायका रूपमा रहेका स्थानीय सरकारले सेवा प्रदान गर्ने निजी क्षेत्रका सङ्घसंस्थाको प्रतिकृया लिएर सार्वजनिक खरिद प्रशासन, सार्वजनिक वित्त व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनमा भएका कमीकमजोरीहरू सुधार गर्ने,

(च) सूचनामा सर्वसाधारणको सहज पहुँच स्थापना गर्नुका साथै पादर्शिता र जवाफदेहिताका औजारहरूको अधिकतम प्रयोग गरी सम्भाव्य वित्तीय जोखिम तथा त्यसबाट सृजना हुनसक्ने नकारात्मक अवस्थाहरूबाट बच्न सकिन्छ ।

सारांशमा, योजना निर्माणको चरणमा अधिकाधिक जनसहभागिता जुटाउने, धेरै चरणमा छलफल गर्ने, बजेट बाँडफाँड यथार्थपरक रूपमा गर्ने, ठूलो आकारको रकम अवण्डा नराख्ने,विस्तृत कार्ययोजना (कार्यपात्रो) निर्माण गरी सोही अनुरूप कार्यान्वयनमा जाने, वार्षिक खरिद योजना बनाइसोही अनुरूप मालसामान वा सेवा खरिद गर्ने, नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धति अवलम्बन गर्ने जस्ता कार्यहरूबाट वित्तीय जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

वित्तिय जोखिम न्यूनीकरणमा ठोस काम हुनका लागि माथि उल्लेखित विषयलाई योजनाको चरणदेखि अनुगमन तथा लेखापरीक्षणसम्मका क्रियाकलापहरूमा निरन्तर ध्यान दिनुपर्छ । स्थानीय तहले सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा उत्तरदायित्व र पारदर्शितासम्बन्धी आवधिक कार्ययोजना बनाइ सोको कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्नु पर्दछ र कार्ययोजना बमोजिमको भए नभएको अनुगमन प्रणाली र संयत्रसमेतको व्यवस्था गर्नु पर्दछ ।

परिच्छेद-एघार

# स्थानीय तहको न्यायिक अधिकार तथा न्याय सम्पादन प्रक्रिया

## ११.१ पृष्ठभूमिः

लोकतान्त्रिक शासन प्रणालीको महत्वपूर्ण आधार स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायप्रणाली र सोको संरचनागत व्यवस्था हो । आधुनिक लोकतन्त्रमा विधिको शासन, सीमित सरकार र जवाफदेही राज्यव्यवस्थालाई साकार रूप दिन स्वतन्त्र न्यायालय अनिवार्य शर्त नै हो । कार्यकारिणीको स्वेच्छाचारीताबाट नागरिकलाई बचाउने रक्षा कवचको रूपमा स्वतन्त्र न्यायपालिका रहेको हुन्छ । विधिशास्त्रीय मान्यताअनुसार कार्यपालिकाबाट कानूनको परिपालन विधायिकाको मनसाय अनुसारनै भएको छ भनी जनतालाई विश्वस्त गर्ने काम न्यायपालिकाले गर्दछ ।

सङ्घीयतामा राज्यका सवै तहका सरकारबाट नागरिकका मौलिक अधिकारको रक्षा तथा प्रवर्द्धन गर्ने जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ । तथापि, सङ्घियता लागू भएका सवै मुलुकमा न्यायपालिकाको तहगत संरचना एकै खालको रहेको भने पाइदैन। नेपालको संविधानले सङ्घीय ढाँचामा नेपालको न्यायालयको प्रबन्ध गर्दै सङ्घीय तहमा सर्वोच्च अदालत तथा प्रत्येक प्रदेशमा उच्च अदालत रहने व्यवस्था गरेको छ । प्रत्येक जिल्लामा जिल्ला अदालत रहनेछन् भने प्रत्येक गाउँपालिका र नगरपालिका तहमा न्यायिक समिति रहने व्यवस्था संविधानले गरेको छ । सङ्घीय राज्यप्रणालीमा राज्यका विभिन्न तहगत सरकार बीच बेलावखत उत्पन्न हुने संवैधानिक तथा कानुनी विवादका विषयमा न्याय निरुपण गर्न पनि न्यायपालिकाको भूमिका अहम हुने गर्दछ । यसका लागि नेपालको संविधानले सर्वोच्च अदालतमा अन्तर सरकार बीचका राजनीतिक विवाद समाधान गर्नका लागि एक संवैधानिक इजलास रहने व्यवस्था गरेको छ ।

नेपालमा स्थानीय निकाय तहबाट कुनै न कुनै खालको न्याय निरुपणको अभ्यास निकै पहिलेदेखि हुँदै आएको देखिन्छ । स्थानीय निकायहरू आफ्नो स्थापना कालदेखि नै मुख्यतः स्थानीय तहमा विशेष गरी शान्ति, अमनचयन र कानुनी रितिस्थिति कायम गर्न स्थापना भएको पाइन्छ ।

विसं १९८३ साल बैशाख २७ गते जारी गरिएको सनदबाट दाङ देउखुरी जिल्लाका रैतिले मान्यजन पञ्चहरूबाट रेखदेख गरी पञ्चायती इलाकाभित्रका थारु जातका जात, रितिथिति, झगडा, मुद्दा अमालीले फैसला गर्न पाउने अख्तियारी भित्रको मुद्दा निरुपण गर्न पाउने गरी मान्यजन पञ्चहरूलाई अख्तियारी दिइएको पाइन्छ । विसं १९९३ सालबाट पञ्चायत खडा गरिदिने सनदबाट व्यवस्था भए बमोजिम दुनियाँले छानेका पञ्चहरू राखी "ऐनले मिलाउन हुने मुद्दा सम्झाई बुझाई मिलाई दिने" भन्ने अधिकार दिएको देखिन्छ। पञ्चायतबाट मिलाउन पाउने मुद्दामा पञ्चायतमा नगई सोझै अदालत अमिनिमा नालिस नलाग्ने र पञ्चायतले नालिस दिन जानु भनी गरिदिएको निस्सा पूर्जि लिई आएपछि मात्र नालेस लाग्ने गरी उक्त सनदमा व्यवस्था गरेको देखिन्छ ।

गाउँ पञ्चायत ऐन, २०१८ ले पनि न्यायिक अधिकारको सम्बन्धमा व्यवस्था गर्दै जतिसुकै विगो, दण्ड वा कैद हुने भए पनि गाउँ पञ्चायत क्षेत्रभित्रको तोकिएका मुद्दाको सुरु कारवाही र किनारा गर्ने अधिकार सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै वा सवै गाउँ पञ्चायतलाई दिनसक्ने व्यवस्था गरेको थियो । सो व्यवस्थाको प्रयोग वि.सं. २०३७/५/३० गते सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अधिराज्यका सम्पूर्ण गाउँ पञ्चायतहरूबाट भयो । तथापी उल्लिखित कालमा न्यायिक अधिकारको प्रयोग समेत स्थानीय कार्यकारिणीकै जिम्मामा छोडेको देखिन्छ र शक्तिको पृथकीकरण र सन्तुलनको अवधारणा भने लागू हुन सकेको देखिदैन ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३३ र १०१ ले गाउँ विकास समिति र नगरपालिका तहमा स्थानीय परिषदले सूचीकृत गरेका मध्यस्थकर्ताहरूबाट मेलमिलाप र मध्यस्थता प्रक्रिया अपनाई न्याय निरुपण गर्ने व्यवस्था गरेको थियो । राजपत्रमा सूचना प्रकाशित गरी उक्त अधिकारक्षेत्र लागू हुने व्यवस्था रहेकोमा सो हुन नसकी कार्यान्वयनमा भने आउन सकेन ।

उल्लिखित सन्दर्भमा नेपालको संविधानको धारा १२७ को उपधारा (२) अनुसार तीन तहका अदालतबाहेक कानुन बमोजिम मुद्दा हेर्न स्थानीयस्तरमा अन्य न्यायिक निकाय गठन गर्न सकिने वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्नसकिने प्रावधान रहेको छ । संविधानको धारा २१७ मा आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा एक न्यायिक समिति रहने प्रावधान छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-८ तथा दफा ४६ देखि दफा ५३ सम्म न्यायिक समितिको गठन, न्यायिक समितिको अधिकारक्षेत्र, न्याय निरुपण प्रक्रियाको व्यवस्था गरिएको छ ।

## ११.२ स्थानीय तहमा न्यायिक अधिकारको औचित्य

न्याय गरेर मात्र हुँदैन, न्याय गरेको देखिनु पनि पर्दछ भन्ने विधि शास्त्रिय मान्यता रहेको हुन्छ । कानूनको सिद्धान्तले ढिलो न्याय प्राप्त गर्नु पनि न्याय नपाउनु जस्तै हो । जनतालाई शीघ्र न्याय प्राप्त होस् र त्यस्तो न्याय स्थानीयस्तरबाटै प्राप्त हुन सकोस् भन्ने उद्देश्य रहेको हुन्छ । हाल विश्वमा प्रचलित औपचारिक न्यायालयहरूबाट मात्र न्याय निरुपण नगरी वैकल्पिक उपायका रूपमा स्थानीय तहमा नै मेलमिलाप र मध्यस्थताजस्ता न्यायिक संरचना र विधिहरू अभ्यास हुँदै आएका छन् । स्थानीयस्तरमा हुने न्यायिक निर्णयहरू यथार्थ घटनासँग परिचित हुने तथा औपचारिक न्यायप्रणाली झन्झटिलो, बढी खर्चिलो तथा कमजोर सामाजिक र आर्थिक अवस्था भएका नागरिकका लागि सहज पहुँचयोग्य नहुने कारणले वैकल्पिक विवाद समाधानका उपायद्वारा विवाद समाधान गर्ने पद्वति अपनाई न्यायमा पिडितको सन्तुष्टी बढाउने अभ्यास गरिएको हुन्छ । विवादको समाधान स्थानीय स्तरमै हुन सक्दा न्यायमा पहुँच, सुगमता, सरलता र विश्वसनीयता बढ्न जान्छ । यसबाट स्थानीय व्यक्तिद्वारा नै स्थानीय समस्याको समाधान गर्ने स्वायत्त शासनको उद्देश्य प्राप्तिमा सहयोग पुग्छ र विवादको स्थायी समाधान र सामाजिक सद्भाव र शान्तिको वातावरण तयार गर्न सघाउ पुग्छ ।

## ११.३ न्यायिक समितिको व्यवस्था र विवाद निरुपण गर्ने प्रक्रिया

नेपालको संविधानको धारा २१७ बमोजिम कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उप-प्रमुखको संयोजकत्वमा तीन सदस्य रहेको एक न्यायिक समिति रहने व्यवस्था छ । न्यायिक समितिमा गाउँसभा तथा नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरू रहन्छन् । न्यायिक समितिका सदस्य निर्वाचित गर्दा सभामा भएको सामाजिक समाबेशीतालाई ध्यान दिइ महिलाको प्रतिनिधित्व भए नभएको सुनिश्चित गरी गर्नुपर्छ ।

न्यायिक समितिका संयोजक र सवै सदस्यले कारवाही र किनारा गर्न नमिल्ने निजी सरोकार वा स्वार्थ गाँसिएको वा नाताभित्रका व्यक्तिसँग सम्बन्धित विवाद भएमा त्यस्तो विवादको निरुपण गर्न सम्बन्धित सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारवाही र किनारा गर्ने गरी तोक्नु पर्दछ । न्यायिक समितिबाट न्याय निरुपण गर्दा वा अधिकार क्षेत्रको प्रयोग गर्दा निम्न बमोजिम गर्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छः

- न्याय निरुपण गर्दा न्यायिक समितिको संयोजक र सदस्यहरूले सामूहिक रूपले निर्णय गर्नुपर्ने र बहुमतको राय न्यायिक समितिको निर्णय मानिने,
- न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारवाही र किनारा गर्न सकिने,
- न्यायिक समितिको संयोजक बाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारवाही गर्न सकिने,

- कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतिमा विवादको कारवाही र किनारा गर्न सकिने,
- कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा सम्बन्धित संयोजक वा सदस्यले त्यस्तो विवाद निरूपणमा सहभागी नहुने,
- संयोजक वा कुनै सदस्यले हेर्न नमिल्ने विवादको हकमा निज बाहेकका अन्य सदस्यले विवादको कारवाही र किनारा गर्न सक्ने,

## ११.४ न्यायिक समितिले हेर्न मिल्ने विवादका विषयहरू

न्यायिक  समितिलाई केही विवादको निरूपण गर्न सक्ने र केही विवादहरूमा मेलमिलाप गर्ने सम्मको प्रक्रिया अपनाई विवादको निरूपण गर्ने अधिकारक्षेत्र हुने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ । जस अनुसार न्यायिक समितिलाई तल ११.४.१ मा उल्लिखित विवादको निरूपण गर्ने र ११.४.२ मा उल्लिखित विवादको मेलमिलापको माध्यमबाटमात्र निरूपण गर्ने अधिकार हुनेछ :-

### ११.४.१ न्यायिक समितिले विवादको निरूपण गर्न सक्ने विषयहरू

न्यायिक समितिलाई देहायका विवादहरूको निरूपण गर्ने अधिकार रहेको छ ।

- आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोगसम्बन्धी विवाद,
- अर्काको बाली नोक्सानी गरेको सम्बन्धी विवाद,
- चरन, घाँस, दाउराको उपयोगसम्बन्धी विवाद,
- ज्याला मजुरी नदिएको सम्बन्धी विवाद,
- घरपालुवा पशुपक्षी हराएको वा पाएको सम्बन्धी विवाद,
- जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको सम्बन्धी विवाद,
- नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जतआमद अनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको सम्बन्धी विवाद,
- वार्षिक पच्चीस लाख रुपैयाँसम्मको विगो भएको घर बहाल र घर बहाल सुविधासम्बन्धी विवाद,
- अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी  रुख बिरुवा लगाएको सम्बन्धी विवाद,
- आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको सम्बन्धी विवाद,
- संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको सम्बन्धी विवाद,

- कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको सम्बन्धी विवाद,
- सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

यस्ता विवादमा न्यायिक समितिले आफूसमक्ष पेश भएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्छ । पक्षहरूबीच मिलापत्र हुन नसकेमा न्यायिक समितिले कानून बमोजिम विवादको कारवाही र किनारा गर्नुपर्छ ।



### ११.४.२ मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने विषय

न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार रहेको छ । यस्ता विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्छन् ।

- सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएकोसम्बन्धी विवाद,
- सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको सम्बन्धी विवाद,
- पति-पत्नीबीचको सम्बन्ध विच्छेदसम्बन्धी विवाद,
- अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिटसम्बन्धी विवाद,
- गाली बेइज्जतीसम्बन्धी विवाद,
- लुटपिटसम्बन्धी विवाद,
- पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको सम्बन्धी विवाद,
- अरुको आवासमा अनधिकृत प्रवेश गरेको सम्बन्धी विवाद,
- अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको सम्बन्धी विवाद,
- ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको सम्बन्धी विवाद,
- प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

उल्लिखित **११.४.१.** र **११.४.२** अन्तर्गतका विवादहरूमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले पैँतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्छ ।

## ११.५ न्याय निरुपण गर्ने प्रकिया

**पक्षको निवेदन दर्ता गरी विवादको कारवाही किनारा गर्ने :** न्यायिक समितिले माथि उल्लिखित अधिकारक्षेत्र भित्रका विवादमा पिडित पक्षको निवेदन दर्ता गरेर मात्र विवादको विषयमा कारवाही र किनारा अगाडी बढाउनु पर्छ । यसका लागि स्थानीय तहले निवेदनको स्वीकृत ढाँचा तयार गरी सम्बन्धित पक्षलाई स्थानीय तहको वेब साईट वा वडा कार्यालयमार्फत सजिलै उपलब्ध हुने व्यवस्था गर्न सक्छन् ।

**विवादका पक्षहरूको कुरा सुन्ने :** विवादका पक्षमध्ये कुनै एक पक्षको निवेदन दर्ता भैसकेपछी सम्बन्धित अर्को पक्षलाई  प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष प्रतिबादी उपस्थित हुनु पर्ने म्याद किटिएको भए सोही म्यादभित्र र म्याद किटिएको नभएमा बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र प्रतिबादी आफैं वा आफ्नो वारेसमार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनु भनी निज उपर लागेको आरोपको संक्षिप्त व्यहोरा सहित सो विषयमा आफ्नो लिखित जवाफ पेस गर्न समय दिनु पर्छ । न्यायिक समितिले एक पक्षको मात्र कुरा सुनी विवादको निरुपण गर्नु हुँदैन । अत: विवादका बादी र प्रतिबादी दुवै थरीको कुरा सुनी विवाद माथिको कारवाही र किनारा आगाडी बढाउनु पर्छ ।

**मेलमिलापकर्ताबाट मिलापत्र गराउने :** विवादको निरुपण गर्दा सम्भव भएसम्म विवादका पक्षहरूबीच मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्छ। पक्षहरूबीच मिलापत्र गराउँदा भद्रभलाद्मी, बुद्धिजीवी, न्यायिक, प्रशासनिक तथा सामाजिक क्षेत्रको सीप र अनुभव भएका व्यक्तित्वहरू रहने गरी न्यायिक समितिले मेलमिलाप कर्ताहरूको वडागत आधारमा सूचीकृत गरी सूचीकृत मेलमिलापकर्ताबाट मात्र मिलापत्र गराउनु पर्छ । न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्नेछ । कुनै वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरूले रोजेको वा सो विषयमा पक्षहरूबीच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्वारा विवाद समाधानको लागि पठाउन सक्नेछ ।

## मेलमिलापकर्ताको भूमिका

मध्यस्थ प्रक्रियामा विवादित पक्षहरूलाई स्वीकार्य हुने उपाय खोजी समाधानको अवस्थामा पुऱ्याउने तेश्रो पक्षको रूपमा संलग्न व्यक्तिलाई मेलमिलापकर्ता (Mediator) भनिन्छ । मध्यस्थ प्रक्रियामा मेलमिलापकर्ताको भूमिका देहाय बमोजिम हुनु आवश्यक हुन्छ ।

- निजी वा सामूहिक तवरमा विवाद समाधानका उपायहरू पत्ता लगाउने ।
- विवादित पक्ष र उनीहरूका प्रतिनिधिहरूलाई सही समाधान खोजी गर्न सघाउने । विवादका दुवै पक्षलाई उनीहरूका कुरा भन्न र एक अर्कालाई बुझ्न सहयोग गर्ने ।
- पक्ष वा विपक्षमा नलागि तटस्थ व्यक्तिको रूपमा विवादित पक्षहरूलाई विवाद समाधानका विकल्पबारे छलफल गर्न प्रेरित गर्ने ।
- सहमति व सम्झौताका बुँदाहरू यकिन गरी दुवै पक्षलाई मान्य हुने निर्णयमा पुग्न सघाउने ।



**न्यायिक समितिले रोक्का राख्न आदेश दिन सक्ने** : न्यायिक समितिले आफू समक्ष परेको विवादमा बादीले प्रतिबादीको नाममा कुनै बैङ्क, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम यथास्थितिमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिबादीको हक भोगको कुनै अचल सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्का गर्नको लागि निवेदन दिएकोमा प्रारम्भिक जाँचबुझबाट सो बमोजिम गर्न उपयुक्त देखेमा अवधि तोकी रोक्काको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनुपर्छ ।

**अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने** : न्यायिक समितिले अधिकारक्षेत्र प्रयोग गर्दा पति पत्नीबीचको वा जेष्ठ नागरिकको संरक्षणसम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्छ :-

- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,
- पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,
- पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नुपर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,
- पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,
- पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन ।

**तीन महिनाभित्र विवादको निरुपण गरिसक्ने** : न्यायिक समितिले आफू समक्ष दर्ता भएको विवादमा प्रतिबादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्ग्याई सक्नुपर्छ ।

**अदालतमा पठाउने र पुनरावेदन लाग्ने** : तीन महिनाभित्र पनि कुनै विवादमा पक्षहरूबीच मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई विवाद र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाई दिनुपर्छ । न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैँतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ। न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैँतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## ११.६ न्याय निरूपणसम्बन्धी अन्य विषय

**निर्णयको कार्यन्वयन गर्ने** : न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यपालिकाले तत्काल कार्यान्वयन गर्नु, गराउनु पर्छ ।

**अभिलेख राख्नुपर्ने** : गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रूपमा राख्नु पर्छ र गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुखमार्फत सम्बन्धित सभामा पेश गर्नुपर्छ ।

**कार्यविधि बनाइ लागू गर्नुपर्ने** : न्यायिक समितिले विवादको निवेदनमा कारवाही र किनारा गर्दा निवेदनको दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ तथा कारवाही, म्याद तामेली, पक्षहरू उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, विवादको किनारा गर्नुपर्ने अवधि, लगत कट्टा गर्ने विषय, निर्णयको कार्यान्वयन लगायतका विवादको निरुपणसम्बन्धी अन्य कार्यविधि व्यवस्थित गर्न स्थानीय कानून बनाइ लागू गर्नुपर्छ ।

परिच्छेद-बाह्र

# स्थानीय शासनका मूल्य र मान्यता

कुनै पनि राज्यको कुनै निश्चित भौगोलिक क्षेत्रका जनताले आफ्नो भौगोलिक विविधता, आवश्यकता र विशिष्टता अनुरूप शासन प्रबन्ध आँफैले गर्ने स्वतन्त्रतालाई स्थानीय शासन भनिन्छ । लोकतान्त्रिक मुलुकहरूमा स्थानीय सरकारहरू जराधार तहका नागरिकको घरदैलोमा नै सेवा सुविधाहरू पुऱ्याउने तथा लोकतन्त्रको आधारभुत पाठशालाका रूपमा स्थापित भईसकेका छन् र नागरिकहरूमा यी निकायप्रतिको आशा र भरोसा दिनानुदिन बढीरहेको पनि छ । स्थानीय सरकारहरू स्वायत्त भएको हुनाले अन्य तहको हस्तक्षेपबाट मुक्त हुन्छन् र जनईच्छालाई स्थानीय सरकारको मूल आधार मानिन्छ । स्थानीय शासन सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity) को आधारमा सञ्चालित हुने प्रजातान्त्रिक मान्यता राखिएको हुन्छ । स्थानीय शासनमा काम, कर्तव्य र अधिकारको प्रष्ट व्यवस्थाको साथै सोको दोहोरो नपर्ने गरी जिम्मेवारी बाँडफाँड गरिने, निर्णयमा समावेशी र व्यापक जन संलग्नता हुने, जनतालाई दिइने सेवा धान्ने गरी स्रोतको व्यवस्था गरिनेर स्थानीय श्रोत अत्याधिक रूपमा परिचालन हुने तथा आन्तरिक आम्दानीको क्षेत्र फराकिलो हुने मान्यता एवं विश्वास रहेको हुन्छ ।

स्थानीय शासन ब्यवस्था सुशासनको लागि महत्वपूर्ण आधार हो । सहभागितामूलक शासन प्रणाली, समावेशीता, जनताको सहज पहुँच र सामिप्याताले गर्दा स्थानीय तहको शासन प्रणाली बढी पारदर्शी तथा जवाफदेही हुन्छ । तथापी, जहाँ शक्तिको प्रयोग हुन्छ त्यहाँ भ्रष्टाचारको सम्भावना हुन्छ र अधिक वा असिम शक्ति भएमा भ्रष्टाचार हुने सम्भावना पनि अधिक हुन्छ भन्ने मान्यता रहेको हुन्छ । अतः शक्तिको प्रयोग गर्ने स्थानीय सरकार लगायत सार्वजनिक निकायले संयम् अपनाई कार्य गर्नु पर्ने हुन्छ र सुशासन अभिवृद्धि तथा भ्रष्टाचार न्यूनीकरणका मूल्य र मान्यताप्रति प्रतिबद्ध रहनुपर्छ । नागरिकप्रति संवेदनशिल, जवाफदेही र उत्तरदायी स्थानीय सरकारका निम्न आधारभूत मान्यता रहेका छन्:

## १२.१ नैतिक मूल्य मान्यतामा आधारित स्थानीय सरकार

शासन प्रणालीका हरेक तहका क्रियाकलापहरू तथा नागरिकहरूलाई प्रदान गरिने सेवामा पारदर्शिता तथा सुशासनको प्रत्याभूति गराउन सार्वजनिक प्रशासनलाई पारदर्शी, सहभागितामूलक, जवाफदेही बनाइ कानूनको शासन, आर्थिक अनुशासन तथा भ्रष्टाचारमुक्त प्रशासन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरिनुपर्छ । यसो हुँदा सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट प्राप्त गर्नुका साथै स्थानीय सरकारप्रति नागरिकको विश्वास बढ्न गई लोकतन्त्रप्रतिको विश्वास समेत अभिवृद्धि हुने र जनउत्तरदायी शासनको अनुभूति हुनसक्नेछ ।

नैतिकता र निष्ठा नागरिकको विश्वास आर्जनको कसी र सुशासनको कोसेढुङ्गा हो । नैतिकवान हुनु भनेको अरुले कर गरेर हुने विषय होइन, यो समाजका उच्चतम मूल्य मान्यता अंगिकार गर्दै आफैं स्वअनुशासनमा बस्ने कार्य हो । सार्वजनिक पद धारण गरेको व्यक्तिले सार्वजनिक सम्पत्तिको धारक वा संरक्षकको रूपमा उपलब्ध श्रोत र साधनको प्रयोग नागरिकको चाहना र प्राथमिकता बमोजिम पारदर्शी ढंगबाट गर्नुपर्दछ । आ-आफ्नो क्षेत्रमा अनुचित कार्य हुन नदिइ स्वच्छ र भ्रष्टाचार रहित शासन व्यवस्था सञ्चालन गरी जनताको विश्वास आर्जन गर्ने कार्य सवै तहका सरकारका लागि निकै महत्वपूर्ण कार्य हुन आएको छ ।

## १२.२ भ्रष्टाचारमा शून्य सहनशीलताको अवलम्बन

### १२.२.१ भ्रष्टाचारका मुलभूत प्रकारहरू

भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिले मात्र स्थानीय नेतृत्वलाई सफल बनाउन सहयोग पुग्दछ । उच्च नैतिकतामा आधारित पारदर्शी शासन व्यवस्था तथा कार्य प्रणाली अवलम्बन गरेको खण्डमा भ्रष्टाचार न्यूनीकरणमा सघाउ पुग्छ । जनप्रतिनिधि तथा कर्मचारीले आफूले गर्ने काम कारवाहीमा नीतिगत,कार्यान्वयन तथा प्रक्रियागत तहमा हुन सक्ने भ्रष्टाचारलाई निरुत्साहित हुने गरी कार्य गर्नुपर्ने हुन्छ ।

- **नीतिगत भ्रष्टाचार** : केही सीमित व्यक्ति, वर्ग वा समूह वा राजनीतिक दलको स्वार्थ वा व्यापारिक फर्म तथा घरानालाई लाभ पुग्ने गरी वा बिद्यमान कानूनी व्यवस्था तथा नीतिको गलत व्याख्या गरी निर्णय गरिनु वा सो गर्नका लागि बाध्य पारिनु नीतिगत भ्रष्टाचार मानिन्छ ।
- **कार्यान्वयन स्तरको भ्रष्टाचार** : कार्यान्वयन गर्ने कर्मचारीलाई प्रभावमा पारेर नियम, कानून रप्रक्रियाको उल्लंघन गरीवा प्रलोभनमा पारीवा गलत मनसायबाट प्रेरित भई अनुचित फायदा लिनेजस्ता कार्य कार्यान्वयन स्तरको भ्रष्टाचार मानिन्छ । साथै कार्यान्वयन स्थलमा रहेका पदाधिकारी तथा कर्मचारीले आफैं नियम, कानून वा प्रक्रियाको ठिकसँग पालना नगरी वा काम ठिक समयमा नगरी झुल्याउने वा अनुचित फायदा लिने जस्ता कार्य कार्यान्वयन स्तरका भ्रष्टाचार भित्र पर्दछन् ।

- **प्रक्रियागत भ्रष्टाचार :** नियम, कानुन र स्थानीय कार्यविधि वा बडापत्रमा उल्लिखित कार्य सम्पादन नगर्नु, निर्णय लिन डराउनु,निर्णय लिंदा तोकिएको प्रक्रियान पुऱ्याउनु, कार्यालय समयमा उपस्थित नरहनु र अरुलाई जिम्मेवारी वा अख्तियारी पनि नदिइ लामो समय कार्यक्षेत्र बाहिर रहनु अथवा गर्नुपर्ने कर्तव्यबाट विमुख हुनुजस्ता अनुचित कार्यहरू प्रक्रियास्तरको भ्रष्टाचार मानिन्छ ।
- **अवैध सेटिङः** सङ्गठनभित्र वा बाहिर सेटिङ मिलाई अनुचित कार्य गरी अवैध रकम असूल गर्ने, सङ्घसङ्गठनको आवरणमा अधिकारको दुरूपयोग गर्ने, पेशागत तथा व्यापारिक सङ्गठनहरूले खुला र स्वच्छ प्रतिस्पर्धाको सट्टा आफ्नो निहित स्वार्थपूर्तिका लागि मिलेमतो, सिन्डिकेट वा कार्टेलिंग गरी आफूलाई लाभ हुने तथा उपभोक्तालाई हानी नोक्सानी हुने कार्य गर्नु पनि भ्रष्टाचार हो ।



उपरोक्त सवै आयामबाट हुने विभिन्न किसिमका भ्रष्टाचारको रोकथाम गरी न्यूनीकरण गर्नु स्थानीय सरकारका लागि निकै चूनौतिपुर्ण हुन सक्छ। उच्च नैतिकतामा आधारित पारदर्शी शासन व्यवस्था अवलम्बन गरेको खण्डमा मात्र भ्रष्टाचार न्यूनीकरणमा सघाउ पुग्न सक्दछ ।

## १२.२.२ भ्रष्टाचार न्यूनीकरणका उपाय

स्थानीय तहले भ्रष्टाचार हुन सक्ने उल्लिखित सम्भावित क्षेत्रको विश्लेषण गरी आफ्नो सङ्गठनभित्र अनुचित कार्य अथवा भ्रष्टाचार हुन नदिन निरोधात्मक र उपचारात्मक दुवै उपाय अवलम्बन गर्नुपर्ने हुन्छ ।

**(क) निरोधात्मक उपाय :** नेपालले भ्रष्टाचार नियन्त्रणका लागि कानूनी एवम् संस्थागत व्यवस्था अवलम्बन गर्दै विभिन्न औजारहरूको प्रयोग गरी भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गरेको छ । स्थानीयतहले भ्रष्टाचार न्यूनीकरणसम्बन्धी उल्लिखित नीति तथा कानूनको परिपालन गर्नु अनिवार्य हुन्छ । यसका साथै विभिन्न सञ्चार माध्यम, तालिम, गोष्ठी, परामर्श, अन्तरक्रियाजस्ता माध्यमबाट निरोधात्मक कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।

- नागरिकलाई प्रवाह गर्ने सेवाको सुनिश्चिततताका लागि नागरिक वडापत्रको प्रकाशन एवम् पालना,
- सार्वजनिक तथा सामाजिक परीक्षण, नागरिक सुनुवाई, पृष्ठपोषण, गुनासो सुनुवाईका लागि उजूरी पेटिका, सेवा प्रवाहका लागि सहायता कक्ष, कार्ययोजना स्थलमा सूचना पाटी राख्ने,
- बजेट, कार्यक्रम तथा आय व्यय विवरणको नियमित सार्वजनिकीकरण र प्रवक्ताको व्यवस्था,
- विद्युतीय शासनका माध्यमहरूको प्रयोग, इ-खरीद प्रक्रिया, आदि,

- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन, नियमित अनुगमन तथा समीक्षा,
- खर्चको नियमित लेखापरीक्षण र बेरुजुको सम्परीक्षण र सार्वजनिकीकरण,
- वित्तीय जोखिम न्यूनीकरणका विभिन्न औजारहरूको प्रयोगका साथै सहभागितामूलक, खुला तथा पारदर्शी सरकारको माध्यमबाट भ्रष्टाचार न्यूनीकरणका निरोधात्मक उपायहरूको अवलम्बन गर्ने ।

यसका साथै निरोधात्मक उपाय अन्तर्गत निम्न प्रक्रियाहरू अवलम्बन गर्न सकिन्छ;

(अ) **कार्य सम्पादन करार :** कार्यसम्पादन करार नातिजामूखी विकास तथा भ्रष्टाचार न्यूनीकरणका लागि एक महत्वपूर्ण औजार मानिन्छ । जनप्रतिनिधि र प्रशासकीय कर्मचारीबीच काम, कर्तव्य र अधिकारको स्पष्ट किटान गरी संस्थागत रूपमा अध्यक्ष वा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम् प्रत्येक वडा तथा अन्तर्गतका शाखा, महाशाखा प्रमुखबीच कार्यसम्पादन सम्झौता गर्न सकिन्छ । त्यसकै आधारमा ती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको परिपाटी बसाल्नुका साथै पुरस्कार र दण्डको व्यवस्था अवलम्बन गरी सङ्गठनलाई स्वचालित गराउन प्रेरित गर्नुपर्छ । यो परिपाटीलाई विगतमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृत तथा स्थानीय विकास अधिकारी र गाउँ विकास समितिका सचिवबीच कार्यसम्पादन सम्झौता गरीकाम गर्ने परिपाटीको थालनी भएको थियो । तर जनप्रतिनिधी नरहेको तत्कालिन अवस्थामा यस अभ्यासले पूर्णता भने पाउन सकेन ।

(आ) **आचारसंहिता निर्माण र पालना :** स्थानीय तहका पदाधिकारीहरूले जवाफदेही शासन सञ्चालन गर्न र जनउत्तरदायीत्व वहन गर्नआफैंले आफैंलाई निर्देशित गर्ने कार्य प्रणाली र आचारहरू बनाइ लागू गर्नु स्वायत्त स्थानीय सरकारको प्रभावकारी सञ्चालनका लागि महत्वपूर्ण हुन्छ । स्थानीय तहको सहजिकरणका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहका पदाधिकारीको आचार संहिताको नमूना उपलब्ध गराएकोले सोलाई समेत आधार लिन सकिन्छ । पदाधिकारीहरूको आचार संहिता बनाउदा मुख्य रूपमा निम्न विषय सम्बोधन गर्न ध्यान दिनुपर्छ ।

**सार्वजनिक र निजी व्यवहार :** निजी  जीवनमा गरिने काम कारवाहीका लागि उ जनताप्रति सोझो रूपमा उत्तरदायी नभए पनि नैतिक रूपमा रहन्छ । सार्वजनिक जीवनमा रहँदा उपभोग गरेको रहनसहन सुख सुविधा सो पदमा रहुन्जेल मात्र गर्नुपर्छ । निजी जीवनमा गरिने काम कारवाहीका लागि पदाधिकारीले सार्वजनिक पद र संस्थाको हवाला दिन हुँदैन र त्यस्ता सभा समारोहमा निजी स्रोत साधनकै उपयोग गर्नुपर्छ । पदाधिकारीले आफ्ना नातेदार, संगी साथीलाई र राजनैतिक प्रयोजनका लागि सार्वजनिक स्रोत साधन उपलब्ध गराउनु हुँदैन ।

**कानून बमोजिम निर्णय गर्ने :** स्थानीय व्यवस्थापिकाले कानुन बनाइ नसकेको अवस्थामा कार्यपालिकाले आफ्नो तजबिजी अधिकार प्रयोग गर्नबाट संयमित रहनुपर्छ । कार्यपालिकाको कार्यविभाजन र कार्य सम्पादन कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुने भएकोले अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यले काम, कर्तव्य र अधिकार समेत उल्लेख भए बमोजिम प्रयोग गर्नुपर्छ ।

**पदीय उत्तरदायित्वको निर्वाह :** आफुले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैंले पहल गर्नुपर्छ । सरकारी वा सार्वजनिक स्रोतको प्रयोग गर्दा मितव्ययी ढङ्गबाट अधिकतम सदुपयोग र उत्पादनशील हुने गरी प्रयोग गर्नु गराउनुपर्छ। सर्वसाधारण सेवाग्राही सेवा पाउने अधिकार भएको व्यक्ति हो होइन भन्ने कुरामा ध्यान दिनुपर्छ । कार्य सम्पादनमा अनावश्यक ढिलासुस्ती र साधनको दुरूपयोग हुनसक्ने कुरामा सजग रहनुपर्छ । आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयमा जिम्मेवार पदाधिकारी स्वयंले निर्णय गर्नुपर्छ । सरकारी वा सार्वजनिक कामको सिलसिलामा सार्वजनिक पद धारण गरेको व्यक्तिले सेवाग्राहीसँग प्रचलित मूल्य, मान्यता र संस्कृति अनुरूप शिष्ट व्यवहार गर्नुपर्छ ।



**आर्थिक पक्ष :** गाउँपालिका तथा नगरपालिकाका पदाधिकारीहरूले नेपाल सरकारको स्वीकृति बेगर विदेशस्थित बैङ्कमा खाता खोल्न हुँदैन । पदाधिकारीले कानुनले तोके बमोजिम बाहेकका कार्यका लागि पेश्की लिन हुँदैन र तोकिएकै समयमा पेश्की फछ्र्याैट गर्नुपर्छ । स्थानीय तहका पदाधिकारीले स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थाबाट दान दातव्य उपहार लिनु वा दिनु हुँदैन ।

**निर्णयमा अहस्तक्षेप, तटस्थता र पारदर्शीता :** एक पदाधिकारीले अर्को पदाधिकारीको अधिकार र जिम्मेवारी माथि हस्तक्षेप गर्नु हुँदैन । आफू वा आफ्नो परिवार (पति, पत्नी,छोरा, छोरी, ज्वाई, बुहारी, भान्जा, भान्जी तथा एकाघरका परिवार, आदि) कार्यकारिणी सदस्य वा पदाधिकारी रहेको संस्थाको प्रस्ताव पत्रको छलफलमा सहभागी हुने तथा राय दिने गर्नु हुँदैन । हरेक सदस्यले प्रस्तावका सन्दर्भमा आफ्ना विचार स्वस्थ र सरल रूपले छलफलमा ल्याउनु पर्छ । कुनै पनि संस्था वा व्यक्तिप्रति पक्षपातपूर्ण व्यवहार गर्नु हुँदैन । कार्यपालिकाले सार्वजनिक सरोकारका सवै निर्णयहरू नियमित रूपमा सार्वजनिक गर्नुपर्छ ।

**कानून बमोजिम मात्र नियुक्ति :** विशेषज्ञ सेवा प्राप्त गर्नु पर्दा बाहेक कुनै व्यक्तिलाई विषयगत सल्लाहकारको रूपमा नियुक्त गर्न हुँदैन । नियुक्ति हुने सल्लाहकारले सम्पादन गर्ने काम, निजको पदावधि तथा निजको अधिकार, कर्तव्य र जिम्मेवारी तथा निजले पाउने पारिश्रमिक तथा अन्य सुविधा निजलाई नियुक्त गर्दाका बखत नै तोकि दिनुपर्छ।

**सम्पत्ति विवरण पेश :** स्थानीय तहका पदाधिकारीहरूले आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र स्थानीय तहमा पेश गर्नुपर्छ । यसरी पेश भएको सम्पत्तिको विवरण तीस दिनभित्र प्रदेश सरकार समक्ष पठाउनुपर्छ । सम्पत्ति विवरणको अभिलेख सम्बन्धित स्थानीय तहले राखी प्रदेश सरकार समक्षसमेत पठाउनुपर्नेछ।

**कमजोर वर्गप्रति सकारात्मक धारणा:** महिला, बालबालिका, जेष्ठ नागरिक,असहाय, अपाङ्गता भएका व्यक्तिर समाजका आर्थिक सामाजिक रूपमा कमजोर वर्गप्रति सम्वेदनशील रहनु पर्छ । छुवाछुत विरुद्धको भावना र भेदभावरहित कार्य प्रणालीको अवलम्बन गर्दै निष्पक्ष, खुला, भ्रष्टाचार रहित र सहभागितामूलक नैतिक मूल्यमान्यतामा आधारित प्रशासनको प्रत्याभूति दिन कटिबद्ध रहनुपर्छ ।

**(ख) उपचारात्मक उपाय :** उपचारात्मक उपाय अन्तर्गत कानूनको पालना गर्ने गराउने कार्यका साथै आफ्नो क्षेत्र भित्र कुनै खालको भ्रष्टाचारजन्य कार्य भएमा सोको अनुसन्धानमा सम्बन्धित निकायलाई सहयोग गर्ने, आफू र मातहतका पदाधिकारी तथा कर्मचारीलाई त्यस्ता कार्यमा संलग्न हुन नदिने रसंलग्न भएको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग वा अधिकार प्राप्त निकाय समक्ष अनुसन्धानका लागि लेखी पठाउनु पर्छ ।

- **कानूनी शासनको पालना :** कानूनको शासनमा कानूनभन्दा माथि कोहि नहुने र कानूनको उल्लंघन गर्ने जोसुकैलाई पनि राज्यले कानूनको दायरामा ल्याई कानूनी उपचार गर्नुगराउनु पर्छ ।
- **भ्रष्टाचारको निगरानी गर्ने निकायलाई सशक्त बनाउने :** नेपालमा करिब एक दर्जनभन्दा बढी निकायहरू भ्रष्टाचारको निगरानीमा संग्लग्न छन् । ती निकायको बीचमा समन्वयको अभाव हुनुका साथै अनुसन्धान गर्ने नवीनतमतथा आधुनिक प्रविधि, प्राविधिक सामग्री, उपकरण तथा बजेटको अभावले प्रभावकारी कार्य हुन नसकेको हुँदा यसमा प्रयाप्त ध्यान दिनु र सोको प्रभावकारिता बढाउनु आवश्यक छ।
- **वहिष्करण :** भ्रष्टाचारी र नैतिक पतन हुने कार्य गर्ने जुनसुकै व्यक्तिलाई पनि समाजबाट बहिष्कृत गर्न अभियान सञ्चालन गर्न सकिन्छ । यस्तो प्रक्रियामा आम जनतालाई सुसूचित गर्नुका साथै नागरिक समाजलाई परिचालन गर्नु उपयुक्त हुन्छ ।
- **आन्तरिक नियन्त्रण प्रणाली सवल बनाउने :** पदाधिकारी तथा कर्मचारीको स्पष्ट कार्य विवरण, अधिकारको प्रत्यायोजन, Standard Operating Procedures (SoP) बनाई लागू गर्ने, दैनिक रूपमा कामको लेखाजोखा गर्ने, आन्तरिक लेखा परीक्षण तथा लेखा समितिलाई प्रभाकारी बनाउने आदि ।

## १२.३ अधिकारमा आधारित शासन पद्धतिको अवलम्बन

राज्यको निर्णय प्रक्रियामा विना भेदभाव सवैले सहभागी हुन पाउने र कमजोर वर्गको अधिकारको प्रवर्द्धन तथा सशक्तीकरणका साथै विशेष आरक्षणको व्यवस्थाद्वारा समान अवसर प्राप्तिको कानूनी व्यवस्था  रत्यसको कार्यान्वियन आवश्यक हुन्छ । जनप्रतिनिधिले समय-समयमा नागरिकसँग अन्तरक्रिया गरी उनीहरूका चाहना, प्राथमिकता तथा कठिनाईको पहिचान गर्नुपर्दछ । स्थानीय शासनमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चितताबाट मात्रै लोकतन्त्रको संस्थागत विकास गर्न मद्दत पुग्छ। अर्थपूर्ण सहभागिताका लागि गैसस तथा विभिन्नस्तरमा गठित सामाजिक सङ्घसंस्था, नागरिक सञ्जाल र संयन्त्रलाई परिचालन गर्न सकिन्छ। समय समयमा नागरिक तथा नागरिक संस्थाहरूसँग सेवा प्रवाह र प्रभावकारिता अभिवृद्धिका सम्बन्धमा अन्तरक्रिया तथा छलफल गरी पृष्ठपोषणका आधारमा गुनासाहरूको यथोचित सम्बोधन गर्नुपर्छ । नागरिकलाई देहाय बमोजिम शासन प्रक्रियामा संलग्न गराउन सकिन्छ:

- सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा सेवा प्रदायक र सेवा प्राप्त गर्ने पक्षबीच प्रत्यक्ष सम्वाद गरेर,
- सार्वजनिक र सामाजिक परीक्षण, सार्वजनिक सुनवाई जस्ता नागरिकको प्रत्यक्ष संलग्नता हुने औजारको प्रयोग गरेर,
- समुदायमा श्रृजित मानव पूँजिको प्रयोग गरेर,
- हाम्रो सम्बन्धमा विगतमा नागरिक संस्थाहरूले स्थानीयस्तरका योजना तर्जुमा लगायत सरोकारका विषयमा वहस, छलफल, सहभागिता, सार्वजनिक सेवाको अनुगमन, समाजमा विद्यमान रुढिवाद र अन्धविश्वास, सामाजिक विसंगतिहरूको अन्त्य, सार्वजनिक सूचना प्रवाह, लक्षित वर्गमुखी कार्यक्रम सञ्चालन, सार्वजनिक साधन र स्रोतमा सीमान्तकृत वर्गको पहुँच अभिवृद्धि, स्थानीय स्तरबाटै सकारात्मक विभेदको नीतिको अभ्यासद्वारा विपन्नता न्यूनीकरणका लागि समेत उल्लेखनीय योगदान पुऱ्याउँदै आएकाले स्थानीय सामुदायिक संस्थाको भूमिकाको कदर गरेर,

स्थानीय सरकारका सामुन्ने विभिन्न नीति नियमहरू तर्जुमा गर्ने, समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने, स्थानीयसाधन र स्रोतको बुद्धिमत्तापूर्वक परिचालन गर्ने जस्ता महत्वपूर्ण कार्यभाररहेको हुन्छ । अतः समावेशी लोकतन्त्रलाई स्थानीयस्तरबाटै संस्थागत गर्न नागरिक संस्थाहरूको भूमिका उत्तिकै महत्वपूर्ण हुने भएकाले क्रियाशील स्वयंसेवी प्रकृतिका नागरिक संस्थाहरूलाई थप जीवन्तता दिइ स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता वृद्धि गर्नेतर्फ स्थानीय नीति निर्माताहरूले ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

## १२.४ राजनीति र प्रशासनको अन्तरसम्बन्ध, प्रशासनिक प्रतिबद्धता र तटस्थता

राजनीति र प्रशासनलाई छुट्याएर हेर्न सकिन्छ कि सकिदैन भन्ने विषयमा सदाकालदेखि मतान्तर रही आएको छ । आ आफ्ना निर्धारित कामका आधारमा यी दुईको भूमिका स्थापित

हुन्छ । प्रशासन अनुहार र आवाजरहित हुन्छ भन्ने परम्परागत मान्यता हो । यी मान्यताका साथै नवीन आयामका रूपमा प्रशासनिक तटस्थता, गतिशीलता र प्रतिबद्धता अबको प्रशासनले ग्रहण गर्न सक्नुपर्छ ।

**राजनीति र प्रशासनको अन्तरसम्बन्ध :** राजनीति र कर्मचारीबीच समन्वय र सहकार्यात्मक सम्बन्धका लागि निम्न उपाय अवलम्बन गर्न सकिन्छ ।

- कर्मचारी र राजनीतिक नेतृत्वबीच कामको स्पष्ट सीमा निर्धारण हुने गरी कानूनी व्यवस्था गर्ने र निर्धारित सीमाभित्र रही राजनीतिज्ञ र कर्मचारीले आ-आफ्नो जिम्मेवारी निर्वाहगर्ने,
- राजनीतिक प्रणालीले आफ्नो क्षेत्रको विकास र जनताको सम्वृद्धिका लागि दूरदृष्टि र लक्ष्य निर्धारण गर्ने र प्रशासनले उपयुक्त रणनीति र कार्यतालिका तयार गरी कार्यान्वयन गर्ने,
- नीति र कार्यक्रम तर्जुमाका समय प्रशासकले आफ्नो विज्ञ धारणा प्रस्तुतिमा राजनीतिज्ञसँग राय बझाउन पाइने तर त्यसरी तर्जुमा भएको नीति तथा कार्यक्रममा राजनीतिक स्वीकृति प्राप्त भईसके पछि त्यसको आलोचना नगरी प्रभावकारी कार्यान्वयन गर्नु पर्ने,
- सङ्गठनमा रहेका प्रत्येक कर्मचारीको कार्यक्षेत्र र कार्य जिम्मेवारी स्पष्ट रूपमा विभाजन गरी लागू गर्ने र नियमित रूपमा तोकिएको जिम्मेवारी अनुसार काम भए नभएको अनुगमन गरी कार्य सम्पादन नभएको भए समयमै सजग गराउने,
- राजनीतिज्ञले कर्मचारीको ज्ञान र सीपको अधिकतम उपयोग गर्ने,
- सेवा प्रवाहका विभिन्न पक्षलाई उद्देश्यमूलक र पारदर्शी बनाउने, प्रक्रियाभन्दा पनि परिणाम प्राप्तिमा विशेष ध्यान दिने,
- कर्मचारीहरूको वृत्ति विकासको प्रणालीबद्ध योजना लागू गरी भरपर्दो वनाउने,
- प्रशासन र जनप्रतिनिधिबीच आपसी विश्वासको वातावरण श्रृजना गर्ने
- विकास प्रशासनमा कर्मचारीले आफ्नो भूमिका रमहत्व देखिने गरी क्रियाशील रहने ।

**प्रशासनिक तटस्थता :** प्रशासन स्थायी सरकार हो, जस्को प्रकृति व्यवसायिक हुनु पर्ने भएकोले प्रशासनिक तटस्थता आवश्यक छ किनकि पटक-पटक हुने राजनीतिक परिवर्तनलाई प्रशासनले थेग्ने काम मात्र गर्दैन बरु विधि र विधानभित्र रहेर राज्य सञ्चालनलाई निरन्तरता दिदै स्थायित्व दिने काम पनि यस्ले गर्दछ । प्रशासनलाई तटस्थ रूपमा काम गर्ने वातावरण श्रृजना गर्न तथा विकास प्रशासनमा कर्मचारीले आफ्नो भूमिका निर्वाह गर्न निम्न व्यवस्थापकीय पक्षमा ध्यान दिनुपर्दछः

- व्यवस्थापकले सङ्गठनमा कामको योजना तयार गर्ने, कर्मचारी प्रशासन सञ्चालन, समन्वय, कर्मचारीलाई  निर्देशन र प्रतिवेदन गर्ने जस्ता मूलभूत कार्य नियमित रूपमा गरिराख्नु पर्छ,
- समाजका अति विपन्न वर्गप्रति विकास प्रशासनको जिम्मेवारी र संवेदनशीलता हुनुपर्छ,
- सहभागितामुखी, परिवर्तनमुखी, नतिजामुखी र समयसीमामा आधारित मान्यताप्रति विकास प्रशासन प्रतिबद्ध रहनु पर्छ,
- नवीन सार्वजनिक व्यवस्थापनको अवधारणा बमोजिम सार्वजनिक प्रशासन आम जनताप्रति जवावदेही बन्नु पर्छ,
- प्रशासनले परम्परागत हिसाबले मात्र काम नगरी जनहित र सामाजिक न्यायका मान्य सिद्धान्तका आधारमा समेत काम गर्नुपर्छ,
- प्रशासनमा नैतिक मूल्य मान्यता र न्यायिक पक्षको वकालत गर्नुपर्छ,
- प्रशासन जिम्मेवार, जवाफदेही र मितव्ययी हुनुपर्छ ।



**प्रशासनिक प्रतिबद्धता :** प्रतिबद्ध प्रशासनको निर्माणका लागि प्रशासनमा नैतिक मूल्य मान्यता र न्यायिक पक्षको वकालत गरिनु पर्छ । निम्न कारणले गर्दा प्रशासनिक प्रतिबद्धता आवश्यक मानिन्छ :

- राजनीतिक निर्णय र मूल्य मान्यताको कदर,
- सङ्गठनको उद्देश्य, पेशागत उत्तरदायित्व, कार्य जिम्मेवारी र नतिजाप्रति निरन्तर क्रियाशील,
- प्रशासनिक र राजनीतिक संस्कारको विकास,
- विकास निर्माणको गतिलाई द्रुतता दिन र सामाजिक र आर्थिक सूचकको विकास,
- संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न र मौलिक अधिकारको संरक्षण,
- निर्वाचित दलको प्रतिबद्धतालाई कार्यक्रमका माध्यमबाट कार्यान्वयन,
- राजनीतिज्ञलाई निर्भिक रूपमा संविधान, ऐन, कानूनको परिधीभित्र रही सल्लाह तथा सुझाव,
- राजनीतिक प्रणालीका माध्यमबाट सामाजिक रूपान्तरण ल्याउन र प्रशासनभित्र सामाजिक संवेदनशीलतालाई आत्मसात गर्न ।

## १२.५ आत्मपरीक्षण, नागरिक सम्बन्ध र पृष्ठपोषण

खुला, पारदर्शी र नागरिकप्रति उत्तरदायी सरकारले जनताको विश्वास आर्जन गर्न सक्नु पर्छ । जनप्रतिनिधिप्रति विश्वास बढेको छवा घटेको छ भन्नेबारे विभिन्न औजारको प्रयोग गरी आत्मपरीक्षण गर्ने प्रचलन समेत विश्वका कतिपय मुलुकहरूमा रहेको छ । आफ्नो काम कारवाहीको आफैं निगरानी गर्ने, गुनासो सुनुवाई गर्ने संयन्त्रको विकास, नागरिक वडापत्रको

पालना भए नभएको समीक्षा गर्ने, सेवा प्रवाहबाट जनताले सन्तुष्टी प्राप्त गरे नगरेको विषयमा नागरिक पृष्ठपोषण लिने, समय समयमा स्थानीय तह र नागरिकहरूबीच सेवा प्रवाह सम्बन्धमा अन्तरक्रिया र संक्षिप्त मतसंग्रहजस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ । साथै यस प्रकियाका लागि सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता विधिको अवलम्बन गर्न उपयुक्त हुन्छ । निर्वाचित संस्था वा सेवा प्रदायकले समय-समयमा सेवाग्राहीबाट उल्लिखित औजारहरूको प्रयोगद्वारा नागरिक सन्तुष्टीको मापन गर्न सक्छन ।

## १२.६ सार्वजनिक निगरानीका लागि संस्थागत व्यवस्था



नेपालको संविधानले मानव अधिकारको संरक्षण एवं प्रवर्द्धन, कानूनी शासनको प्रत्याभूति एवं सुशासन प्रवर्द्धन गर्न र सार्वजनिक निगरानीका लागि सर्वोच्च अदालत, विशेष अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, राष्ट्रिय मानव अधिकार आयोगजस्ता संवैधानिक अंगहरूको स्थापाना गरेको छ । संवैधानिक रूपमा लक्षित वर्गको हकहित संरक्षण तथा प्रवर्द्धनका लागि राष्ट्रिय महिला, दलित, समावेशी, मधेशी, थारु, मुस्लिम आयोगहरू खडा भएका छन् । कानून बमोजिम राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभागजस्ता नेपाल सरकारले गठन गरेका निकायहरूसमेत क्रियाशील रहेका छन् । राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा मान्यता प्राप्त निगरानी समूहहरू जस्तै ट्रान्सपरेन्सी इन्टरनेशनल, इन्टरपोल, सिटिजन वाच जस्ता संस्थाहरूका साथै आम सञ्चारका माध्यमहरू, नागरिक समाज एवम् दवाव समूहहरू लगायत समय समयमा गठन हुने छानबीन आयोगहरूबाट पनि स्थानीय तहका काम कारवाहीको निगरानी हुन सक्छ । स्थानीय सरकारले आफ्ना काम कारवाहीलाई बढीभन्दा बढी खुला र पारदर्शी बनाउदै जानु पर्ने हुन्छ ।

परिच्छेद-तेह्र

# दिगो तथा समावेशी स्थानीय विकास

## १३.१ दिगो स्थानीय विकास

संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्मका लागि दिगो विकासका लागि हासिल गर्नुपर्ने १७ वटा लक्ष्य निर्धारण गरेको छ । विकासका यी लक्ष्य प्राप्तिका लागि नेपालले प्रतिबद्धता जाहेर गरी कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । स्थानीय सरकारहरूले तल उल्लेखित लक्ष्य हासिल गर्नको निमित्त आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनु पर्ने हुन्छ ।

### दिगो विकासका लागि निर्धारण गरिएका लक्ष्यहरू

१. सबै किसिमका गरिबीको सर्वत्र अन्त्य गर्ने,
२. भोकको अन्त्य, खाद्य सुरक्षा एवम् सुधार सहितको पोषण हासिल र दिगो कृषि प्रवर्द्धन गर्ने,
३. सबै उमेरका सबै जनाको स्वस्थ जीवन सुनिश्चितताका साथै उनीहरूको हित प्रवर्द्धन गर्ने,
४. सबैका लागि समावेशी तथा स्तरीय शिक्षा सुननिश्चित र आजीवन सिकाई प्रवर्द्धन गर्ने,
५. लैंगिक समानता हाँसिल गर्ने तथा सबै महिला र बालबालिकाहरूलाई सशक्तीकरण गर्ने,
६. पानी र सरसफाइमा सबैको पहुँच सुनिश्चित गर्ने,
७. पहुँच योग्य, विश्वसनीय, दिगो एवम् आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने,
८. सबैका लागि समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण रोजगारी र सम्मानजनक काम प्रवर्द्धन गर्ने,
९. अनुकुलित पूर्वाधार संरचना निर्माण गर्ने, दिगो औद्योगिकरण प्रवर्द्धन गर्ने र नवीनतालाई बढावा दिने,
१०. देशभित्रको र देशहरूबीचको असमानता कम गर्ने,
११. सहरहरू तथा मानव बस्तीलाई समावेशी, सुरक्षित, प्रतिरोधि एवम् दिगो बनाउने,
१२. दिगो उपभोग तथा उत्पादन ढाँचालाई सुनिश्चित गर्ने,
१३. जलवायू परिवर्तन र यसका प्रभावको सामना गर्न तत्काल जरुरी कार्य सञ्चालन गर्ने,
१४. महासागर, समुन्द्र र सामुन्द्रिक श्रोतहरूको संरक्षण एवम् दिगो प्रयोग,
१५. वन जंगलको दिगो व्यवस्थापन, मरुभूमिकरण विरुद्ध सङ्घर्ष, भूमि क्षयीकरण रोकीपूर्व अवस्थामा ल्याउने रजैविक विविधता ह्रासलाई रोक्ने,
१६. न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरू प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच गराउने र सबै तहमा प्रभावकारी, उत्तरदायी संस्थाहरूको निर्माण गराउने,
१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी र यसको कार्यान्वयनलाई पुनः सशक्त बनाउने ।

दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य १४ र १७ बाहेकका लक्ष्य प्राप्तिमा स्थानीय सरकारहरूको भूमिका निकै महत्वपूर्ण रहन्छ । सहस्राब्दी विकास लक्ष्य प्राप्तिको लागि स्थानीय तहले विगतमा महत्वपूर्ण योगदान गरेका थिए।

नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको मान्यता दिइ अधिकार क्षेत्र संविधानमा नै स्पष्ट व्यवस्था गरेको छ । दिगो विकासको लक्ष्यसँग सम्बन्धित कतिपय विषयगत कार्य र जिम्मेवारी पनि स्थानीय सरकारमा रहेको छ । अतः स्थानीय तहले तर्जुमा गर्ने आवधिक एवं वार्षिक योजना तथा बजेटमा दिगो विकासका निर्दिष्ट लक्ष्यहरू हासिल हुने गरी तदनुकूल कार्यक्रम तथा गतिविधिहरू समावेश गर्नुपर्छ ।



## १३.२ समावेशी स्थानीय शासन

### १३.२.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता भन्नाले महिला र पुरुषबीचको समान शक्ति सम्बन्धहरूलाई पुनः परिभाषित र सन्तुलित गर्ने विषय बुझिन्छ । हरेक प्रकारका सामाजिक र साँस्कृतिक पहिचान भएका व्यक्तिहरू र विभिन्न सामाजिक समूहहरूको समान अवसर, सम्मान, अधिकार सुनिश्चित गर्नका लागि आवश्यक पहल कदमी लिने वा कार्यक्रम सञ्चालन गरिने विषय सामाजिक समावेशीकरण हो । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको माध्यमबाट सबै नागरिकको पहिचान, प्रतिनिधित्व, सहभागिता र समान अधिकारको अवसर जुटाउन मद्दत मिल्छ ।

**संवैधानिक र कानूनी व्यवस्था** : लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा व्यवस्था गरेको छ । नेपाल सरकारले विभिन्न नीति तथा रणनीति तय गरी उल्लेखित संवैधानिक व्यवस्थालाई कार्यान्वयनमा ल्याएको छ। संविधानले महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, मधेशी, मुस्लिम, थारु, पिछडिएको क्षेत्र तथा सुमदायका लागि केही विशेष अधिकारको व्यवस्था गरी सामाजिक तथा लैंगिक समावेशीकरणमा जोड दिएको छ ।

नेपालको संविधानले राष्ट्रपति वा उपराष्ट्रपतिमध्ये एक जना, सङ्घीय संसद्को सभामुख वा उपसभामुखमध्ये एक जना, राष्ट्रिय सभाको अध्यक्ष वा उपाध्यक्षमध्ये एक जना, प्रदेश सभाको सभामुख वा उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी सङ्घीय संसद तथा प्रदेशसभामा कम्तिमा एक तिहाई र गाउँ तथा नगरसभामा कम्तिमा

४० प्रतिशत महिला प्रतिनिधित्व हुने व्यवस्था रहेकोछ । कुनै राजनीतिक दलले स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिंदा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुखमध्ये एक पदमा अनिवार्य महिला उम्मेदवारी दिनु पर्ने व्यवस्था कानूनले गरेको छ। स्थानीय तहमा दलित वा अल्पसंख्यकको प्रतिनिधित्वको पनि विशेष व्यवस्था गरी प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ । जिल्ला समन्वय समितिमा पनि कम्तिमा तीन जना महिलाका साथै एक सदस्य दलित वा अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व हुने व्यवस्था गरेको छ ।

## १३.२.२ बालमैत्री स्थानीय शासन

बालबचाउ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिताजस्ता बाल आधिकारका सवालहरूलाई स्थानीय तहको नीति, योजना, कानून, संरचना, कार्यपद्धति र व्यवहारमा संस्थागत गर्ने पद्धति नै बालमैत्री स्थानीय शासन हो । स्थानीय सरकार बालबालिकाको पहिलो सम्पर्कमा आउने सरकार भएको हुँदा स्थानीय तहदेखि नै बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न सकेमा मात्र समग्र आर्थिक एवं सामाजिक रूपान्तरण र दिगो विकास हासिल गर्न सम्भव हुन्छ ।



**बालमैत्री शासनको आवश्यकता**

- राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा बालअधिकार सम्बन्धमा व्यक्त गरिएका विभिन्न प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन,
- बालबालिकाको दुई वर्षसम्मको उमेर सम्ममा ८० प्रतिशत मस्तिष्कको विकास हुने र सुरुका हजार दिनमा बालबालिकामा लगानी गर्दा राज्यले बढी प्रतिफल प्राप्त गर्ने हुँदा उक्त प्रतिफल प्राप्त गर्न,
- बालबालिका भोलिको समाजको नेतृत्व लिने र राज्य सञ्चालनमा सम्वाहकको भूमिका निर्वाह गर्ने हुनाले त्यसको निमित्त सकारात्मक वातावरणको विकास गर्न,
- समावेशी लोकतान्त्रिक शासन व्यवस्था र विकासलाई सुदृढ गर्न,
- सीप, क्षमता र बौद्धिक विकासका माध्यमबाट राज्यमा मानव पूँजीको विकास र वृद्धिगरी राज्यको आर्थिक विकासमा सहयोग पुऱ्याउन,
- ढिलो शारिरिक मानसिक विकास र कमजोर स्वास्थ अवस्थाबाट जोगाउन, मानसिक तथा संवेगात्मक समस्याबाट जोगाउन,बालबिज्याई तथा वयस्क अवस्थामा आपराधिक मनोवृत्तिबाट जोगाउन,
- आफ्नै परिवारका सदस्यमाथि गर्ने दुर्व्यवहारबाट जोगाउन ।

स्थानीयस्तरमा बालमैत्री शासन सञ्चालनका लागि सरोकारवालाको सहभागितामा स्पष्ट जिम्मेवारीसमेत किटान गरी उपलब्धी हासिल हुने अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन

बालमैत्री योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन कार्ययोजनासहितको प्रतिबद्धता जाहेर र कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

## १३.३ समावेशीकरण सम्बन्धी व्यवस्था

नेपालको संविधानले सामाजिक न्याय र समवेशीकरण सम्बन्धी नीतिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सवै समुदाय वर्ग र क्षेत्रका बासिन्दाले राज्यका विभिन्न निकायमा सहभागी हुन पाउने अवसर प्रदान गरेको छ ।

- सीप, क्षमता, र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता,
- मुक्त कमैया, कमलरी, हरूवा, चरुवा, हलिया, भूमिहीन सुकुम्बासीको पहिचान र तिनीहरूका लागि घर, घडेरी वा आय आर्जनका लागि कृषि योग्य जमीन तथा रोजगारीको सुनिश्चितता,
- युवाको सशक्तीकरण र विकासका लागि विशेष अवसर प्रदान,
- आदिवासी, जनजाती र स्थानीय समुदायको ज्ञान, सीप, संस्कृति र सामाजिक परम्पराको संरक्षण र सम्वर्द्धन,
- रोजगारमूलक लक्षित कार्यक्रम, आरक्षण, मातृभाषाको संरक्षण र सम्वर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन
- मधेशी समुदाय, मुस्लिम र पिछ्डडा वर्गलाई आर्थिक, सामजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण,
- उत्पीडित र पिछ्डडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थानका लागि विशेष व्यवस्था,
- अपाङ्गता भएका नागरिकको संरक्षण तथा उत्थानका लागि विशेष व्यवस्था,
- श्रमिक, किसानहरूको पेसागत संरक्षण तथा प्रवर्द्धन ।

## १३.४ अल्पसंख्यकको विविधता सम्बोधन

नेपालको संविधानमा अल्पसंख्यकलाई सङ्घीय कानून बमोजिम निर्धारित प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका जातीय, भाषिक र धार्मिक समूह भनी परिभाषित गरिएको छ । सो शब्दले आफ्नै जातीय, भाषिक र धार्मिक विशिष्टता भएको,त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूहलाई समेत जनाउने भनी परिभाषित गरेको छ । नेपाल सरकारले निर्वाचन प्रयोजनका लागि राष्ट्रिय जनगणना २०६८ को जातीय विवरणमा उल्लेख भएका कुल जनसङ्ख्याको आधा प्रतिशतभन्दा कम जनसङ्ख्या रहेको दलीत बाहेक जातिय समुहलाई अल्पसंख्यक भनी तोकेको छ । उक्त परिभाषा बमोजिम नेपालमा ९८ जाति अल्पसंख्यकमा सूचीकृत भएका छन् ।

आदिवासी जनजाती प्रतिष्ठानको वर्गिकरण अनुसार दशवटा जातिलाई लोपोन्मुख जातिमा वर्गिकरण गरिएको छ । सोही वर्गीकरण अनुसार ती जातिका परिवारका सवै सदस्यलाई सामाजिक सुरक्षा भत्ता पाउने सूचीमा राखिएको र सरकारबाट वितरण गरिने भत्ता पनि सोही आधारमा भई आएको छ ।

अल्पसंख्यकको हकहित संरक्षणका लागि कानूनी संरक्षणसमेत गरेर केही समयका लागि आरक्षण वा सकारात्मक विभेदको नीति अवलम्बन गरिएको छ । अल्पसंख्यक वा पिछडिएका वर्ग, जात जाति, लिङ्ग, क्षेत्रका लागि संविधान र ऐन कानूनका प्रावधानहरू मात्र पर्याप्त हुन्नन् । यस्तो अवस्थामा समुदाय वा व्यक्तिहरूले आफ्नो सामाजिक संस्कारका साथै मनोभावनागत परिवर्तन समेत गर्नुपर्ने हुन्छ। यसो गर्दा विगतमा अपहेलित व्यक्ति, समुदाय वा क्षेत्रका जनताको आत्म सम्मान वृद्धिका साथै समाजमा तिनलाई मूल प्रवाहिकरण गर्न सहज हुन्छ । स्थानीय तहका सरकारले अल्पसंख्यकको सामाजिक एवम् आर्थिक विवधतालाई विशेष कार्यक्रमको निर्माण र कार्यान्वयनमार्फत सम्बोधन गर्नुपर्छ ।

## १३.५ वातावरणमैत्री विकास व्यवस्थापन

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । विकास र वातावरणबीच समुचित सन्तुलन कायम गर्न, भूमिको उत्पादनशीलता, प्राकृतिक स्रोत साधनको दिगो उपयोग गर्न स्थानीय तथा समुदायको महत्वपूर्ण भूमिका स्थापित गरिएको छ । नेपालको संविधानले विपद व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी तीनवटै तहका सरकारका लागि विपद व्यवस्थापनको कार्य जिम्मेवारी तोकेको छ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि विपद व्यवस्थापन सम्बन्धी स्थानीयस्तरमा योजना एवं कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई तोकेको छ ।

गरिबी न्यूनीकरणको मुद्दालाई प्रभावकारी रूपमा सम्बोधन गर्नको लागि वातावरण मैत्री, जलवायु उत्थानशील र विपद प्रतिरोधात्मक क्रियाकलापहरू एकीकृत रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यस अघिदेखि नै निर्माण गरी कार्यन्वयनमा रहेको वातावरण मैत्री स्थानीय शासन प्रारूप, २०७० लाई आधार लिन सकिन्छ ।

स्थानीय सरकारले योजना तर्जुमा तथा कार्यन्वयन गर्दा वातावरणमैत्री, जलवायु परिवर्तन उत्थानशील, विपद प्रतिरोधात्मक क्रियाकलाप समावेश गर्नु आवश्यक हुन्छ। विकास पूर्वाधारको डिजाइन तथा लागत अनुमानमा वातावरण, जलवायु उत्थानशील र विपद न्यूनीकरणका विस्तृत क्रियाकलापहरू पहिचान गरी वातावरण व्यवस्थापन योजना बनाउनु

पर्दछ । वातावरण व्यवस्थापन योजनाको कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक रकम विनियोजन गर्नुपर्छ र पूर्वाधार विकासको डिजाइन तथा लागत अनुमान समेत यसमा समेट्नु पर्दछ । विकास योजना तर्जुमा गर्ने सिलसिलामा आवश्यक प्राकृतिक श्रोत नक्शाहरू बनाउँदा आफ्नो गाउँपालिका तथा नगरपालिकाको क्षेत्राधिकारभित्र रहेको जल, जमीन, जंगल, जैविक विविधता आदिको उपलब्धता आंकलन गर्नुपर्दछ । साथै जलवायु परिवर्तन सन्निकट एवम् विपद संवेदनशील क्षेत्रहरूको पहिचान तथा गरिबी र वातावरण सम्बन्धी तथ्याङ्कहरू संकलन र विश्लेषण गरी कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्नुपर्छ ।

## १३.६ विपद व्यवस्थापन

विपद भन्नाले प्राकृतिक तथा मानवजन्य गतिविधिबाट सिर्जित बिपत्तिहरूलाई बुझाउँछ । प्राकृतिक विपत्तिहरूमा बाढी, पहिरो, भूकम्प, अतिवृष्टि, अनावृष्टि, हिमपहिरो, महामारी आदि पर्छन भने मानवजन्य गतिविधिबाट सिर्जित वा अप्राकृतिक विपत्ति भन्नाले आगलागि, वनडढेलो, युद्ध, आत्महत्या, साम्प्रदायिक दंगा, सडक, हवाई, रेल दुर्घटना आदिजस्ता बिपत्तिहरू पर्छन् । यस्ता प्राकृतिक र अप्राकृतिक विपदलाई सामना गर्ने क्षमता र विपत्ति पछि पुनः पहिलेकै अवस्थाको जनजीवनमा पुग्न सक्ने क्षमता (Resilience) नै विपद व्यवस्थापन हो । विपद पूर्व र  विपद पश्चातको अवस्थालाई नियन्त्रणमा राखी थोरैभन्दा थोरै क्षति पुग्न दिनु नै विपद व्यवस्थापनको लक्ष्य जसलाई स्थानीय योजना तथा कार्य कर्महरू समेतबाट सम्बोधन गर्नु पर्ने हुन्छ

विपद व्यवस्थापनलाई आ-आफ्नो क्षेत्रमा योजनाबद्ध रूपमा सञ्चालन गर्ने प्रतिकार्यका लागि पनि पूर्व तयारी आवश्यक हुन्छ । यसरी पूर्व तयारी गरिंदा पूर्व अनुमान समेत  गरी आवश्यक जनशक्ति, उपकरण, सामाग्री, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गंभिरतापूर्वक परिपालना गर्नुपर्छ । विपद व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि नियमित स्रोत व्यवस्थापन गर्न एक विपद व्यवस्थापन कोषको स्थापना गर्न सकिन्छ । उक्त कोषमा नियमित एवं अन्य श्रोतबाट समेत रकम जम्मा गर्ने र स्वीकृत कार्यविधिका आधारमा सो कोषको परिचालनमार्फत विपद व्यवस्थापन कार्य सञ्चालन तथा व्यवस्थापन गरिनु उपयुक्त हुन्छ । साथै विपदपश्चात बसोवास गराउन सकिने स्थानको पहिचान समेत गराई राख्नु पर्ने हुन्छ । यस्तो विपदको बेला विभिन्न संस्थाहरूबीच समन्वयका लागि सवै तहमा उचित संस्थागत व्यवस्था समेत गरिनुपर्ने जरुरी हुन आउँछ । स्थानीय सरकारहरूले अन्तर स्थानीय तहबीच समेत समन्वय गरी आ-आफ्नो क्षेत्रमा कार्यक्रम र बजेटको व्यवस्था कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

परिच्छेद-चौध

# जनप्रतिनिधिले निर्वाह गर्नुपर्ने भुमिका

जनताको अभिमतबाट निर्वाचित जनप्रतिनिधिको काँधमा महत्वपूर्ण जिम्मेवारी रहेको हुन्छ । जनप्रतिनिधिले जनताको विश्वास र मतको कदर गर्न आफ्नो क्षेत्रका सवै नागरिकको भावना समेटी विकास निर्माण कार्य अगाडि बढाउनु पर्ने जिम्मेवारी र दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । सवै नागरिक, विशेष गरी सामाजिक तथा आर्थिक रूपमा विपन्न परिवारको जीवनस्तर उकास्न तथा तिनको सशक्तीकरणका साथै सेवा, सुविधा र अवसरमा पहुँच बढाउने, सेवा प्रवाहलाई सुनिश्चित र भरपर्दो बनाउन योजनाबद्ध हिसाबले निश्चित तालिका सहित विकास निर्माण कार्यलाई अगाडी बढाउने जस्ता कार्य गर्नुपर्ने हुन्छ । समावेशी र बालबालिकामैत्री, लैङ्गिक संवेदनशील, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्ति र वातावरणमैत्री विकास प्रक्रियाको अवलम्बनका साथै स्थानीय विकासका विभिन्न अभियानमूलक कार्यहरू सञ्चालन गर्नुपर्ने दायित्व पनि रहेको हुन्छ । यसका स्थानीय सरकारहरू दिनदिनै जनता समक्ष प्रस्तुत हुने निकाय भएका हुँदा निर्वाचित जनप्रतिनिधिले तत्काल सम्पादन गर्नुपर्ने निम्न कार्यमा ध्यान दिनु पर्ने गर्नुपर्ने हुन्छ :

## १४.१ असल शासन प्रक्रियाको थालनी

असल शासनका मान्य सिद्धान्तहरूको परिपालनाबाट मात्र स्थानीय सरकारको प्रभावकारी सञ्चालन र जनविश्वास आर्जन गर्न सकिन्छ। यस अघि स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ र अन्य प्रचलित कानून बमोजिम भई आएको निर्णय र विकास कार्यको दायित्व स्थानीय तहमा सर्ने भएकोले तिनलाई निरन्तरता एवम् तार्किक रूपमा निष्कर्षमा पुऱ्याउनु पर्ने दायित्व पनि जनप्रतिनिधिले निर्वाह गर्नुपर्ने हुन्छ ।

## १४.२ कार्यालय व्यवस्थापन

- सर्वप्रथम नव स्थापित गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यालय भवन नभएको भए केन्द्र तोकिएको स्थानमा सकेसम्म उपयुक्त सरकारी भवन खोज्ने र त्यस्तो भवन उपलब्ध नभएमा भाडामा लिएर भए पनि कार्यालय सञ्चालन गर्ने र अत्यावश्यक

फर्निचर, कम्प्युटर, सञ्चार आदिको व्यवस्था गरी कार्य सुचारु गर्ने व्यवस्था मिलाउने,
- भवनको व्यवस्था गर्दा सकेसम्म सवै विषयगत निकाय समेतलाई सँगसँगै रहने गरी एउटै वा वरिपरि अन्य भवन उपलब्ध हुने गरी गर्ने,
- वडा कार्यालयहरूको स्थापना,
- कर्मचारी व्यवस्थापन, कर्मचारी समायोजन, अवकास कोषको व्यवस्था
- विभिन्न कोषहरूको धरौटी खाता खडा गर्ने ।

## १४.३ चालू आयोजनाको विवरण अध्यावधिक

- कार्यपालिकाका सवै सदस्यको उपस्थितिमा स्थानीयस्तरमा सञ्चालित सवै सरकारी तथा गैरसरकारी संस्थाका कार्यक्रम र बजेटको  समीक्षा गर्ने, समीक्षा गर्दा सालबसाली रूपमा सञ्चालन हुने अलावा बहुवर्षीय योजनाको हकमा सम्बन्धित कार्यपालिकाबाट निरन्तरता दिन सकिने वा नसकिने बारेमा सम्बन्धित प्रमुखसँगको रायमा स्थानीय वा प्रदेश कुन स्तरमा राख्न उपयुक्त हुन्छ वर्गिकरण गर्ने,
- सञ्चालित परियोजनाको लागत र हालसम्म भएको खर्चको विवरण लिने र अब कति लगानी गर्दा योजना सम्पन्न गर्न सकिन्छ सोको एकीन गर्ने,
- चालू आयोजनाको समीक्षा गर्दा सो क्षेत्रमा कार्यरत सवै निकायको आगामी वर्षमा सञ्चालन गरिने कार्यक्रका प्राथमिकता सहितको मार्गचित्र तोकिएको ढाँचामा (कुन आयोजना वा क्रियाकलाप, कहाँ, कसरी, कस्ले र कति रकममा, कति समयभित्र सम्पन्न हुने हो जिम्मेवारी तालिकासहित) समय तोकी माग गर्ने
- स्थानीय राजनीतिक दल, बुद्धिजीवी, नागरिक समाजसँगको समन्वय, सहकार्यको प्रवर्द्धन गर्दैएकीकृत योजना तर्जुमा तथा सेवा प्रवाहको सञ्जालीकरण गर्ने प्रबन्ध मिलाउने,
- सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको आर्थिक र गुणस्तर पक्षको निरन्तर अनुगमनको व्यवस्था मिलाउने,
- नागरिक अनुगमनका लागि नागरिक संस्थाहरूको क्षमता विकास गर्ने ।

## १४.४ महत्वपूर्ण अभिलेखको सुरक्षा

स्थानीय तहको पुनर्संरचनाका क्रममा साबिकका गाउँ विकास समिति वा नगरपालिकाका वडाहरू एक अर्कासँग गाभेर गाउँपालिका तथा नगरपालिकाको सीमा निर्धारण भएकोले जमीनका अभिलेखहरू, सम्पत्तिको एकीकृत विवरण, सम्पन्न तथा चालू योजनाको विवरण, व्यक्तिगत घटना दर्ताका अभिलेखहरू, सामाजिक सुरक्षा भत्ता पाउनेहरूको अभिलेख, प्राकृतिक र आर्थिक स्रोतहरूको अभिलेख आदि संकलन र अद्यावधिक गर्नुपर्छ । साविकका गाविस र नगरपालिका कार्यालयका पुराना अभिलेखहरू हराउने, मासिने भएकाले मुख्य निर्णयहरू र अन्य अभिलेखहरू संकलन गरी भण्डारण र संरक्षण गर्नुपर्दछ।

## १४.५ सूचना तथा तथ्याङ्क अध्यावधिक

निर्वाचित जनप्रतिनिधिले आफ्नो क्षेत्रभित्रका अन्य विषयका अतिरिक्त निम्न तथ्याङ्क र विवरण अद्यावधिक गरी स्थानीय तहको पार्श्वचित्र तयार गर्न भुमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

- अधुरा तथा क्रमागत योजनाहरू,
- नगदी तथा जिन्सीको अभिलेख,
- साविकका जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिकाबाट प्राप्त सम्पत्ति, उपकरण प्रयोगमा ल्याउन नमिल्ने गरी थन्किएका यान्त्रिक साधन र जिन्सीहरू,
- उठ्न बाँकी कर, राजस्व, शुल्कहरू,
- पेश्की लगेर काम नगरेका ठेक्का कम्पनी र व्यक्तिहरूको विवरण,
- दमकल, एम्वुलेन्स, फोहरमैला संकलन तथा व्यवस्थापन, विपद व्यवस्थापन जस्ता अत्यावश्यक सेवासम्बन्धी यान्त्रिक साधन,
- कर्मचारीको विवरण, आदि ।



## १४.६ समय व्यवस्थापन

जनप्रतिनिधिहरूले जनताको अपेक्षा पूरा गर्न समयको प्रभावकारी व्यवस्थापनमा उच्च प्राथमिकता दिनु पर्दछ । समय व्यवस्थित गर्न नसकेमा जनप्रतिनिधि माथिको अपेक्षा एवम् विश्वसनीयतामा ह्रास आउने सम्भावना रहन्छ । आफ्नो समय व्यवस्थापन गर्न नसक्दा सेवा प्रवाहमा ढिला सुस्ती, बैठक व्यवस्थापन कमजोर हुने र जनप्रतिनिधिसँग पहुँचमा जनतालाई कठिनाई पर्ने हुन्छ । समयको प्रभावकारी व्यवस्थापन गर्न निम्न कुराहरूलाई विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

- दैनिक कार्यहरूको मिति र समय डायरीमा उल्लेख गरी राख्ने,
- बैठक, भेला वा कार्यक्रम आदिका लागि समय दिंदा सो अघि र पछि गर्नु पर्ने कार्यको प्रतिबद्धता र बाटोमा लाग्ने समय समेत विचार गरी समय निश्चित गर्ने,
- भेला, गोष्ठी, बैठक आदिका लागि समय निश्चित गर्दा आफूले दिनसक्ने समय किटानी साथ जानकारी दिने,
- आफूले दिएको समयमा निश्चित रूपमा उपस्थित हुने,
- कार्यको महत्व र भार हेरी अरुद्वारा प्रतिनिधित्व गराएर सम्पन्न गर्न सकिने काममा प्रतिनिधि पठाउने,
- औपचारिक छलफलमा विषयवस्तुभन्दा बाहिर गएर छलफल गरी समय खेर नफाल्ने,
- कार्यालय काममा राजनीतिक विषय तथा दलीय स्वार्थबारे वादविवाद नगर्ने,
- ऐन कानूनमा उल्लेख भए अनुसारको समयसीमाभित्र कार्यसम्पादन गर्ने गरी समय तालिका तयार गर्ने र त्यसको सही पालना गर्ने गराउने ।

## १४.७ स्वार्थको टकराव र द्वन्द्व व्यवस्थापन

जनप्रतिनिधिले कुनै खास विषयमा निर्णय लिंदा विभिन्न व्यक्ति तथा संस्थाको विचार तथा सोचाईमा भिन्नता हुन गई दुई वा सोभन्दा बढी पक्षको बीचमा द्वन्द्वको अवस्था सिर्जना हुनसक्ने सम्भावना रहन्छ । स्थानीय तहमा द्वन्द्वको अवस्था निरन्तर आई रहन सक्छ भन्ने मान्यताका साथ यसलाई सही ढङ्गबाट समयमै व्यवस्थापन गर्न जनप्रतिनिधिहरूले निम्न बुँदाहरूलाई विचार गर्नुपर्दछ ।

- सर्वप्रथम द्वन्द्व सिर्जना हुनुको कारण विश्लेषण गरी सोको समाधानका लागि दुवै पक्षलाई सँगै राखी सद्भावको आधारमा सहमति गरी द्वन्द्वको अन्त्य गर्ने प्रयास गर्नुपर्दछ,
- कार्यालयमा द्वन्द्व श्रृजना हुन नदिन सवै पक्षबीच उचित सञ्चारको व्यवस्था गर्नुपर्दछ । यस्तो वातावरण बनाउनका लागि नियमित बैठकको आयोजना, अन्तरक्रिया, छलफल, गतिविधिको नियमित प्रकाशन तथा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी द्वन्द्वका पक्षलाई विषय वस्तुको जानकारी गराउनु पर्दछ,
- सङ्गठनमा पक्षविपक्ष नभनी सवैलाई समान अवसर र समुचित प्रोत्साहीत तुल्याउने कार्य प्रणाली अपनाउनु पर्दछ,
- अन्य तवरले द्वन्द्व समाधान हुन नसक्ने भई शान्ति सुरक्षामा खलल पुग्ने अवस्थामा मात्र कानूनी उपचार एवम् प्रहरीको सहयोग लिई द्वन्द्वको समाधान गर्नुपर्दछ ।



## १४.८ उत्प्रेरणा र सकारात्मक कार्य वातावरण

स्थानीय तहको प्रभावकारी कार्य सम्पादनमा उत्प्रेरणाले पदाधिकारी र कर्मचारीहरूमा सकारात्मक सोचको विकास भई नतिजा प्राप्तिमा सहयोग पुग्दछ । जनप्रतिनिधि र अन्य पदाधिकारीलाई देहायबमोजिम व्यवस्थापकीय प्रबन्धद्वारा उत्प्रेरित गरी सकारात्मक कार्य वातावरण निर्माण गर्न सकिन्छ ।

- कार्यसम्पादनका लागि आवश्यक पर्ने आधारभूत भौतिक सुविधाहरू, कार्यकक्ष, फर्निचर, कम्प्यूटर आदिको व्यवस्थापन गर्नुपर्दछ ।
- निर्वाचित जनप्रतिनिधिको भूमिका र कार्य जिम्मेवारीको स्पष्ट व्यवस्था गर्नुपर्छ,
- कर्मचारीहरूको कार्य विवरण एवम् जिम्मेवारीको स्पष्ट व्यवस्था हुनुपर्दछ,
- कार्य सम्पादन मापनका आधारमा कर्मचारीको कदर र प्रसंशा गर्ने पद्धतिको विकास गर्नु पर्दछ,
- कर्मचारीहरूको वृत्ति विकासको उचित र पर्याप्त व्यवस्था हुनु पर्दछ,
- पदाधिकारी तथा कर्मचारीहरूको ज्ञान, सीप र क्षमता विकासका लागि समय समयमा अभिमुखिकरण, तालिम, अवलोकन भ्रमणजस्ता कार्यक्रमको पर्याप्त व्यवस्था हुनु पर्दछ,

- जनप्रतिनिधि तथा कर्मचारी बीचमा निरन्तर सम्वाद, छलफल तथा अन्तरक्रिया गरी आपसी विश्वास र समूह भावनाको विकास गर्नुपर्दछ,
- कार्य सम्पादनका लागि आवश्यक पर्ने कानून, निर्देशिका, कार्यविधि, दिग्दर्शन तर्जुमा गरी पदाधिकारी तथा कर्मचारीलाई सोको जानकारी गराउनु पर्दछ,
- सेवाग्राहीहरूको माग र चाहनालाई सम्बोधन गर्न नियमित रूपमा नागरिकसँग अन्तरकृया गरी विश्वास एवम् मान्यता प्राप्त गर्नुपर्दछ,
- सहभागितामूलक निर्णय प्रक्रिया तथा पारदर्शी कार्यप्रणाली अवलम्बन गर्नु पर्दछ।

## १४.९ समूह कार्य

कुनै पनि कार्य सम्पादन गर्नमा समूह कार्य शैलीलाई अंगाल्दा उत्कृष्ट नतिजा हासिल गर्नमा सघाउ पुग्ने हुँदा स्थानीय तहमा कार्यरत जनप्रतिनिधिहरूले समूह कार्य गर्दा गराउँदा निम्न बुँदाहरूलाई ध्यान दिनुपर्दछ ।



- निर्दिष्ट कार्य सम्पादनका लागि औपचारिक रूपमा नै कार्य समूहलाई क्रियाशील तुल्याउन सकिन्छ । यसका लागि समूहको बनौट, कार्य विवरण र अपेक्षित उपलब्धी स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।
- कुनै काम गर्नका लागि अनौपचारिक रूपमा समूह कार्य गर्नु उचित देखिएमा उपयुक्त व्यक्तिहरूलाई आमन्त्रित गरी राय सुझाव लिन सकिन्छ ।
- स्थानीय तहबाटवस्ती तथा टोलस्तरमा सेवा प्रवाहका लागि नागरिकको संलग्नता बढाउनु पर्दछ । त्यस्तो संलग्नता समूह गतिशिलताका आधारमा (जस्तै कृषक, पशुपालन, महिला सशक्तीकरण, बचत र कर्जा समूह, निर्माणकार्य उपभोक्ता समूह, वन, सहकारी समूह, आदि) र नागरिककै सकृयतामा गठन भएका समुह परिचालनमार्फत गर्न सकिने भएकोले त्यस्ता समूहहरू निष्पक्ष रूपमा गठन गर्न सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ ।
- समूह कार्यमा धेरैको सङ्ख्यामा सहभागी नगराई उचित सङ्ख्यामा मात्र गराउनु पर्दछ ।
- समूह कार्यको काम कार्यवाहीमा एक जनालाई संयोजक वा अध्यक्ष तोक्नुपर्दछ ।
- समूह कार्यको छलफल, निष्कर्ष तथा सुझावहरूलाई लिपिवद्ध गर्नुपर्दछ ।

## १४.१० सञ्चार तथा सूचना प्रवाह

एक व्यक्ति वा संस्थाद्वारा अन्य व्यक्ति वा संस्थालाई कुनै कुराको सन्देश अर्थात जानकारी दिने कार्यलाई सञ्चार भनिन्छ । सञ्चारका लागि विभिन्न माध्यमहरू जस्तै मौखिक, लिखित, टेलिफोन, इमेल, फ्याक्स, रेडियो, टेलिभिजन, पत्रिका जस्ता माध्यमहरू प्रयोग गर्न सकिन्छ । स्थानीय तहमा सुशासन कायम गर्नका लागि प्रभावकारी सञ्चार व्यवस्थाको नितान्त आवश्यकता पर्छ । सूचना सही ढङ्गबाट प्रवाह हुन नसकेमा गलत सञ्चार हुन सक्ने

जोखिम रहन्छ र हल्लाको भरमा सङ्गठनको उद्देश्य प्राप्तिमा बाधा उत्पन्न समेत हुने जोखिम रहन्छ । नागरिकलाई सुसूचित गराई सूचनाको हकको प्रत्याभूति गराउन समेत स्थानीय तहले निम्न बुँदाहरूमा ध्यान दिनु पर्दछ;

- नियमित रूपमा बैठकको आयोजन गरी आपसी सम्वाद, समन्वय तथा सञ्चार खुला राख्नुपर्छ ।
- कर्मचारीहरूलाई सङ्गठनमा भइरहेका क्रियाकलापबारे विद्युतीय वा अन्य माध्यमबाट समेत जानकारी दिनुपर्दछ । कुनै समस्या समाधान गर्नुपर्ने देखिएमा सम्बद्ध पक्षहरूसँग छलफल गरी तत्काल त्यसको उपयुक्त निकास खोजिनु पर्दछ ।
- सार्वजनिक सूचनाहरू प्रवाह तथा संप्रेषण गर्दा आधिकारिक रूपमा तोकिएको जनप्रतिनिधि वा अधिकृतबाट मात्र गराउनु पर्छ । यसको लागि स्थानीय तहमा सूचना अधिकारी र प्रवक्ताको व्यवस्था गरी नियमित सूचना सम्प्रेषण गर्नुपर्दछ ।
- सूचना प्रवाह गर्दा स्पष्टसँग बुझ्न सक्ने गरी कुनै द्विविधा नहुने गरी सम्प्रेषण गर्नुपर्छ ।
- स्थानीय तहबाट हुने सञ्चारलाई सार्वजानिक महत्वको सूचना, सरोकारवालामा सीमित गरिनुपर्ने सूचना, जनप्रतिनिधिबीचमा सीमित गरिनुपर्ने सूचना आदिमा वर्गीकृत गरी राख्नुपर्छ ।
- कतिपय अवस्थामा स्थानीय परिवेश र सम्वेदनशील सूचना केही समयका लागि गोप्य समेत राख्नुपर्ने हुन्छन् । त्यस्ता सूचनालाई सार्वजनिक गर्न प्रतिबन्ध लगाउनु पर्दछ ।
- राष्ट्रिय एकता, भौगौलिक अखण्डता, समाजमा विखण्डन ल्याउने खालका सूचना कुनै हालतमा कसैले पनि प्रवाह नगर्ने व्यवस्था गरिनुपर्छ ।
- सवै प्रकारका सूचना प्रवाहको क्रमवद्ध रूपमा विषयगत आधारमा अभिलेख राख्नु पर्दछ ।
- विभिन्न तालिम, गोष्ठी, सभा, सम्मेलन आदिका माध्यमबाट पनि सूचना तथा सञ्चार व्यवस्थापन गर्न सकिन्छ ।
- नियमितरूपमा पत्रकार सम्मेलनको आयोजना गरी महत्वपूर्ण सूचना सम्प्रेषित गर्नुपर्दछ ।



## १४.११ स्थानीय तहमा विद्युतीय शासन स्थापनाका आधारभूत उपायहरू

कुनै पनि संस्थाले सरल र शीघ्र रूपमा सेवाप्रदान गर्नका लागि सूचना प्रविधिका उपायहरूको प्रयोग गर्नु नै विद्युतीय शासन (e-governance) हो । विद्युतीय शासनलाई संस्थागत गर्न र सूचना प्रविधि प्रयोग गरी सुशासन कायम गर्न, नेपाल सरकारले सूचना प्रविधि क्षेत्रमा विभिन्न नीतिहरू सार्वजनिक गरेको छ । स्थानीय तहको कार्यालयमा पनि सूचना प्रविधिको प्रयोग

बढाई सम्पूर्ण आन्तरिक व्यवस्थापन गर्नुका साथै सेवा प्रवाहलाई छिटो, सजिलो र प्रभावकारी बनाउन निम्न उपायहरूको अवलम्बन गर्नुपर्दछ ।

**हार्डवेयर र सफ्टवेयर खरिद र जडान** : कार्यालयलाई सूचना प्रविधि मैत्री बनाउन कार्यालय र कर्मचारीहरूका लागि आवश्यक कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, सर्भर, सोलार ब्याकअप जस्ता आधारभूत प्राविधिक उपकरणहरूको व्यवस्था हुनु पर्दछ ।

परम्परागत शैलीको कागजातमूखी कार्य प्रक्रियालाई विस्थापित गरी लेखा, राजस्व, योजना, स्टोर, आन्तरिक व्यवस्थापन आदि कार्यका लागि आफैंले पनि विभिन्न कम्प्युटर प्रणाली निर्माण गरी प्रयोग गर्न सकिन्छ । हाल मन्त्रालय र स्थानीय तहमा पञ्जिकरण र सामाजिक सुरक्षा प्रणाली Vital Events Registration System (VERS), Web Based Reporting Systems (WBRS), District Planning, Monitoring and Analysis System (DP-MAS) आदि सञ्चालनमा रहेका छन् । नगरपालिका र गाउँपालिकाको समग्र कामकाजलाई समेट्ने गरी निर्माण गरिएको Municipal Adminstration and Revenue System (MARS) सफ्टवेयरबाट धेरै सेवाहरूलाई एकीकृत गरी सेवा प्रवाह प्रणालीलाई चुस्त, दुरुस्त राख्न उपयोगी हुनेछ ।

इन्टरनेट जडान सूचना प्रविधिको मेरुदण्डको रूपमा रहेकोले इन्टरनेट सेवा लिन आफ्ना क्षेत्रमा उपलब्ध इन्टरनेट सेवा प्रदायकको सेवा आफ्नो आवश्यकताको आधारमा लिन सकिन्छ। कार्यालयमा उचित नेटवर्किङको व्यवस्था गरी तार सहित वा तारविहिन (wireless) इन्टरनेट प्रयोगमा ल्याउन सकिन्छ । साथै सेवाग्राहीको सुबिधाको लागि कार्यालय परिसरमा निःशुल्क इन्टरनेट सेवा (Free WiFi zone) निर्माण गर्न सकिन्छ ।

**कार्यालयको सञ्चार प्रणाली व्यवस्थापन** : कार्यालयले प्रदान गर्ने सेवा, सूचना, गतिविधि आदि सामग्री सेवाग्राहीमा आदान प्रदान गर्न “सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका २०६८” अनुसार वेबसाइट निर्माण गरी प्रयोगमा ल्याउनु पर्छ । यसका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सवै स्थानीय तहको लागि Domain दर्ता गरी वेवसाइट सेटअप गरेको छ । सबै स्थानीय सरकारले उक्त वेवसाइटमा आफ्ना सुचनाहरू अध्यावधिक रूपमा राखेर नागरिक तथा सरोकारवालाहरूलाई सजिलैसँग उपलव्ध हुने गरी सूचना सम्प्रेषण गर्न सक्नेछन् । यसका अतिरिक्त फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालमार्फत महत्वपूर्ण सूचना छिटो र सवैको पहुँचमा पुऱ्याई सेवाग्राहीको गुनासो राख्ने र सम्बोधन गर्ने माध्यमको रूपमा प्रयोग गर्न सकिन्छ । इमेल तथा सामुहिक एसएमएस (Group SMS) प्रविधि प्रयोगबाट सरकारी कागजात र डाटा सुरक्षित रूपमा एकै चोटि धेरै जनालाई पठाउन सकिन्छ ।

**ई हाजिरी** : ई हाजिरी (E-attendance) सञ्चालन र प्रयोग गरी स्थानीय तहले कर्मचारीको दैनिक उपस्थिति, मासिक वा वार्षिक हाजिरी र बिदाको व्यवस्थापन सजिलैसँग गर्न सक्छन।

**अडियो नोटिस बोर्ड** : अडियो नोटिस बोर्ड (Audio Notice Board) तारसहितको टेलिफोन सेवामा उपलब्ध हुने पूरक सेवा हो । प्रयोगकर्ता (कार्यालय) ले टेलिफोनलाई नोटिस बोर्डको रूपमा प्रयोग गर्न सक्ने भएकाले टेलिफोनमा सम्पर्क गर्ने व्यक्तिले आफ्नो टेलिफोनमा छोटो सूचना वा जानकारी प्राप्त गर्न सक्छन् ।

**सी.सी. क्यामेरा** : कार्यालय परिसर समग्र र शाखागत सुरक्षाका निम्ति कार्यालय परिसरमा सी.सी. (Close Circuit Camera) क्यामेराको जडान र प्रयोग गर्नु उपयुक्त हुन्छ । यसबाट कार्यालय प्रमुखले आफ्नै कार्यकक्षबाट कार्यालय भित्र तथा बाहिर भएका गतिविधिहरूमा निगरानी राख्न सहयोग पुग्दछ भने सेवाग्राहीको चापलाई समेत आवश्यक व्यवस्थापन र निर्देशन गर्न सक्छन् ।

**पालो व्यवस्थापन प्रणाली** : सेवाग्राहीले कार्यालयबाट सेवा लिनका लागि टोकन लिने मेसिनको प्रयोग गरी सेवाग्राहीले देख्न सक्ने डिस्प्लेमा उक्त नम्बर आउने पद्धति (Queue Management System) ले समयको सदुपयोग र अनावश्यक भिड नियन्त्रण हुने तथा विचौलिया नियन्त्रणमा मद्दत मिल्छ ।

**मोबाईल एप्लिकेसन** : आफ्ना सूचना, जानकारी र गतिविधिहरू मोबाईलको माध्यमबाट जनसमक्ष पुऱ्याउन कार्यालयले आफ्नो आवश्यकता अनुसार मोबाईल एप्लिकेसन (Mobile App) बनाउन सक्दछन् । यस्को प्रयोगबाट सेवाग्राहीलाई सूचनाका लागि कार्यालय वा वेबसाइटमा गईरहनु पर्ने झन्झट रहँदैन।

**डिजिटल सोधपुछ कक्षको निर्माण र प्रयोग** : सोधपुछ र दर्ता चलानी कक्षलाई सूचना प्रविधि मैत्री बनाइ थप व्यवस्थित गर्न, सेवाग्राही र कर्मचारी दुवैको समयको सदुपयोग गरी दैनिक कार्यलाई सहज बनाउन आवश्यक पर्ने नागरिक वडापत्र, फारमहरू आदि सेवाग्राहीले फारम भरेर प्रिन्ट गर्न वा आवश्यक कागजात स्क्यान गर्न प्रिन्टर र स्क्यानर राख्न सकिन्छ।

# सन्दर्भ सामग्री

नेपालको संविधान, (२०७२)
स्थानीय सरकार सञ्चालन ऐन, २०७४
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
कर्मचारी समायोजन ऐन, २०७४
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
सुशासन (व्यवस्थापन तथा सञ्चालन)ऐन २०६४
सापकोटा, कृष्ण प्रसाद समेत, (२०७१), सङ्घीयता र स्थानीय स्वायत्त शासन, गाउँ विकास समिति, राष्ट्रिय महासङ्घ नेपाल, काठमाडौं ।
सेमिड नेपाल (२०७२, तेस्रो संस्करण): विकास व्यवस्थापनः सेन्टर फर इम्पावरमेन्ट इन्नोभेसन एण्ड डेभलपमेन्ट, एकान्त कुना, ललितपुर ।
Shah, Anwar (ed.) (2006), Local governance in developing countries, The World Bank, Washington D.C.
United Nations, Department of Economc and Social Affairs (2007). Toward participatory and transparent governance, reinventing government: United Nations, New York.
United Nations (2007). Auditing for social change: a strategy for citizen engagement in public sector accountability: United Nations, New York.
United Nations Development Programme (UNDP), GTZ (2008).Designing the federal state in Nepal: Constitutional Advisory Support Unit (UNDP)/ GTZ (2008), Kathmandu, Nepal.